गण्डकी प्रदेश सभा

# सार्वजनिक लेखा समिति

पोखरा, नेपाल




# वार्षिक प्रतिवेदन, २०८२


## गण्डकी प्रदेश सभा सचिवालय

गण्डकी प्रदेश सभा

नदिपुर, पोखरा

फोन नम्बरः ९८५६०११८४२

ईमेलः pacgandaki12@gmail.com

# मन्तव्य

**माननीय सभामुख महोदय,**

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५३ बमोजिम सार्वजनिक लेखा समितिको कार्यक्षेत्रभित्र विभिन्न निकायका सार्वजनिक लेखा सम्बन्धित अध्ययन तथा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले देखाएका वेरुजु सम्बन्धी विषयहरु रहेको कुरा त सम्मानित सभालाई अवगत नै छ। सोही अनुसार प्रदेश सरकारका मन्त्रालय र अन्तर्गतका निकायको सार्वजनिक लेखासँग सम्बन्धित नीति तथा कार्यक्रम, श्रोत परिचालन, व्यवस्थापन र अन्य यस्तै क्रियाकलापको मूल्याङ्कन गरी प्रदेश सरकारलाई जनउत्तरदायी र जवाफदेही वनाउनका लागि ती क्रियाकलापको अनुगमन र मूल्याङ्कन गरी आवश्यक राय सल्लाह र निर्देशन दिनु समितिको मुख्य कार्य रहेको छ । साथै महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखापरीक्षकद्वारा सम्पादित कार्यहरु र सो सम्बन्धमा सम्बन्धित निकायवाट हुनु पर्ने काम कारवाही कानूनसङ्गत र औचित्यपूर्ण तवरवाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिने तथा समितिको कार्यक्षेत्र भित्रका विषयमा प्राप्त उजुरी, निवेदन, सञ्चार माध्यममा आएका विषय, सरोकारवालाहरुले राखेको चासोका विषयमा छलफल गरी आवश्यक निर्देशन दिने लगायतका कार्यक्षेत्र रहेका छन। समितिले विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्न गत आर्थिक वर्ष १७ बुँदामा र चालु आर्थिक वर्षमा २६ बुँदामा निर्देशन तयार पारी सम्बन्धित मन्त्रालय तथा प्रदेश मातहतका विभिन्न निकायमा पठाई आवश्यक कामकारबाही अघि बढाइएको छ ।

**माननीय सभामुख महोदय,**

समितिको कार्यक्षेत्र भित्रको महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदनमाथि विचार विमर्श गरी सार्वजनिक खर्च गर्ने परिपाटीमा यसको नियमितता, औचित्यता, मितव्ययिता, कार्यदक्षता, पारदर्शीता र प्रभावकारिता तथा त्यसको कार्यान्वयन गर्नेतर्फ वाञ्छित प्रगति हुन सकेको छ वा छैन ? आर्थिक अनुशासन उल्लङ्घनकर्तालाई कानूनको दायराभित्र ल्याउन सकेको छ वा छैन ? सुशासन अभिवृद्धि गर्नेतर्फको काम कारबाहीको स्थिति सन्तोषजनक छ वा छैन ? भन्ने विषय अध्ययन गरी उल्लिखित कार्यहरुलाई दक्षतापूर्वक सञ्चालन गराउन अवलम्बन गर्नुपर्ने नीति वा कार्यप्रणालीबारे खुलाई सभामा प्रतिवेदन पेश गर्ने विषय यस समितिको कार्य क्षेत्र भित्र पर्दछ । यस प्रतिवेदनमा समितिद्वारा दिइएको विभिन्न निर्देशन तथा सम्पादित कार्यहरुलाई समेटिएको छ।

एकातर्फ प्रदेशमा बेरुजुको आकार बढ्दै गइरहेको अवस्था छ भने अर्कोतर्फ महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजु फछ्यौट, न्यूनीकरण तथा नियन्त्रणका लागि समितिले योजनावद्ध ढङ्गबाट निरन्तररुपमा छलफल गरी प्रतिवेदनमा

औंल्याइएको बेरुजुको सन्दर्भमा कार्य गरेको व्यहोरा अवगत नै छ।यस अवधिमा विभिन्न मन्त्रालयहरु, संवैधानिक निकाय, समिति तथा सचिवालयको नाममा रहेको महालेखापरीक्षकको छैटौ वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजु उपर दफावार छलफल गरी नीतिगत तथा प्रणालीगत विषयहरुमा सुधार गर्न, सुशासन तथा आर्थिक अनुशासन कायम गर्ने दिशामा आवश्यक राय, सुझाव तथा निर्देशनहरु दिइएको छ ।

महालेखापरीक्षकको प्रतिवेदनका सम्बन्धमा विभिन्न मितिमा भएका छलफलका आधारमा समितिले विभिन्न सुधारका विषयहरु समेत पहिचान गरेको छ। प्रदेश सरकारको राजस्वको नयाँ श्रोतहरु पहिचान गरी सरकारको आम्दानी र हालको कार्यप्रणालीमा व्यापक सुधार गरी सरकारको पूँजीगत खर्च गर्ने क्षमतामा वृद्धि गर्नुपर्ने हुन्छ । प्रचलित कानुनको पूर्ण कार्यान्वयन गर्न गराउन तथा कानुन कार्यान्वयन नगर्दा दण्डित हुने व्यवस्था मिलाउनु पर्दछ। प्रदेश सभाले स्वीकृत गरेभन्दा फरक शीर्षकमा रकमान्तर तथा स्रोतान्तर गर्न नपाईने कानुनी व्यवस्थाको पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्दछ । सार्वजनिक खरिद कार्य खुला, पारदर्शी, प्रतिष्पर्धी, वस्तुनिष्ठ र विश्वसनिय बनाउन एउटै योजना कार्यक्रमको बजेटलाई स्लाइसिङ र प्याकेजिङ गरी गरिने खरिद कार्यलाई नियन्त्रण गरी वित्तीय सुशासन कायम गर्नुपर्दछ । प्रदेश सरकारले प्रदान गरेको क्षेत्रगत अनुदानको हालसम्मको उपलब्धी मापन गरी अनुदानलाई खुला, पारदर्शी, वस्तुनिष्ठ, लागतप्रभावी, प्रतिफलमुलक र लक्षित वर्ग केन्द्रित तथा विश्वसनीय बनाउन मापदण्ड सहितको उपयुक्त कार्यविधि तयार गरी विवेकपूर्ण ढङ्गले अनुदान प्रदान गर्नुपर्दछ । अनुदान नीतिमा पुनरावलोकन गरेर सामाजिक न्याय कायम गर्न अनुगमन मुल्याङ्कनलाई वस्तुनिष्ठ, तथ्यपरक, वैज्ञानिक, समस्या केन्द्रित र उपलब्धीमुलक वनाउन प्रभावकारी अनुगमन मुल्याङ्कन कार्यविधि तथा कानून बनाई लागु गर्नुपर्दछ । बेरुजु फर्छ्यौटलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्दछ । कार्यालयसँग विशेषज्ञ जनशक्ति उपलब्ध हुँदाहुँदै पनि परामर्श सेवा खरिद गरी गरिने कार्य तत्काल नियन्त्रण गर्नुपर्ने साथै प्रदेश गौरवका आयोजनाहरुलाई तोकिएको लक्ष्य अनुरुप समयमै सम्पन्न हुनेगरी प्राथमिकतामा राखी बजेट विनियोजन गर्नुपर्ने लगायतका विषयमा समितिमा एकमत रहेको छ।

**माननीय सभामुख महोदय,**

सार्वजनिक लेखा समितिले प्रदेश सरकारले गर्ने रकमान्तर, स्वास्थ्यसँग सम्बन्धित उपकरण र औषधी खरीदको व्यवस्थापन, अनुदानका विभिन्न कार्यक्रम, उपभोक्ता समितिबाट कार्यान्वयन भैरहेका आयोजनाहरुमा भएको अनियमितता सम्बन्धी गुनासो सुनुवाई र निरन्तर वेरुजु फर्छ्यौटको अनुगमन गर्ने जस्ता कार्यहरुलाई प्राथामिकताका साथ सञ्चालन गर्दै आईरहेको छ ।

त्यसैगरी प्रदेश सरकारले अनुगमन मुल्याङ्कनमा गरेको खर्च र सोको उपलब्धी, आर्थिक विषयसँग सम्बन्धित कानूनहरुको पालना भए नभएको र समितिले समय समयमा दिएका निर्देशनहरुको कार्यान्वयनको अवस्थाको नियमित निगरानी गर्ने विषयलाई समेत आगामी दिनमा प्राथमिकतामा राखी कार्यान्वयन गर्दै लैजाने व्यहोरा समेत सभालाई जानकारी गराउन चाहान्छु ।

अन्त्यमा, समितिको कार्यलाई मार्गदर्शन गर्नुहुने माननीय सभामुखज्यू प्रति म हार्दिक आभार व्यक्त गर्दछु । साथै समितिका हरेक क्रियाकलापहरुमा सक्रियतापूर्वक सहभागी भई आ-आफ्नो भूमिका निर्वाह गर्नु हुने समितिका सम्पूर्ण माननीय सदस्यहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। समितिका विभिन्न बैठकहरुमा उपस्थित भई प्रदेश सरकारका काम कारबाहीका बारेमा जानकारी एवं समितिका निर्देशनहरु कार्यान्वयनमा सहयोग पुऱ्याउनु हुने गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु, संवैधानिक निकायका पदाधिकारीहरु, प्रदेश सरकारका प्रमुख सचिव, सचिव लगायत मन्त्रालय र मातहतका निकायका कर्मचारीहरुलाई समिति र मेरो तर्फबाट हार्दिक आभार प्रकट गर्दछु। समितिको काममा समन्वयात्मक सहयोग पुऱ्याउनु हुने गण्डकी प्रदेश सभा सचिवालयका प्रदेश सभा सचिव एवं प्रतिवेदन तयारीमा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने समिति सचिव लगायत सम्पूर्ण कर्मचारीहरु, पत्रकार मित्रहरु र विभिन्न संघ संस्थाका प्रतिनिधिहरु समेतलाई समितिको तर्फबाट म हार्दिक धन्यवाद दिन चाहन्छु।

**माननीय सभामुख महोदय,**

माननीय सभामुख महोदयको अनुमतिले अब म गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १६८ को उप नियम (१) बमोजिम सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०८२ सम्मानित सभा समक्ष स्वीकृतिका लागि पेश गर्दछु ।

धन्यवाद ।

मितिः २०८२ साल जेठ २५ गते आइतबार

**(सुधिर कुमार पौडेल)**
*सभापति*
सार्वजनिक लेखा समिति
गण्डकी प्रदेश सभा

# विषय सूची


| | |
|---|---|
| | **पेज नं** |
| **खण्ड एक : सार्वजनिक लेखा समितिको परिचय** | **१-४** |
| १.१. सार्वजनिक लेखा समितिको परिचय | १ |
| १.२. सार्वजनिक लेखा समितिको कार्यक्षेत्र | २ |
| १.३. सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार | २ |
| १.४. सार्वजनिक लेखा समितिमा रहनुभएका माननीय सदस्यहरुको नामावली | ३ |
| १.५. समिति सचिवालय | ४ |
| **खण्ड दुई : सार्वजनिक लेखा समितिले आ.व. २०८१/०८२ मा गरेका मुख्य-मुख्य गतिविधि** | |
| २.१. गतिविधि सारांश | ५-६ |
| २.२. महालेखा परीक्षकको प्रतिवेदन छलफलको लागि समितिले अपनाएको कार्यविधि | ७ |
| २.३. आ.व. २०८१/०८२ मा सार्वजनिक लेखा समितिको बैठकका निर्णयहरु | ७-२२ |
| २.४. निर्णय कार्यान्वयनको अवस्था | २२-२४ |
| २.५. कार्यप्रगति विवरण | २४ |
| २.६. समितिमा माननीय सदस्यको उपस्थिति विवरण | २५ |
| **खण्ड तीन : महालेखा परीक्षकको छैटौं प्रतिवेदनमा उल्लेखित बेरुजु, मन्त्रालयको जवाफ तथा समितिको निर्देशन** | **२६** |
| ३.१ गण्डकी प्रदेश सभा सचिवालय | २७-२९ |
| ३.२ मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | ३०-४४ |
| ३.३ आर्थिक मामिला मन्त्रालय | ४४-६३ |
| ३.४ उर्जा,जलस्रोत तथा खानेपानी मन्त्रालय | ६३-७२ |
| ३.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७२-८९ |
| ३.६ भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ९०-१०४ |
| ३.७ भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | १०५-१२८ |
| ३.८ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | १२८-१५४ |
| ३.९ प्रदेश नीति तथा योजना आयोग | १५५-१५९ |

३.१० प्रदेश लोक सेवा आयोग १५९-१६०

३.११ मुख्य न्याधिवक्ताको कार्यालय १६०-१६१

**खण्ड चार : निष्कर्ष र सुझाव**

४.१. महालेखा परीक्षकको प्रतिवेदनका सम्बन्धमा समितिको निष्कर्ष र सुझाव १६२-१६६

**अनूसूची (फोटोहरु)**

अनूसुची १ - सार्वजनिक लेखा समितिका पदाधिकारी १६७

अनूसुची २ - सचिवलायका कर्मचारीहरु १६८

अनूसुची ३ - सार्वजनिक लेखा समितिको बैठकका केही झलकहरु १६९-१७१

# खण्ड एक
# सार्वजनिक लेखा समितिको परिचय

## १.१. सार्वजनिक लेखा समितिको परिचय

संसदीय अभ्यासको एक महत्त्वपूर्ण विशेषता संसदीय समितिहरूको व्यवस्था हो। नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले विभिन्न समितिहरु गठन गर्न सक्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार प्रदेश सभा नियमावली, २०८० को नियम १५२ ले विभिन्न चार विषयगत समितिको व्यवस्था गरेको छ । विषयगत समितिहरुमध्ये सार्वजनिक लेखा समिति एक महत्वपूर्ण समिति रहेको छ । नियमावलीको व्यवस्था अनुसार नै मिति २०८० साल साउन ३० गते गठन भई गण्डकी प्रदेश सभा, सार्वजनिक लेखा समितिले आफ्नो कार्यक्षेत्र अनुसारका कामकारवाही निरन्तर सम्पादन गर्दै आएको छ ।

विश्व इतिहासलाई हेर्ने हो भने सार्वजनिक लेखा समितिको गठन बेलायतमा सन् १८६१ मा भएको थियो । सदनमा रहेको दलीय उपस्थितिको प्रतिनिधित्व हुने गरी बढीमा १५ सदस्य रहने उक्त समितिले गैरराजनीतिक रूपमा काम गर्ने अपेक्षा गरिएको थियो । राज्यकोषको खर्च संसदले चाहेबमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य रहेको थियो।

नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ सालदेखि नै सुरुवात भएको पाइन्छ। २०१६ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था नै गरिएको थियो । राज्य पुनर्संरचनामा गएसँगै नेपालको संविधानले प्रत्येक प्रदेशमा एक प्रदेश सभा रहने तथा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार गण्डकी प्रदेश सभा नियमावली, २०८० ले बढीमा १५ सदस्य रहने गरी सार्वजनिक लेखा समिति गठन गर्न सक्ने व्यवस्था गरेको छ । नियमावलीको व्यवस्था अनुसार समितिमा १५ जना सदस्य रहने गरी गण्डकी प्रदेश सभाको सार्वजनिक लेखा समिति गठन भएको छ ।

## १.२. सार्वजनिक लेखा समितिको कार्यक्षेत्र

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५३ अनुसार सार्वजनिक लेखा समितिको कार्यक्षेत्र सार्वजनिक लेखा, महालेखा परीक्षकको वार्षिक प्रतिवेदन र सार्वजनिक लेखा सम्बन्धी विषय र निकाय रहेको छ ।

## १.३. सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५८ बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहेको छ ।

(क) प्रदेश सरकारका मन्त्रालय र अन्तर्गतका निकायको सार्वजनिक लेखासँग सम्बन्धित नीति तथा कार्यक्रम, श्रोत परिचालन, व्यवस्थापन र अन्य यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने तथा समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन सभामा पेस गर्ने,

(ख) प्रदेश सरकारलाई जनउत्तरदायी र जवाफदेही बनाउनका लागि प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सुझाव दिने,

(ग) सार्वजनिक लेखा समितिले सभामा पेस गरिएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखापरीक्षकद्वारा सम्पादित काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनु पर्ने काम कारबाही कानूनसङ्गत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिने,

(घ) सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

(ण) समितिको कार्यक्षेत्रभित्रका विषयमा प्राप्त उजुरी, निवेदन, सञ्चार माध्यममा आएका विषय, सरोकारवालाको चासो एवम् समितिले आवश्यक ठानेका विषयमा जाँच गरी आवश्यक निर्देशन दिने,

(च) प्रदेश भित्रका सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन, राय वा सुझाव दिने र सभामा प्रतिवेदन पेस गर्ने,

(छ) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,

(ज) सार्वजनिक वा सरकारी आय व्यय, खर्च प्रणाली, सार्वजनिक सम्पत्ति, ऋण सहायताको कानून अनुसार सुरक्षा, व्यवस्थापन र सञ्चालनको नियमनलाई दायरा मानिने,

(झ) समितिले दिएको निर्देशन कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी सभामा प्रतिवेदन पेस गर्ने,

(ञ) सभाद्वारा तोकिएको अन्य कार्य गर्ने ।

## १.४. सार्वजनिक लेखा समितिमा रहनुभएका माननीय सदस्यको नामावली

| क्र.सं. | नाम, थर | पदाधिकार | सम्बद्ध दल | कैफियत |
|---|---|---|---|---|
| १ | मा. सुधिर कुमार पौडेल | सभापति | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | |
| २ | मा. कल्पना तिवारी | सदस्य | नेपाली काँग्रेस | |
| ३ | मा. खगराज अधिकारी | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४५ औं बैठकसम्म |
| ४ | मा. गोविन्द बहादुर नेपाली | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४६ औं बैठकबाट |
| ५ | मा. जित प्रकाश आले | सदस्य | नेपाली काँग्रेस | |
| ६ | मा. जित बहादुर शेरचन | सदस्य | नेपाली काँग्रेस | |
| ७ | मा. टिका कुमारी बस्याल | सदस्य | नेपाली काँग्रेस | |
| ८ | मा. दोर्ण कुमार कुँवर | सदस्य | नेपाली काँग्रेस | |
| ९ | मा. नन्दकला दमै नेपाली | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | |
| १० | मा. निर्मला थापा | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | |
| ११ | मा. पञ्चराम गुरुङ | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| १२ | मा. बेद बहादुर गुरुङ | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४६ औं बैठकबाट |
| १३ | मा. भीम बहादुर कार्की | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | |
| १४ | मा. रेशम बहादुर जुग्जाली | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | |

| क्र.सं. | नाम, थर | पदाधिकार | सम्बद्ध दल | कैफियत |
|---|---|---|---|---|
| १५ | मा. सरस्वती गुरुङ | सदस्य | नेपाली काँग्रेस | |
| १६ | मा. सुशिला सिंखडा | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | |

## १.५. समिति सचिवालय

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १७१ मा समिति सचिवालयको व्यवस्था रहेको छ । उक्त नियममा प्रदेश सभा सचिवालय अन्तर्गत प्रत्येक समितिको सचिवालय रहने, प्रदेश सभा सचिव प्रत्येक समितिको पदेन सचिव हुने, सचिवले आफू मातहतको अधिकृतलाई सभाको कुनै समितिको सचिव भई काम गर्न तोक्न सक्ने र समितिको सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुर्याउन सभापतिसँग समन्वय गरी सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग गर्न सक्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार सार्वजनिक लेखा समिति सचिवालयमा निम्नानुसारका कर्मचारी कार्यरत रहेका छन् ।

| क्र.स. | पद | नाम थर | समिति सविवालयमा जिम्मेवारी |
|---|---|---|---|
| १ | प्रदेश सभा सचिव | श्री हरिराज पोखरेल | पदेन सचिव |
| २ | उपसचिव | श्री प्रेम सुवेदी | समिति सचिव (२०८२ वैशाख ३ गते देखि सरुवा) |
| ३ | उपसचिव | श्री हरि बहादुर खपाङ्गी मगर | समिति सचिव (२०८२/१/७ देखि हालसम्म) |
| ४ | लेखा अधिकृत | श्री पदमराज बराल | अधिकृत कर्मचारी |
| ५ | अधिकृत छैठौं | श्री चन्द्रकला बस्नेत | अधिकृत कर्मचारी |
| ६ | नायव सुब्बा | श्री विमल के.सी. | सहायक कर्मचारी |
| ७ | सह लेखापाल | श्री जागृती गिरी | सहायक कर्मचारी |
| ८ | माइक संचालक | श्री कल्पना त्रिपाठी | फोटो र भिडियो सहायक |
| ९ | कार्यालय सहयोगी | श्री धन बहादुर प्याकुरेल | कार्यालय सहयोगी |

# खण्ड दुई

## सार्वजनिक लेखा समितिले हालसम्म सम्पन्न गरेका मुख्य-मुख्य गतिविधि

### २.१. गतिविधि सारांश

गण्डकी प्रदेश सभाका ४ वटा विषयगत समितिमध्येको सार्वजनिक लेखा समिति एउटा महत्वपूर्ण समितिको रुपमा रहेकोछ। प्रदेश सभा नियमावली, २०८० को नियम १५२ ले व्यवस्था गरे बमोजिम यो समिति गठन भई २०८० असोज २१ मा पहिलो बैठक बसेको थियो। साल २०८१ मा समितिले आफ्नो वार्षिक प्रतिवेदन २०८०/०८१ सम्मानित सभामा २०८१ साल जेठ २९ गते समितिका सभापति माननीय सुधिर कुमार पौडेलज्यूले पेश गर्नु भएको थियो। यस आ.व. २०८१/०८२ मा २०८२ साल जेठ २५ गते गण्डकी प्रदेश सभामा पेश गर्नुभएको छ।

१. संघीय संसद, प्रतिनिधि सभा सार्वजनिक लेखा समितिका सभापति माननीय ऋषिकेश पोखरेल, सदस्य माननीय संजय गौतम र माननीय राजन केसी तथा लुम्बिनी प्रदेश सभा सार्वजनिक लेखा समितिका सभापति माननीय माया पुन, सदस्य माननीय सरिता पुन र माननीय धनलक्ष्मी श्रेष्ठसँग यस गण्डकी प्रदेश सभा, सार्वजनिक लेखा समितिका माननीय सभापति सहित सदस्यहरुबीच अनुभव आदान-प्रदान तथा अन्तरक्रिया कार्यक्रम मिति २०८१/३/१८ गतेमा भएको थियो।

२. मिति २०८१ मंसिर १२ गते विभिन्न सरकारी निकायका प्रतिनिधि, प्रदेश स्थित पत्रकार, नागरिक समाजका प्रतिनिधि, निजी क्षेत्रका प्रतिनिधि, विभिन्न सरकारी निकायका प्रतिनिधि, विभिन्न संघ संस्थाका प्रतिनिधि तथा प्रदेश स्थित वौद्धिक व्यक्तित्व समेतको राय सुझाव ग्रहण गरेको थियो । साथै, यस अवधिमा समितिले, बेरुजु फस्यौंटमा तदारुकताका साथ कार्ययोजना बनाई कार्य गर्न र समयमै सम्परीक्षण गराई फरफारक गर्न/गराउन तथा आर्थिक प्रशासन सञ्चालन गर्दा कम भन्दा कम बेरुजु कायम गर्ने गराउने तर्फ ध्यान दिन समेत निर्देशन दिईएको छ ।

३. मिति २०७९ मंसिर ४ गते सम्पन्न भएको प्रदेश सभा सदस्य निर्वाचनमा नेपाली कांग्रेसबाट समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत गण्डकी प्रदेश सभामा निर्वाचित प्रदेश सभाका सदस्य विमला गौचनको मिति २०८१ कार्तिक २८ गते ग्राण्डी अस्पातालमा भएको असामायिक निधनको शोक प्रकट गर्दै दिवंगत आत्माप्रति श्रद्धाञ्जली अर्पण र शोकशन्तव्द परिवारप्रति समवेदना प्रकट गरिएको।

४. सार्वजनिक लेखा समितिको चक्लाबन्दी र होमस्टेको अनुगमन प्रतिवेदन तयार गरिएको।

५. गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यूसँग सार्वजनिक लेखा समितिले दिएको निर्देशन कार्यान्वयनको विषयमा छलफल भएको।

६. महालेखापरीक्षकको छैटौं बार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गतका सबै मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा छलफल भएको ।

७. मिति २०८१/१०/३० गते गण्डकी प्रदेशमा लेखा परीक्षण, बेरुजु फर्छयौट तथा सम्परीक्षण सम्बन्धमा महालेखापरीक्षक माननीय तोयम राया, गण्डकी प्रदेश सभाका सभामुख माननीय कृष्ण प्रसाद धिताल, गण्डकी प्रदेश सभाका उपसभामुख माननीय बिना कुमारी थापा, अर्थ तथा विकास समितिका सभापति माननीय भोजराज अर्याल तथा सार्वजनिक लेखा समितिका माननीय सभापति एवम् समिति सदस्यहरुको उपस्थितिमा छलफल भएको।

८. मिति २०८१/१२/१२ गते सार्वजनिक लेखा समिति, सुदुरपश्चिम प्रदेश सभा तथा सार्वजनिक लेखा समिति, गण्डकी प्रदेश सभाबिच गण्डकी प्रदेश सभा परिसरमा अनुभव आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।

९. मिति २०८२/१/२ गते सार्वजनिक लेखा समितिबाट लुम्बिनी तथा कर्णाली प्रदेश सभाको स्थलगत अवलोकन, अनुभव आदानप्रदान तथा अन्तर्किया कार्यक्रम सम्पन्न भएको।

१०. मिति २०८२/०१/०८ गते सार्वजनिक लेखा समिति, कोशी प्रदेश सभा तथा सार्वजनिक लेखा समिति, गण्डकी प्रदेश सभाबीच गण्डकी प्रदेश सभा परिसरमा अनुभव आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रम भएको।

त्यसै गरी यस समितिले प्रदेशको आर्थिक गतिविधि राजस्वको दायरा बढाउने सम्बन्धी, वजेट खर्चको प्रकृति, सार्वजनिक सेवाप्रवाहको अवस्था, कार्यक्रम कार्यान्वयनको अवस्था, प्रत्यक्ष अनुदानवाट प्राप्त उपलब्धी, अनुगमनको प्रभावकारीता जस्ता विभिन्न क्षेत्रहरुका सन्दर्भमा सम्बन्धित मन्त्रालयका मन्त्री तथा सचिवसँग समेत छलफल गरी विभिन्न विषयमा निर्देशन दिएको छ।

## २.२. महालेखापरीक्षकको प्रतिवेदन छलफलको लागि समितिले अपनाएको कार्यविधि

महालेखा परीक्षकको छैटौं प्रतिवेदनमाथि समितिको अध्ययन र छलफल मिति २०८१ साल मंसिर ४ गते बाट सुरु भएको र उक्त अवधिसम्म १६ औं बैठक सम्पन्न भएको थियो । समितिको उक्त वैठकको अवधिसम्म महालेखापरीक्षकको पहिलोदेखि पाँचौ प्रतिवेदनमा उल्लिखित सवै मन्त्रालय तथा निकायको वेरुजु सम्बन्धमा छलफल भएको थियो। सार्वजनिक लेखा समितिको आगामी कार्यलाई व्यवस्थित गर्ने गरी निम्न कार्यविधि बमोजिम हुने गरी महालेखापरीक्षकको छैटौं प्रतिवेदनको अध्ययन र छलफल, विगतमा ५ वटा प्रतिवेदनमा उल्लिखित बेरुजु सम्बन्धी मन्त्रालय एवम् निकायको प्रगति विवरण तथा यस समितिद्वारा दिइएका निर्देशनको कार्यान्वयनको अवस्था सम्बन्धी कार्य यस अवधिभर सम्पन्न गरिएको थियो।

**महालेखापरीक्षकको प्रतिवेदन छलफल गर्न समितिले अपनाउने कार्यविधि**

१. सवै मन्त्रालय र निकायका लेखा उत्तरदायी अधिकृतसँग वेरुजु फर्छ्यौटको प्रगति र समस्याका विषयमा छलफल।
२. सवै लेखा उत्तरदायी अधिकृत र महालेखापरीक्षकका प्रतिनिधि सहित समितमा छलफल र निर्देशन।
३. उपसमिति गठन गरी उपसमितिमा वा समितिमा महालेखापरीक्षकका कार्यालयका प्रतिनिधिको उपस्थितिमा दफावार छलफल गरी मस्यौदा प्रतिवेदन तयारी।
४. सम्बन्धित मन्त्रालयका मन्त्री सहितको उपस्थितिमा समितिमा छलफल गरी प्रतिवेदनलाई अन्तिम रुप दिने।
५. अन्तिम प्रतिवेदन सभामा पेश ।

## २.३. आ.व. २०८१/०८२ मा सार्वजनिक लेखा समितिको बैठकका निर्णयहरु

| क्र.स. (बै.सं.) | बैठक बसेको मिति | मुख्य निर्णयहरु |
|---|---|---|
| १ (१७) | २०८१/०८/०४ | १. सार्वजनिक लेखा समितिको क्षेत्र, गतिविधि र कार्य प्रभावकारिता विषयमा सरोकारवालाहरुसँगको छलफलबाट प्राप्त सुझाव ग्रहण गरी आगामी बैठकहरुमा छलफल गर्ने । |
| २ (१८) | २०८१/०८/१२ | १. सार्वजनिक लेखा समितिमा प्राप्त बेरुजु फछ्यौट सम्बन्धि प्रगति विवरण अन्तर्गत स्वास्थ्य मन्त्रालयको बेरुजु फछ्यौट शुन्य प्रतिशत देखिएको सन्दर्भमा समितिको ध्यानआकर्षण भएको र सो सन्दर्भमा विस्तृत छलफल गर्न स्वास्थ मन्त्रालयका विभागिय मन्त्री र लेखा उत्तरदायी अधिकृत (स्वास्थ्य मन्त्रालयका सचिव) को उपस्थितिमा मिति २०८१ साल मंसिर |

| क्र.स. (बै.सं.) | बैठक बसेको मिति | मुख्य निर्णयहरु |
|---|---|---|
| | | १८ गते दिनको ११ बजे समितिको बैठक बस्ने ।<br>२. सार्वजनिक लेखा समितिको आगामी बैठक तथा कार्यक्रमको मस्यौदा तयार गर्न सचिवालयलाई निर्देशन दिने ।<br>३. सार्वजनिक लेखा समितिको चक्लाबन्दी र होमस्टेको अनुगमन प्रतिवेदनमा समावेश गर्नुपर्ने थप विषयहरु सहितको राय सुझाव माननीय समिति सदस्यले सचिवालयमा उपलब्ध गराउने र प्राप्त राय/सुझाव समेटी सचिवालयले प्रतिवेदन मस्यौदा तयार गर्ने ।<br>४. गण्डकी प्रदेशको महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन उपर २०८१ साल मंसिर १७ गतेबाट दफादार छलफल सुरु गर्ने र मंसिर १७ गतेको बैठकमा स्वास्थ मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय र सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको छलफल गर्ने ।<br>५. मिति २०७९ मंसिर ४ गते सम्पन्न भएको प्रदेश सभा सदस्य निर्वाचनमा नेपाली कांग्रेसबाट समानुपातिक निर्वाचन प्रणाली अन्तरगत गण्डकी प्रदेश सभामा निर्वाचित प्रदेश सभाका सदस्य विमला गौचनको मिति २०८१ कार्तिक २८ गते ग्राण्डी अस्पतालमा भएको असामयिक निधनको शोक प्रकट गर्दै दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण र शोकशन्तव्द परिवारप्रति समवेदना प्रकट गरिएको ।<br>६. गण्डकी प्रदेश सभाका माननीय सभामुख श्री कृष्ण प्रसाद धितालकी ममतामयी माता श्री चित्र कुमारी धितालको ८५ वर्षको उमेरमा मिति २०८१ मंसिर ११ गते असामयिक निधनको शोक प्रकट गर्दै दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण र शोकशन्तव्द परिवारप्रति समवेदना प्रकट गरिएको । |
| ३ (१९) | २०८१/०८/१७ | १. समितिको १८ औं बैठकमा प्रस्तुत प्रदेश सरकारका मन्त्रालय तथा निकायको बेरुजु फछ्र्यौट सम्बन्धि प्रगति विवरणमध्ये स्वास्थ्य मन्त्रालयको बेरुजु फछ्यौट्को प्रगति शुन्य देखिएको हुँदा सो सम्बन्धमा विभागिय मन्त्री र सचिवको उपस्थितिमा छलफल भयो । मन्त्रालयको बेरुजु फछ्र्यौटमा तदारुकताका साथ लागी सोको प्रगति नियमित रुपमा समितिमा पठाउन निर्देशन दिईएको ।<br>२. महालेखा परीक्षकको छैटौ वार्षिक प्रतिवेदन, २०८१ मा स्वास्थ्य मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय र सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयमा देखिएका बेरुजु, बेरुजुका कारण, बेरुजु फछ्यौटको लागि हालसम्म गरिएका प्रयासहरु, समाधानका उपाय लगायत अन्य |

| क्र.स. (बै.सं.) | बैठक बसेको मिति | मुख्य निर्णयहरु |
|---|---|---|
| | | विषयमा सम्बन्धित मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरुसँग छलफल भयो । उपरोक्त विषयमा थप अध्ययन गरी आगामी बैठकमा उपस्थित हुँदा बेरुजु फछ्यौट सम्बन्धी वस्तुनिष्ठ विवरण सहित उपस्थित कुन लेखा उत्तरदायी अधिकृतहरुलाई निर्देशन दिइएको ।<br>३. समितिको अर्को बैठक मिति २०८१ साल मंसिर १८ गते मंगलवार विहान ११:०० वजे बस्ने । |
| ४ (२०) | २०८१/०८/१८ | १. महालेखा परीक्षकको छैटौं बार्षिक प्रतिवेदन, २०८१ मा भौतिक पूर्वाधार विकास तथा यातयात व्यवस्था मन्त्रालय, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र आर्थिक मामिला मन्त्रालयमा देखिएका बेरुजु, बेरुजुका कारण, बेरुजु फछ्यौटको लागि हालसम्म गरिएका प्रयासहरु, समाधानका उपाय लगायत अन्य विषयमा सम्बन्धित मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरुसँग छलफल भयो। उपरोक्त विषयमा थप अध्ययन गरी आगामी बैठकमा उपस्थित हुँदा बेरुजु फछ्यौट सम्बन्धी वस्तुनिष्ठ विवरण सहित उपस्थित हुन लेखा उत्तरदायी अधिकृतहरुलाई निर्देशन दिइएको ।<br>२. समितिको अर्को बैठक मिति २०८१ साल मंसिर १९ गते मंगलबार बिहान ११:०० बजे बस्ने । |
| ५ (२१) | २०८१/०८/१९ | महालेखा परीक्षकको छैटौं बार्षिक प्रतिवेदन, २०८१ मा भौतिक पूर्वाधार विकास तथा यातयात व्यवस्था मन्त्रालय, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र आर्थिक मामिला मन्त्रालयमा देखिएका बेरुजु, बेरुजुका कारण, बेरुजु फछ्यौटको लागि हालसम्म गरिएका प्रयासहरु, समाधानका उपाय लगायत अन्य विषयमा सम्बन्धित मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरुसँग छलफल भयो। उपरोक्त विषयमा थप अध्ययन गरी आगामी बैठकमा उपस्थित हुँदा बेरुजु फछ्यौट सम्बन्धी वस्तुनिष्ठ विवरण सहित उपस्थित हुन लेखा उत्तरदायी अधिकृतहरुलाई निर्देशन दिइएको । |
| ६ (२२) | २०८१/०८/२१ | महालेखा परीक्षकको छैटौं बार्षिक प्रतिवेदन, २०८१ मा भौतिक पूर्वाधार विकास तथा यातयात व्यवस्था मन्त्रालय, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र आर्थिक मामिला मन्त्रालयमा देखिएका बेरुजु, बेरुजुका कारण, बेरुजु फछ्यौटको लागि हालसम्म गरिएका प्रयासहरु, समाधानका उपाय लगायत अन्य विषयमा सम्बन्धित मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरुसँग छलफल भयो। उपरोक्त विषयमा थप अध्ययन गरी आगामी बैठकमा उपस्थित हुँदा बेरुजु फछ्यौट सम्बन्धी वस्तुनिष्ठ विवरण सहित |

| क्र.स. (बै.सं.) | बैठक बसेको मिति | मुख्य निर्णयहरु |
|---|---|---|
| | | उपस्थित हुन लेखा उत्तरदायी अधिकृतहरुलाई निर्देशन दिइएको । |
| ७ (२३) | २०८१/०९/१६ | महालेखा परीक्षकको छैटौं बार्षिक प्रतिवेदन, २०८१ मा भौतिक पूर्वाधार विकास तथा यातयात व्यवस्था मन्त्रालय, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र आर्थिक मामिला मन्त्रालयमा देखिएका बेरुजु, बेरुजुका कारण, बेरुजु फछ्यौटको लागि हालसम्म गरिएका प्रयासहरु, समाधानका उपाय लगायत अन्य विषयमा सम्बन्धित मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरुसँग छलफल भयो। उपरोक्त विषयमा थप अध्ययन गरी आगामी बैठकमा उपस्थित हुँदा वेरुजु फछ्यौट सम्बन्धी वस्तुनिष्ठ विवरण सहित उपस्थित हुन लेखा उत्तरदायी अधिकृतहरुलाई निर्देशन दिइएको । |
| ८ (२४) | २०८१/०९/१७ | महालेखा परिक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्वन्धमा गण्डकी प्रदेश अन्तर्गतका प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र वन तथा वातावरण मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र महालेखा परिक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा छलफल भएको । |
| ९ (२५) | २०८१/०९/१८<br>विहान ८.३० | गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यूसँग सार्वजनिक लेखा समितिले दिएको निर्देशन कार्यान्वयनको विषयमा छलफल गरियो। |
| १० (२६) | २०८१/०९/१८<br>दिउसो १२.३० | महालेखा परिक्षकको छैटौं बार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, उद्योग तथा पर्यटन मन्त्रालय र आर्थिक मामिला मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र महालेखा परिक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा छलफल गरियो। |
| ११ (२७) | २०८१/०९/२८ | महालेखा परिक्षकको छैटौं बार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत भौत्तिक पूर्वाधार विकास तथा यातयात व्यवस्था मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र महालेखा परिक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा छलफल गरियो । |
| १२ (२८) | २०८१/१०/०८ | १. जिल्ला अस्पतालमा रहेको बेरुजु फछ्यौट गर्ने विषयलाई प्राथमिकतामा राखी फछ्यौट गरी सोको प्रगति विवरण १ महिनाभित्र समितिलाई उपलब्ध गराउन स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिने ।<br>२. EHS लागू भएका प्रदेश सरकार अन्तर्गतका अस्पतालको विवरण र सो प्रयोजनको लागि प्रयोग भएको EHS Guidelines सार्वजनिक लेखा |

| क्र.स. (बै.सं.) | बैठक बसेको मिति | मुख्य निर्णयहरु |
|---|---|---|
| | | समितिलाई १५ दिन भित्र उपलब्ध गराउन स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिने । <br>३. जिल्ला अस्पताल लगायत प्रदेश अन्तर्गतका अस्पतालमा हालसम्म प्रयोग नभएका वा मर्मत गरी प्रयोग गर्न सकिने स्वास्थ्य उपकरण कुन कुन अस्पतालमा रहेका छन र ती सञ्चालन हुन नसक्नुको कारण सहितको विवरण सार्वजनिक लेखा समितिलाई १ महिना भित्र उपलब्ध गराउन तथा ती उपकरणको उचित व्यवस्थापन गरी स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्वास्थ मन्त्रालयलाई निर्देशन दिने । <br>४. गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयअन्तर्गतको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट पछिल्लो तिन वर्षमा खरिद गरिएका विभिन्न प्रकारका औषधिको खरिद प्रक्रिया, खरिद मिति, लागत अनुमान, प्राविधिक स्पेशिफिकेसन, विभिन्न प्रकारका औषधिको खरिद परिमाण, खरिद मुल्य, औषधि खपतको विवरण, हाल सम्मको औषधिको मौज्दात, औषधि खरिदको लागि वोलपत्र पेश गर्ने कम्पनी वा संस्थाको नाम, ठेगाना, दर्ता नं. र दर्ता भएको संस्थाको विवरण, औषधि खरिदको लागि संम्झौता गरिएको संस्थाको नाम, ठेगाना समेतका विवरण पछि फरक नपर्ने गरी लेखा समितिलाई १ महिना भित्र उपलब्ध गराउन स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिने । <br>५. प्रदेश शिक्षा सम्बन्धी, जनस्वास्थ्य सम्बन्धी आधारभूत तथा आकष्मिक सेवाका लागि औषधि खरिद सम्बन्धी, घरेलु मदिरा व्यवस्थापन सम्बन्धी, गाँजा खेती व्यवस्थापन सम्बन्धि, बजार व्यवस्थापन सम्बन्धी विधेयक लगायत प्रदेश सरकारले प्रभावकारी संघीयता कार्यान्वयनका लागि बनाउनुपर्ने विधेयकहरु यथाशिघ्र तयार गरी प्रदेश सभामा पेश गर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्वास्थ्य मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका साथै प्रदेश सरकारका सबै मन्त्रालयलाई निर्देशन दिने । <br>६. बजार अनुगमन नियमावली, २०७६ ले तोकेका सबै क्षेत्र पर्ने गरी उपयुक्त नमूना छनौट विधि प्रयोग गरी बैज्ञानिक आधारमा नमूना छनौट गरी नियमित बजार अनुगमन गर्ने र उक्त बजार अनुगमनबाट प्राप्त हुने राजस्व प्रदेश सरकारको सञ्चित कोषमा जम्मा हुने आवश्यक व्यवस्थापन मिलाउनुका साथै बजार अनुगमन लक्ष्य पुरा गर्ने प्रयोजनका लागि मात्रै सिमित नगरी अनुगमन मार्फत विद्यमान समस्याहरु पहिचान गरी ती |

| क्र.स. (बै.सं.) | बैठक बसेको मिति | मुख्य निर्णयहरु |
|---|---|---|
| | | समस्या समाधान गर्ने उदेश्य राखि कार्यक्रम तयार गरी कार्यान्वयन गर्न उद्योग तथा पर्यटन मन्त्रालयलाई निर्देशन दिने ।<br>७. भौतिक पूर्वाधार, कृषि तथा खानेपानीका योजना चयन गर्दा समन्वयको अभावले एकै ठाउँमा संघ, प्रदेश र स्थानीय तहले आयोजनाको लागि बजेट विनियोजन गर्ने गरेको पाइएकाले उपरोक्त अवस्थाको अन्त्य गर्ने गरी खानेपानीका योजना छनौट गर्ने समयमा नै तिनै तहका सरकारसँग आवश्यक समन्वय गरी योजनाको दोहोरोपना हटाउने व्यवस्था मिलाउन उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, कृषि तथा भूमि व्यवस्था मन्त्रालय र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।<br>८. अन्तरप्रदेश भ्रमण शिर्षकमा सबै मन्त्रालय, आयोग तथा सचिवालयमा बजेट खर्च भएको देखिएको तर भ्रमणबाट प्रदेश सरकारलाई ठोस उपलब्धि हासिल भएको नपाईएकाले औचित्य र उपलब्धिका आधारमा मात्र अन्तर प्रदेश भ्रमण हुने व्यवस्था मिलाउन आर्थिक मामिला मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने।<br>९. कृषकले उत्पादन गरेको उपजको बजार व्यवस्थापन नहुँदा कृषि उत्पादन खेर जाने गरेको अवस्थालाई समेत मध्यनजर गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउनका साथसाथै सोको उचित बजार व्यवस्थापन गर्ने कार्यमा समेत सहजीकरण हुनेगरि स्थानीय तहसँग समेत समन्वय र सहकार्य गरी उपयुक्त बजार व्यवस्थापन कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने र उक कार्ययोजना यस समितिलाई समेत उपलब्ध गराउन कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने।<br>१०. महालेखा परीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ को मन्त्रालयगत छलफलको क्रममा लेखा समूहका कर्मचारी अभाव रहेको भन्ने गुनासो प्राप्त भएकाले लेखा समुहका कर्मचारी व्यवस्थापनलाई प्राथमिकता दिई अभाव पूर्ति गर्न आवश्यक व्यवस्था मिलाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने।<br>११. प्रदेश सरकारको राजस्वको दायरा बढाउन तथा राजस्वका थप क्षेत्रको पहिचान गर्न आवश्यक कानूनी आधार, थप कानूनी व्यवस्थाको आवश्यकता र हाल बाधक कानूनको पहिचान गरी कार्यान्वयन योग्य राजस्व दायरा विस्तार सम्बन्धि कार्ययोजना तयार गर्न प्रदेश सभा सदस्य समेतको प्रतिनिधित्व रहने गरी समिति गठन गर्न मुख्यमन्त्री तथा |

| क्र.स. (बै.सं.) | बैठक बसेको मिति | मुख्य निर्णयहरु |
|---|---|---|
| | | मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला मन्त्रालयलाई निर्देशन दिने।<br>१२. योजना आयोगले बजेटको सीमा निर्धारण गरी सिफारिस गर्दा बास्तविक र बस्तुनिष्ठ आधारमा रही निर्धारण गर्न र योजनामा विनियोजित बजेट अपुग हुने समस्या समाधान गर्ने आवश्यक कार्ययोजना तथा मापदण्ड बनाई लागू गर्न नीति तथा योजना आयोग, आर्थिक मामिला मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने ।<br>१३. प्रदेश सरकारले निर्माण गरेका सडकको मर्मत सम्भार र संरक्षण गर्ने प्रयोजनको लागि तत्काल नियमानुसार सडक मर्मत सम्भारकर्ता नियुक्त गर्ने व्यवस्था मिलाउन भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।<br>१४. प्रदेश सरकारबाट विनियोजन भई निर्माण भएका महेन्द्र गुफा परिसरका भौतिक पुर्वाधारहरुको समितिले निरिक्षण गर्ने ।<br>१५. प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम १५ को उपनियम (७) मा खरिद पूर्वतयारीदेखि बोलपत्र आव्हानसम्मका खरिद व्यवस्थापन सम्बन्धी कार्य असोज मसान्तभित्र सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था गरेको छ । चालु आ.व.मा धेरै जसो योजनाहरुको बोलपत्र आव्हान असोज मसान्तभित्र भएको नपाईएकाले यस्तो हुनुको कारण खुलाई समितिलाई १ महिना भित्र पठाउन तथा आगामी आर्थिक वर्षदेखि खरिद पूर्वतयारीदेखि बोलपत्र आव्हानसम्मका खरिद व्यवस्थापन सम्बन्धी कार्य असोज मसान्तभित्र सम्पन्न गर्ने गरी कार्यसम्पादन गर्न भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।<br>१६. नयाँ वहुवर्षीय योजना, सालबसाली योजना तथा सञ्चालन भईरहेका बहुवर्षीय योजनामा बजेट अभाव हुन नदिन न्यूनतम प्रत्येक शिर्षकमा कति बजेट रकम छुट्टयाउने हो सोको उचित मापदण्ड निर्माण गरी लागू गर्न आर्थिक मामिला मन्त्रालय, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिने ।<br>१७. गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० ले निजी सवारीको आयु २५ वर्ष तोकेकोमा हाल संघीय कानून र अन्य प्रदेशको कानुनी व्यवस्थामा समेत उक्त विषय उल्लेख नभएको कारण कार्यान्वयनमा व्यावहारिक समस्या परेको गुनासो आएकाले उक्त व्यवस्था |

| क्र.स. (बै.सं.) | बैठक बसेको मिति | मुख्य निर्णयहरु |
|---|---|---|
| | | पुनरावलोकन गर्न निर्देशन दिने ।<br>१८. सार्वजनिक लेखा समितिले मिति २०८० साल माघ १० गतेको निर्णयानुसार प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी नियमावली, २०७९ को नियम ८३ बमोजिम प्रदेश सरकारको सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान (जग्गा, भवन, गाडी लगायत) को लगत अद्यावधिक गरी सोको अभिलेख राखी २ महिना भित्र समितिलाई जानकारी गराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिईएकोमा हालसम्म पनि उक्त विवरण समितिलाई उपलव्ध नभएकाले उक्त विवरण यथासिघ्र समितिलाई पठाउन पुनः मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिने ।<br>१९. सार्वजनिक लेखा समितिले मिति २०८० साल माघ १० गतेको निर्णयानुसार प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी नियमावली, २०७९ को नियम ८३ बमोजिम प्रदेश सरकारको सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान (जग्गा, भवन, गाडी लगायत) को लगत अद्यावधिक गरी सोको अभिलेख राखि २ महिना भित्र समितिलाई जानकारी गराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिईएकोमा हालसम्म पनि उक्त विवरण समितिलाई उपलव्ध नभएकाले उक्त विवरण यथासिघ्र समितिलाई पठाउन पुनः मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिने । |
| १३ (२९) | २०८१/१०/०९ | महालेखा परिक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत गण्डकी प्रदेश प्रतिष्ठान, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायधिवक्ताको कार्यालय, गण्डकी नीति तथा योजना आयोग र गण्डकी विश्वविद्यालयका लेखा उत्तरदायी अधिकृत र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा दफावार छलफल गरियो । |
| १४ (३०) | २०८१/१०/११ | गण्डकी प्रदेश सरकारका आर्थिक मामिला मन्त्री र सचिवसँग विविध विषयमा छलफल गरियो । |
| १५ (३१) | २०८१/१०/१३ | महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन २०८१ मा औंल्याइएको बेरुजु सम्वन्धमा गण्डकी प्रदेश अन्तर्गत वन तथा वातावरण मन्त्रालयका लेखा उत्तरदायी अधिकत महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा दफावार र छलफल गरियो । |
| १६ (३२) | २०८१/१०/१४ | महालेखापरीक्षकको छैटौं बार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषदको |

| क्र.स. (बै.सं.) | बैठक बसेको मिति | मुख्य निर्णयहरु |
|---|---|---|
| | | कार्यालयका लेखा उत्तरदायी अधिकृत र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा दफावार छलफल गरियो । |
| १७ (३३) | २०८१/१०/१५ | महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत आर्थिक मामिला मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा दफावार छलफल गरियो। |
| १८ (३४) | २०८१/१०/२७ | महालेखापरीक्षकको छैटौं बार्षिक प्रतिवेदन, २०८१ मा बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत उद्योग तथा पर्यटन मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा दफावार छलफल गरियो। |
| १९ (३५) | २०८१/१०/२८ | महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत उर्जा तथा जलश्रोत मन्त्रालयका प्रतिनिधि र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा दफावार छलफल गरियो। |
| २० (३६) | २०८१/१०/२९ | महालेखापरीक्षकको छैटौं बार्षिक प्रतिवेदन २०८१ मा बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत उर्जा तथा जलश्रोत मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा दफावार छलफल गरियो । |
| २१ (३७) | २०८१/१०/३० | गण्डकी प्रदेशमा लेखा परीक्षण, बेरुजु फर्छ्यौट तथा सम्परीक्षण सम्बन्धमा माननीय महालेखापरीक्षक, माननीय सभामुख, माननीय उपसभामुख, समितिका माननीय सभापतिहरु तथा समिति सदस्यहरुको उपस्थितिमा छलफल गरियो। |
| २२ (३८) | २०८१/११/११ | महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्वन्धमा गण्डकी प्रदेश अन्तर्गत सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा दफावार छलफल गरियो । |
| २३ (३९) | २०८१/११/१२ | १. महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका प्रतिनिधि र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा दफावार छलफल गरियो ।<br>२. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट प्रदेश स्थापना देखि हालसम्म प्रदान गरिएको अनुदानको विवरण (अनुदान शीर्षक, अनुदान |

| क्र.स. (बै.सं.) | बैठक बसेको मिति | मुख्य निर्णयहरु |
| --- | --- | --- |
| | | प्राप्त गर्ने लाभग्राहीको विवरण, अनुदान दिने कार्यालयको विवरण, अनुगमनको विवरण र हालको अवस्था) १५ दिनभित्र समितिलाई उपलब्ध गराउन निर्देशन गरियो । |
| २४ (४०) | २०८१/११/१८ | १. महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत स्वास्थ्य मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा दफावार छलफल गरियो । |
| २५ (४१) | २०८१/११/१९ | १. महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा दफावार छलफल गरियो । |
| २६ (४२) | २०८१/११/२० | १. महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको वेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका प्रतिनिधि र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा दफावार छलफल गरियो । |
| २७ (४३) | २०८१/१२/१९ | १. महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका लेखा उत्तरदायी अधिकृत समेतको उपस्थितिमा दफावार छलफल गरियो । |
| २८ (४४) | २०८१/१२/२० | १. महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत उर्जा,जलस्रोत तथा खानेपानी मन्त्री र मन्त्रालयका लेखा उत्तरदायी अधिकृत समेतको उपस्थितिमा दफावार छलफल गरियो।<br>२. महालेखापरीक्षकको गण्डकी प्रदेशको साविक भौतिक पूर्वाधार विकास मन्त्रालय हालको उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गतको दोस्रो(आ.व २०७५/७६) प्रतिवेदनको दफा १०, तेस्रो (आ.व २०७६/७७) प्रतिवेदनको दफा १३ र चौथो (आ.व २०७७/७८) प्रतिवेदनको दफा ८ मा काठेपोल प्रतिस्थापन वापतको शेयर तथा प्रतिफल माग गर्नुपर्ने भनि सैद्धान्तिक बेरुजु कायम भएको सन्दर्भमा मन्त्रालयबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमार्फत विभिन्न मितिमा नेपाल विद्युत प्राधिकरणमा काठेपोल प्रतिस्थापन कार्यमा भएको |

| क्र.स. (बै.सं.) | बैठक बसेको मिति | मुख्य निर्णयहरु |
|---|---|---|
| | | लगानीको शेयर तथा प्रतिफल प्रदेश सरकारको नाममा उपलब्ध गराउन पत्राचार गरेकोमा प्रस्ताव गरेअनुसारको कुनै पनि शेयर तथा प्रतिफल गण्डकी प्रदेश सरकारलाई दिन नसकिने भनि लेखि आएको व्यहोराको मन्त्रालयले समितिलाई लिखित जानकारी गराएको सन्दर्भमा निम्नानुसारको निर्देशन दिने ।<br>३. **“उज्यालो गण्डकी प्रदेश”**अभियान अन्तर्गत सम्पन्न गरिएको विद्युत बिस्तार कार्यबाट विद्युत सेवा नपुगी अध्यारोमा जीवनयापन गर्न बाध्य रहेका प्रदेशवासीमा बिद्युत बिस्तार कार्यबाट दैनिक जीवनयापन र आर्थिक क्रियाकलापमा समेत प्रत्यक्ष सकारात्मक प्रभाव परेको तथा प्रदेश सरकारको उच्च प्राथमिकताको आयोजना सञ्चालन गर्न साविकको भौतिक पूर्वाधार बिकास तथा यातायात व्यवस्था मन्त्रालय र नेपाल सरकारको पूर्ण स्वामित्व रहेको नेपाल विद्युतप्राधिकरणबीच सम्झौता भई कार्य सञ्चालन भएको र महालेखापरीक्षकको कार्यालयले शेयर एवं प्रतिफल माग गर्ने गरी बेरुजु उल्लेख गरेपछि शेयर तथा प्रतिफल माग गरी पठाएको सन्दर्भमा उक्त निकायले शेयर तथा कुनै प्रतिफल दिने व्यवस्था नभएको भनि लेखि पठाएको छ । साथै, उक्त कार्यक्रम कार्यान्वयवाट कुनै सरकारी हानी नोक्सानी भएको बिषय समेत नभएको हुनाले महालेखापरीक्षकको आ.व. २०७५/०७६ को प्रतिबेदनमा उल्लेखित नियमित गर्नुपर्ने बेरुजु कूल रु. २५ करोड २३ लाख ०८ हजार नियमित गरिदिन उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयबाट लेखि आएको सन्दर्भमा निम्नानुसार निर्देशन दिने ।<br>**<u>निर्देशनः-</u>**<br>१. प्रदेश सरकार वा मन्त्रालयले नियम, कार्यविधि तथा निर्देशिका लागायतका कानून निर्माण गर्दा आफ्नो अधिकार क्षेत्र भित्र नपर्ने व्यवस्थाहरु प्रस्ताव गर्नुपर्दा सम्बन्धित सरकार, निकाय वा संस्थाको सहमति अनिवार्य गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश सरकारका सवै मन्त्रालय र मुख्य न्यायाधिवक्ताको कार्यालयलाई निर्देशन दिने।<br>३. काठेपोल प्रतिस्थापन गर्ने कार्य प्रदेश सरकारले निर्माण गरेको कार्यविधिको आधारमा नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा स्थानीय तहको साझेदारीमा गरिएको तथा उक्त कार्यले प्रदेशका जनताको जीवनस्तरमा प्रत्यक्ष सकारात्मक प्रभाव पारेको तथा सो |

| क्र.स. (बै.सं.) | बैठक बसेको मिति | मुख्य निर्णयहरु |
|---|---|---|
| | | कार्यले कुनै पनि सरकारी हानी नोक्सानी नभएको भनि सम्बन्धित उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयबाट लिखित जानकारी समेत प्राप्त भएकाले काठेपोल सम्बन्धिका बेरुजु नियमानुसार नियमित गरी सम्परीक्षण गर्न निर्देशन दिने ।<br>२. **"उज्यालो गण्डकी प्रदेश"** अभियान अन्तर्गत प्रदेश सरकार र नेपाल बिधुत प्राधिकरणबीच भएको संझौता बमोजिम विद्युत विस्तार सम्बन्धी काम गरेको र उक्त कार्यले प्रदेशका जनताको जीवनस्तरमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको तथा सो कार्यले कुनै पनि सरकारी हानी नोक्सानी नभएको भनि सम्बन्धित उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयबाट लिखित जानकारी समेत प्राप्त भएकाले महालेखापरीक्षकको आ.व. २०७५/०७६ को प्रतिबेदनमा उल्लेखित उपरोक्त अनुसारको विद्युत विस्तार सम्बन्धिको बेरुजु नियमानुसार नियमित गरी सम्परिक्षण गर्न निर्देशन दिने । |
| २९ (४५) | २०८१/१२/२१ | १. महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत माननीय उद्योग तथा पर्यटन मन्त्री र मन्त्रालयका लेखा उत्तरदायी अधिकृत समेतको उपस्थितिमा दफावार छलफल गरियो । |
| ३० (४६) | २०८२/०१/०२ | १. महालेखापरिक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत माननीय स्वास्थ्य मन्त्री र मन्त्रालयका लेखा उत्तरदायी अधिकृत समेतको उपस्थितिमा दफावार छलफल गरियो ।<br>२. सार्वजनिक लेखा समितिको स्थलगत अवलोकन, अनुभव आदान-प्रदान तथा अन्तर्किया कार्यक्रमको लागि मिति २०८२-०१-१६ गतेदेखि ०८२-०१-२२ गतेसम्म लुम्बिनी र कर्णाली प्रदेश जाने निर्णय गरियो । |
| ३१ (४७) | २०८२/०१/०३ | १. महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत माननीय वन तथा वातावरण मन्त्री र मन्त्रालयका लेखा उत्तरदायी अधिकृत समेतको उपस्थितिमा दफावार छलफल गरियो । |
| ३२ (४८) | २०८२/०१/०४ | १. महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत माननीय कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री र मन्त्रालयका लेखा उत्तरदायी अधिकृत समेतको उपस्थितिमा दफावार छलफल गरियो। |

| क्र.स. (बै.सं.) | बैठक बसेको मिति | मुख्य निर्णयहरु |
|---|---|---|
| ३३ (४९) | २०८२/०१/०८ | १. महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत माननीय सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री र मन्त्रालयका लेखा उत्तरदायी अधिकृत समेतको उपस्थितिमा दफावार छलफल गरियो। |
| ३४ (५०) | २०८२/०२/१८ | १.महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत माननीय भौतिक पूर्वाधार विकास तथा यातयात व्यवस्था मन्त्री, उपमहालेखापरीक्षक र मन्त्रालयका लेखा उत्तरदायी अधिकृत समेतको उपस्थितिमा दफावार छलफल गरियो ।<br>२. समितिको अर्को बैठक मिति २०८१-०२-२० गते बस्ने गरी स्थगित गरियो । |
| ३५ (५१) | २०८२/०२/२० | १. महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गत माननीय आर्थिक मामिला मन्त्रालय, उपमहालेखापरीक्षक र मन्त्रालयका लेखा उत्तरदायी अधिकृत समेतको उपस्थितिमा दफावार छलफल गरियो ।<br>२. समितिको अर्को बैठक मिति २०८१-०२-२१ गते बस्ने गरी बैठक स्थगित गरियो । |
| ३६ (५२) | २०८२/०२/२१ | १.महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याइएको बेरुजु सम्बन्धमा माननीय मुख्यमन्त्री, उपमहालेखापरीक्षक र प्रमुख सचिव समेतको उपस्थितिमा दफावार छलफल गरियो ।<br>२.महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ (आर्थिक वर्ष २०७९/०८०) मा औंल्याइएका बेरुजुका सम्बन्धमा समितिबाट दिइएको सुझाव तथा निर्देशन सहितको प्रतिवेदन समेत समावेश भएको "सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०८२" पारित गरी गण्डकी प्रदेश सभामा पेश गर्ने निर्णय गरियो । |

## २.४. निर्णय कार्यान्वयनको अवस्था

| क्र.सं. | मन्त्रालय/निकाय | निर्णय कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (साविक | १. प्रदेशस्तरीय बेरुजु फछ्यौंट मूल्याङ्कन तथा अनुगमन गर्न प्रमुख सचिवको संयोजकत्वमा बेरुजु फछ्यौंट मूल्याङ्कन तथा अनुगमन समिति गठन गरिएको,<br>२. समितिको बैठक राखी प्रदेशको मन्त्रालय र मातहतका नियकायहरुको हालसम्मको बेरुजु फछ्यौंटको प्रगति समीक्षा गर्ने, अभिलेख अद्यावधिक गर्ने |

| क्र.सं. | मन्त्रालय/निकाय | निर्णय कार्यान्वयनको अवस्था |
|---|---|---|
| | आन्तरिक तथा कानून मन्त्रालय समेत) | कार्य निरन्तर भइरहेको,<br>३. गण्डकी प्रदेश सभा, सार्वजनिक लेखा समितिबाट प्राप्त निर्देशनहरु परिपालनामा जोड दिइएको ।<br>४. बेरुजुमा औंल्याइएको अनुगमन र मूल्याङ्कन वापतको भुक्तानीका बखत प्रतिवेदन लिई मात्र गर्ने गरिएको छ । अनुगमन र मूल्याङ्कनका लागि तोकिएका सुचकहरुलाई बढि वैज्ञानिक बनाई परिमार्जन गर्ने गरी छलफल गरिएको छ ।<br>५. कर्मचारी पदपूर्ति सम्वन्धमा प्रदेश लोक सेवा आयोगले निरन्तर रुपमा कार्यसम्पादन गरिरहेको छ। फलस्वरुप अधिकांश रिक्त पदहरुमा पदपूर्ति भैरहेको छ । |
| २. | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | १. गण्डकी प्रदेश सरकारको लागि स्वीकृत एकिकृत कार्यविधि,२०७७ सँग बाझिने गरी बनेको सहकारी संघ-संस्थालाई अनुदान प्रदान गर्ने मापदण्ड २०७७ मन्त्रीस्तरको निर्णयबाट खारेज भएको ।<br>२. प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत ढुवानी तथा खर्च रकम भुक्तानीमा बेरुजु फर्छ्यौटमा उल्लेख्य प्रगति भएको।<br>३. समितिले माग गरेअनुसार चाक्लावन्दी कार्यक्रम तथा कृषि अनुदानका कार्यक्रमहरुको विवरण उपलब्ध गराएको जानकारी यस समितिले प्राप्त गरेको। |
| ३. | सामाजिक विकास, युवा तथा खेलकूद मन्त्रालय | १. विभिन्न कार्यालयमा रहेको बेरुजु फछ्यौंटमा तत्परता देखाई केही बेरुजु फछ्यौंट समेत गरेको महालेखापरीक्षकको गण्डकी प्रदेशको छैटौं प्रतिवेदनमा अभिलेखिकरण भएको जानकारी यस समितिले प्राप्त गरेको। |
| ४. | वन तथा वाताबरण मन्त्रालय | १. कार्यालयले महालेखापरीक्षकको विभिन्न प्रतिवेदनमा औंल्याएको बेरुजु सम्बन्धी अद्यावधिक गरी जानकारी यस समितिले प्राप्त गरेको। |
| ५. | स्वास्थ्य मन्त्रालय | १. EHS Guideline लागू भएका प्रदेश सरकार अन्तर्गतका अस्पतालहरुको विवरण प्राप्त भएको।<br>२. गण्डकी प्रदेश सरकार अन्तर्गतका अस्पतालहरुमा भएका स्वास्थ्य उपकरणको विवरण प्राप्त भएको र प्रयोग नभएको वा मर्मत गरी प्रयोग गर्न सकिने उपकरणहरु अन्य अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा प्रयोग गरिएको।<br>३. औषधी र स्वास्थ्य उपकरण खरिद सम्बन्धी विवरण प्राप्त भएको। |
| ६. | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | १.बेरुजुको अद्यावधिक विवरण तयार गरेको तथा बेरुजु फछ्यौंटमा तदारुकता देखाई लेखा सम्बन्धी कर्मचारीलाई बेरुजु सम्बन्धी तालिम दिइएको। |

## २.५. कार्यप्रगति विवरण

## आ.व २०७९/०८० सम्मको गण्डकी प्रदेश अन्तर्गतका मन्त्रालय/कार्यालयको बेरुजुको प्रगति विवरण

| क.स | मन्त्रालय/कार्यालयको नाम | २०७९/०८० सम्मको बेरुजु ( रु.हजारमा) | | | | २०७९/०८० सम्म फछ्र्यौट भएको (रु.हजारमा) | बाँकी (रु.हजारमा) | प्रगति प्रतिशतमा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नियमित | असुल | पेश्की | जम्मा | | | | |
| १ | **प्रदेश सभा सचिवालय** | ० | ११६ | ० | ११६ | ११६ | ० | १००.०० | |
| २ | **मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय** | १७९८६ | ० | ० | १७९८६ | १४४९० | ३४९६ | ८०.५६ | |
| ३ | **आर्थिक मामिला मन्त्रालय** | ० | ० | ० | १०८१ | ० | १०८१ | ०.०० | |
| ४ | उर्जा,जलस्रोत तथा खानेपानी मन्त्रालय | ० | ० | ० | ८०५८२३ | ५३३३१ | ७५२४९२ | ६.६२ | |
| ५ | **उद्योग तथा पर्यटन मन्त्रालय** | ८०१० | २८४७ | २८५ | ११९४२ | २८३ | १०८५९ | २.५४ | |
| ६ | **कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय** | १०४१७९ | ४३४८७ | १००३५ | १५७७०१ | ७३९७५ | ८३७२६ | ४६.९१ | |
| ७ | **भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय** | ५३५३११ | १८३७४१ | ३४२७७२ | १०६१८२४ | ४०३३५७ | ६५८४६७ | ३७.९९ | |
| ८ | **सामाजिक विकास,युवा तथा खेलकूद मन्त्रालय** | १२७४६८ | ८९३३ | १९८३६ | १५६२३७ | ७७३६ | १४८५०१ | ४.९५ | |
| ९ | **प्रदेश नीति तथा योजना आयोग** | ० | ० | ० | ५८ | ० | ५८ | ०.०० | |
| १० | **प्रदेश लोकसेवा आयोग** | ० | ० | ० | ० | ० | ० | | |
| ११ | **मुख्य न्याधिवक्ताको कार्यालय** | ० | ० | ० | ४५ | ० | ४५ | ०.०० | |
| १२ | **स्वास्थ्य मन्त्रालय** | ११६५८० | 31166 | २९५७१ | १७७३१७ | ३६८८८ | १४०४२९ | २०.८० | |
| १३ | **वन तथा वातावरण मन्त्रालय** | ४२१५२ | ५७७३ | ३६० | 48285 | १६८७४ | ३१४११ | ३४.९५ | |
| | **जम्मा** | ९५१६८६ | २७६०६३ | ४०२८५९ | २४३७६१५ | ६०७०५० | १८३०५६५ | २४.९० | |

## २.६. समितिमा माननीय सदस्यको उपस्थिति विवरण

समितिको कार्यसम्पादनको शिलशिलामा विभिन्न समयमा बसेको समिति तथा उपसमिति बैठकहरुमा उपस्थित माननीयहरुको उपस्थिति विवरण (२०८१/८/४ गतेदेखि २०८२/२/२२ गते सम्म)

| क्र.सं. | नाम, थर | कूल बैठक संख्या | उपस्थित बैठक संख्या | अनुपस्थित बैठक संख्या |
|---|---|---|---|---|
| १ | मा. सुधिर कुमार पौडेल | ३६ | ३६ | ० |
| २ | मा. कल्पना तिवारी | ३६ | ३२ | ४ |
| ३ | *मा. खगराज अधिकारी | २८ | १८ | १० |
| ४ | *मा. गोविन्द बहादुर नेपाली | ७ | ७ | ० |
| ५ | *मा. जित प्रकाश आले | २० | १० | १० |
| ६ | मा. जित बहादुर शेरचन | ३६ | १८ | १८ |
| ७ | मा. टिका कुमारी बस्याल | ३६ | ३० | ६ |
| ८ | मा. दोर्ण कुमार कुँवर | ३६ | २५ | ११ |
| ९ | मा. नन्दकला दमै नेपाली | ३६ | ३३ | ३ |
| १० | मा. निर्मला थापा | ३६ | ३४ | २ |
| २११ | मा. पञ्चराम गुरुङ | ३६ | २८ | ८ |
| १२ | * मा. बेद बहादुर गुरुङ | ७ | ६ | १ |
| १३ | मा. भीम बहादुर कार्की | ३६ | ३२ | ४ |
| १४ | *मा. रेशम बहादुर जुग्जाली | २० | १० | १० |
| १५ | मा. सरस्वती गुरुङ | ३६ | २३ | १३ |
| १६ | *मा. सुशिला सिंखडा | २० | १८ | २ |

*****मा. खगराज अधिकारी** *४६ औं बैठकदेखि यस समितिबाट प्रदेश मामिला तथा कानून समितिमा हेरफेर हुनु भएको।*

*****मा. गोविन्द बहादुर नेपाली** *४६ औं बैठकदेखि प्रदेश मामिला तथा कानून समितिबाट यस समितिमा हेरफेर हुनु भएको।*

***मा. बेद बहादुर गुरुङ** *४६ औं बैठकदेखि सामाजिक विकास तथा कृषि समितिबाट यस समितिमा हेरफेर हुनु भएको।*

*****मा. जित प्रकाश आले, मा. रेशम बहादुर जुग्जाली** *तथा* **मा. सुशिला सिंखडा** *१७ औं बैठकदेखि सार्वजनिक लेखा समितिमा सहभागी हुनु भएको।*

# खण्ड तीन

# महालेखापरीक्षकको छैटौं प्रतिवेदनमा उल्लेखित बेरुजु, मन्त्रालयको जवाफ तथा समितिको निर्देशन

# खण्ड ३
# महालेखापरीक्षकको छैटौं प्रतिवेदनमा उल्लेखित बेरुजु, मन्त्रालयको जवाफ तथा समितिको निर्देशन

## ३.१ गण्डकी प्रदेश सभा सचिवालय

### ३.१.१ महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन (गण्डकी प्रदेश) २०८१

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| ३ | **निर्णय कार्यान्वयनः-** संविधानको धारा १९३ मा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्था अनुसार विधायन समिति, प्रदेश मामिला, अर्थ तथा विकास, सार्वजनिक लेखा समिति र कार्यव्यवस्था समिति गठन गरेको छ । यसरी गठन भएका समितिहरूले २०७४।७५ देखि २०७९।८० सम्मको अवधिमा विभिन्न १ हजार १९२ निर्णयहरू गरेको छ । समितिका निर्णय एवम् निर्देशनहरूको कार्यान्वयन अवस्था सम्बन्धमा अभिलेख राखी अनुगमन गरेको छैन । निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ। | **निर्णय कार्यान्वयनः-** सार्वजनिक लेखा समितिद्वारा दिइएको निर्देशनको कार्यान्वयन र सोको प्रगति सम्बन्धी पत्राचार सबै मन्त्रालय/सचिवालय/आयोगमा भएको।<br>समितिले *"भ्रष्टाचार नियन्त्रणमा सार्वजनिक लेखा समितिको भूमिका"* सम्बन्धी नागरिक संवाद कार्यक्रम" सञ्चालन गरी आर्थिक मामिला मन्त्री, विभिन्न सरकारी निकायका प्रतिनिधि, प्रदेशस्थित पत्रकार, नागरिक समाजका प्रतिनिधि, निजी क्षेत्रका प्रतिनिधि, विभिन्न सरकारी निकायका प्रतिनिधि, विभिन्न संघ संस्थाका प्रतिनिधि तथा प्रदेशस्थित वौद्धिक व्यक्तित्व समेतको राय सुझाव ग्रहण गरेको थियो। साथै, यस अवधिमा समितिले, बेरुजु फछ्र्यौटमा तदारुकताका साथ कार्ययोजना बनाई कार्य गर्न र समयमै सम्परीक्षण गराई फरफारक गर्न/गराउन तथा आर्थिक प्रशासन सञ्चालन गर्दा कम भन्दा कम बेरुजु कायम गर्ने गराउने तर्फ ध्यान दिन समेत निर्देशन दिईएको छ।<br>समितिको विभिन्न समयमा बसेको बैठकहरुको निर्देशन बमोजिम प्रदेश मातहतका मन्त्रालय/कार्यालय/आयोग/निकायहरुबाट विभिन्न मितिहरुमा बेरुजु फर्छयौंट तथा अन्य निर्देशन सम्बन्धी कार्य प्रगतिको जानकारी संक्षिप्त रुपमा सार्वजनिक लेखा समितिको वार्षिक | बिभिन्न समितिहरुबाट भएका निर्णय तथा निर्देशनहरुको कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | | प्रतिवेदन, २०८१ मा समावेश गरेको छ। | |
| ४ | **योग्यता र पदपूर्ति प्रक्रियाः-** प्रदेश सभा सचिवालयले स्वकीय सचिव पदमा नियुक्तिको लागि योग्यता सहितको मापदण्ड तयार गर्नुपर्दछ। यो वर्ष प्रदेश सभाका सभामुख, उप-सभामुख, विपक्षी दलको नेता, मुख्य सचेतक, राजनीतिक दलको नेता, विपक्षी दलको मुख्य सचेतक, समितिका सभापति, राजनीतिक दलको सचेतक र सांसद सदस्यको लागि अधिकृत स्तरका २ र रा.प. अनंकित स्तरका ६० समेत ६२ स्वकीय सचिव नियुक्ति गरी रू.२ करोड ८२ लाख २५ हजार पारिश्रमिकमा खर्च लेखेको छ। स्वकीय सचिवालयका कर्मचारीहरूको लागि शैक्षिक योग्यता र पदपूर्ति प्रक्रिया तोकी नियुक्त गर्ने व्यवस्था मिलाउनु पर्दछ। | **योग्यता र पदपूर्ति प्रक्रियाः-** कार्यविधि बनाई लागू गर्न उपयुक्त हुने। सोको लागि प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारीश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्नुपर्ने। संशोधनको प्रक्रियाका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिन उपयुक्त हुने। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | **प्रतिवेदनमा छलफलः-** लेखापरीक्षण ऐन, २०७५ को दफा ५ (१९) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेश गर्ने व्यवस्था छ। महालेखापरीक्षकले गत वर्षसम्म प्रदेशका ५ वटा प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरेको भएतापनि प्रदेश सभाको सार्वजनिक लेखा समितिमा दफावार छलफल भएको देखिएन। महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सार्वजनिक लेखा समितिमा छलफल गराई टुङ्गो लगाउनुपर्दछ। | **प्रतिवेदनमा छलफलः-** महालेखापरीक्षकले गत वर्षसम्म गण्डकी प्रदेशको पहिलोदेखि पाँचौसम्म सबै प्रतिवेदनहरुमाथि प्रदेश सभाको सार्वजनिक लेखा समितिद्वारा उपसमिति गठन गरेर गहन दफावार छलफल गरी बेरुजु फर्छ्यौंट सम्बन्धी निर्देशन सबै मन्त्रालय/सचिवालय/आयोगलाई दिई सकेको र सार्वजनिक लेखा समितिद्वारा दिइएका निर्देशन सम्बन्धी प्रगति माग गरी यस समितिमा जानकारी विभिन्न मितिमा आई पुगेर सोको प्रतिवेदन बनाई सकेकोछ | महालेखापरीक्षकको पहिलो देखि पाँचौ सम्मको बार्षिक प्रतिवेदन सार्वजनिक लेखा समितिमा दफावार छलफल भई प्रदेश सभामा पेश भैसकेको हुँदा यस सम्बन्धमा कुनै निर्देशन दिनु नपर्ने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| * | **अनुगमनः-** गत विगतका प्रतिवेदनमा कानुन निर्माण, निर्णय कार्यान्वयन लगायतका व्यहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन।<br>**बेरुजुः-** आर्थिक वर्ष २०८०/८१ को लगती बेरुजु शून्य रहेको । | **अनुगमनः-** महालेखापरीक्षकले दिइएको निर्देशन अनुसार वार्षिक कार्ययोजना बनाई सार्वजनिक लेखा समितिले अनुगमन गर्ने कार्यमा अग्रसरता लिने जानकारी गराइन्छ।<br>**बेरुजुः-** महालेखापरीक्षको कार्यालयबाट छैटौं प्रतिवेदनमा औंल्याएको लगती बेरुजु शून्य रहेकोछ। विगतका बेरुजुको विषयमा सार्वजनिक लेखा समितिले गरेको निर्देशन अनुसार यस सचिवालयले तदारुकताका साथ १ लाख १६ हजारको बेरुजु मध्ये रु.९९,६००/- राजस्व दाखिला गरी सकेको तथा बाँकी रकम रु.१६,४००/- दाखिला गरी सम्परीक्षण भएकोले हाल यस गण्डकी प्रदेश सभाको बेरुजु शुन्य (0) रहेको जानकारी गराइन्छ। | बेरुजुको सम्बन्धमा महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण भई लगत कट्टा भैसकेको । |

## ३.२ मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

## ३.२.१ महालेखापरीक्षकको छैटौं बार्षिक प्रतिवेदन (गण्डकी प्रदेश) २०८१

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| २ | **कार्य जिम्मेवारीः** गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य जिम्मेवारीमा तोकिएका मध्ये प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन, प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन, प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन, प्रदेश | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारीका लागि मासिक मन्त्रालयका सचिवहरुसँग बैठक बस्ने गरेको।प्रदेशस्तरमा सार्वजनिक सेवा प्रवाहको अनुगमन नियमित रुपमा गर्ने गरेको। स्थानीय तहसँग समन्वयका लागि प्रदेश परिषदको बैठक वर्षमा कम्तिमा एक पटक बस्ने गरेको। साथै स्थानीय तहमा प्रदेश कार्यालयहरुको अनुगमन गर्ने गरिएको। | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन मापदण्ड तर्जुमा एवम् कार्यान्वयन, प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन, गाउँपालिका तथा नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा लगायतको कार्य हुन सकेको छैन। नियमावलीमा तोकिएबमोजिम कार्यजिम्मेवारी पूरा गर्नुपर्दछ । | | |
| ३ | **मन्त्रालयको कार्यक्षेत्रमा हेरफेर -** अधिकार सम्पन्न सङ्घीय प्रशासनिक पुनः संरचना समितिको<br><br>-प्रतिवेदन, २०७४ ले सबै प्रदेशहरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसहित प्रदेश मन्त्रालयको संख्या ७ रहने सिफारिस गरेकोमा प्रदेश सभाको पहिलो निर्वाचन पश्चात गठन भएको प्रदेश सरकारले २०७४।११।४ मा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ जारी गरी सो अनुसार ७ मन्त्रालय स्थापना गरेकोमा २०७८।२।५ मा उक्त नियमावली संशोधन गरी मन्त्रालय संख्या ११ कायम गरेको थियो । प्रदेशले पुनः २०७८।९।१२ मा संशोधन गरी १२ मन्त्रालय र २०७८।१०।९ र २०८०।१।२८ | राजनैतिक सरोकारसँग सम्बन्धित रहेको। | मन्त्रालयको कार्यक्षेत्र फेरबदल हेरफेर गर्दा प्रशासनिक क्षेत्रमा पर्ने प्रभाव, एकिकृत हिसाब मिलान तथा बजेट व्यवस्थापन, जनशक्ति व्यवस्थापन, भौतिक पूर्वाधार व्यवस्थापन तथा सम्पति व्यवस्थापनमा आउनसक्ने कठिनाई तथा सोको जिम्मेवारी, जवाफदेहिता, अनुगमन र अभिलेखाङ्कनमा देखिन सक्ने समस्या समेतलाई आँकलन गरी सोको समेत व्यवस्थापन गर्ने ठोस योजना बनाई फेरबदल गर्न |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
| --- | --- | --- | --- |
| | मा कार्यविभाजन हेरफेर गरी मन्त्रालयको संख्या ७ कायम गरेको छ । आर्थिक वर्षको मध्यमा मन्त्रालयको कार्यक्षेत्रमा भएको फेरबदलले प्रशासनिक क्षेत्रमा पर्ने प्रभाव, एकीकृत हिसाब मिलान तथा बजेट व्यवस्थापन, जनशक्ति व्यवस्थापन, भौतिक पूर्वाधार व्यवस्थापन तथा सम्पत्ति व्यवस्थापनमा कठिनाई हुने तथा सोको जिम्मेवारी, जवाफदेहिता, अनुगमन र अभिलेखाङ्कनमा समस्या देखिएका छन् । | | निर्देशन दिने । |
| ४ | **निर्णय कार्यान्वयनः-** गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश मन्त्रिपरिषदवाट निर्णयको कार्यान्वयन र अनुगमन गर्ने उल्लेख छ। मन्त्रिपरिषदबाट २०७४/७५ देखि २०७९/८० सम्मको अवधिमा २०० बैठक सञ्चालन गरी १,१०६ निर्णय भएका छन्। ती निर्णयहरूको कार्यान्वयन सम्बन्धमा कार्यालयले अभिलेख राखी अनुगमन एवम् प्रतिवेदन तयार गरेको छैन। अनुगमनको अभावमा निर्णय कार्यान्वयनको अवस्था जानकारी हुनसक्ने अवस्था छैन। मन्त्रिपरिषदबाट | | महालेखापरीक्षकको प्रतिवेदनको सुझावअनुसार नै प्रदेश सरकार मन्त्रिपरिषदका निर्णयहरु सर्वसाधारणको जानकारीको लागि वेवसाईट मार्फत प्रकाशन गर्ने, अभिलेख राखे तथा निर्णय कार्यान्वयनको नियमित अनुगमन गरी सोको प्रतिवेदन समेत तयार गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | निर्णय कार्यान्वयनको अनुगमनको व्यवस्था मिलाउनु पर्दछ । | | |
| ५ | **संगठन र कर्मचारी व्यवस्थापनः-** प्रदेश सरकार अन्तर्गत प्रदेश सभा सचिवालय, मन्त्रालय, आयोग, र अन्तर्गतका कार्यालय सहित १९६ सरकारी निकायमा ३ हजार ३०२ कर्मचारी दरबन्दी रहेकोमा १ हजार ४८५ पदपूर्ति भई १ हजार ८१७ रिक्त रहेको छ। स्वीकृत दरबन्दीको तुलनामा ५५ प्रतिशत जनशक्ति रिक्त रहेकोले सरकारी निकायहरूको सेवा प्रवाहमा असर पर्ने देखिएको छ । प्रदेश सरकारको कार्य व्यवस्थित तरिकाले सञ्चालनको लागि दरबन्दी अनुसार पदपूर्ति गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । | निजामती सेवा ऐन, २०७९ तथा प्रदेश निजामती सेवा नियमावली, २०७९ जारी भएपछि प्रदेश लोक सेवा आयोगबाट नियमित रुपमा कर्मचारीको पदपूर्ति कार्य भैरहेको छ। हालसम्म करीब कर्मचारी खुल्ला प्रतिस्पर्धाबाट ३०२९ र बढुवा मार्फत ५४५ गरी कुल ३५८४ जना पदपूर्ति भैसकेको छ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ६ | **तहगत दोहोरो संरचनाः-** सङ्घीय व्यवस्था अनुरूप स्थानीय तथा प्रदेशमा हस्तान्तण हुने, सङ्घ आफैले गर्ने तथा प्रदेश वा स्थानीय तहले गर्ने कार्य र साझा रूपमा गर्ने कार्य स्पष्ट रूपमा उल्लेख गरिएको छ। स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम सशालन गर्न तथा सङ्घबाट खारेज भएका कार्यालय समेत प्रदेश स्तरमा स्थापना भएको छ। यसबाट समग्र शासकीय प्रणालीको खर्च बढ्ने र कार्यक्षेत्रमा दोहोरोपना हुने तर्फ विचार | (क) नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट गण्डकी प्रदेशको संगठनात्मक संरचना निर्माणको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन ,२०७६ लाई आधार मानी प्रदेश भित्रको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी निर्णय गरिएको।<br>(ख) सार्वजनिक खर्चका सम्बन्धमा प्रदेश खर्चको मापदण्ड , २०७९ तथा सार्वजनिक निकायको औपचारिक बैठक तथा समारोह सञ्चालन निर्देशिका ,२०७६ को पूर्ण पालना गरिएको।<br>(ग) हाल गण्डकी प्रदेश मातहत १७७ वटा विभिन्न संगठनहरु )मन्त्रालय /आयोग /निकाय /समिति /कार्यालय /समिति ( | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | गरेको देखिएन। स्थानीय तहमा हस्तान्तरण भएका कार्यकमको लागि एवम् सङ्घीय सरकारबाट खारेज भएका कार्यालय समेत प्रदेश तहमा स्थापना भएबाट काममा दोहोरोपन एवम् प्रशासनिक खर्चमा वृद्धि हुने अवस्था देखिन्छ। संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी दोहोरो संरचना खारेज गरी सरकारी कार्यालयहरूको संरचनालाई मितव्ययी, प्रभावकारी तथा चुस्त दुरुस्त बनाउनु पर्दछ। | रहेका छन्। गण्डकी प्रदेश सरकारको पूँजीगत खर्च बढाउन, आन्तरिक आय अभिवृद्धि तथा अनावश्यक चालु खर्चमा कटौती गरी प्रदेशको समग्र सार्वजनिक वित्त व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै वित्तीय सुशासन कायम गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय माननीय मुख्यमन्त्रीस्तरको मिति २०८१ मंसिर ४ को निर्णयानुसार देहायका कार्यशर्त तोकी समिति गठन भई अध्ययन भइरहेको छ। | |
| ७ | **वित्तीय तथा भौतिक प्रगतिः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३२ मा प्रगति प्रतिवेदन तयार गर्नुपर्ने, नियम ३३ बमोजिम प्रगति विवरणको भौतिक/वित्तीय पक्षको समीक्षा गर्नुपर्ने उल्लेख छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित कुल ४५ आयोजना मध्ये २० आयोजनाको भौतिक प्रगति ९०%, ७ आयोजनाको भौतिक प्रगति ७०%,१० आयोजनाको भौतिक प्रगति ७०% भन्दाकम र ८वटा आयोजनाहरू सुरु नै हुन सकेका छैनन्। सुरु हुन नसकेका आयोजना उपर मन्त्रालयले आवश्यक अनुगमन, मूल्याङ्कन, सहजीकरण तथा समन्वय गरी बजेट अनुसार खर्च गर्नुपर्दछ । | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको प्रमुख कार्यमा पूँजीगत भन्दा पनि चालु प्रकृतिको हुने हुँदा यसले सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। लक्ष्य तोकिए अनुरुप प्रगति हासिल गर्ने गरी सम्वन्धित महाशाखा र शाखाहरुलाई जिम्मेवारी दिइएको र सो को प्रगति विवरण नियमित रुपमा अनुगमन गर्ने गरिएको साथै लक्ष्य अनुसारको प्रगति हासिल गर्ने गरी कार्यसम्पादन गर्न जोड दिईएको छ । | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| ८ | **प्रदेश विकास परिषदः-** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ को दफा ९ मा आयोगले तर्जुमा गरेको नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सरकारका सरकारी र निजी क्षेत्रका व्यक्तिहरू सदस्य रहने गरी प्रदेश विकास परिषद गठन भएको छ। उक्त आदेशमा परिषदको बैठक आवश्यकता अनुसार बस्ने व्यवस्था भए तापनि हालसम्म परिषदको बैठक बसेको छैन। प्रदेश नीति तथा योजना आयोगले तयार गरेको प्रादेशिक योजनाबारे छलफल गर्ने, प्रदेश विकासका प्रमुख योजनाहरू पारित गर्ने, प्रदेश सरकारलाई विकासका नीतिहरू र प्रदेश गौरवका आयोजनाहरू, रुपान्तरणकारी आयोजनाहरू तथा महत्वपुर्ण विकास आयोजनाहरू सञ्चालनको लागि सुझाव दिने जस्ता महत्वपूर्ण जिम्मेवारी भएको परिषद्को बैठक नबस्दा उपरोक्त कामहरू भएका छैनन्। नियमानुसार बैठक बसी प्रदेशका विकास आयोजनाहरूको बारेमा छलफल गरी भएका निर्णयहरू कार्यान्वयन गर्न गराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आफ्नो भूमिका निर्वाह गर्नुपर्दछ। | प्रदेश विकास समस्या समाधान समितिले प्रदेशभित्र सञ्चालनमा रहेका विभिन्न विकास कार्यक्रमहरुको कार्यान्वयनमा अन्तर-निकाय, अन्तर तह समन्वय गर्न, नीतिगत, कार्यविधिगत र निर्देशनको माध्यमबाट समस्याहरुलाई समाधान गरेको छ । संघीय निकायवाट गरिनुपर्ने कामको लागि राष्ट्रिय विकास समस्या समाधान समितिमा महत्वका साथ विषयहरु राखिएको छ । कतिपय विषयहरु संघीय तहबाट सम्पादन गरिनु पर्ने र प्रदेश सरकार आफैले गर्ने विषयमा प्राथमिकताका साथ कार्यान्वयनमा लगिएको छ । तत्कालीन समयमा विभिन्न कारणले परिषदको बैठक बस्न नसकेको भएतापनि यस वर्ष प्रदेश विकास परिषदको बैठक आवश्यकता अनुसार गर्ने तयारी कार्यालयको रहेको छ । | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| ९ | **प्रदेश समन्वय परिषद्-** सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ र २५ मा क्रमशः प्रदेश तथा स्थानीय तहविच वा प्रदेशभित्रका जिल्लाका स्थानीय तहविचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद् रहने र परिषदको बैठक वर्षको कम्तिमा एक पटक बस्ने व्यवस्था बमोजिम २०७९ फागुन १९ मा बसेको छैटौं बैठकले प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने र स्थानीय तहबाट निर्णय भई प्रदेश सरकार समक्ष माग हुन आएका आयोजनालाइ प्रदेश सरकारको आयोजना बैङ्कमा प्रविष्टि गरी कार्यान्वयनमा प्राथमिकता दिनुपर्ने उल्लेख लगायतका १० निर्णय गरेको छ। उपरोक्त निर्णयहरूमध्ये आयोजना बैङ्कमा प्रविष्टि, अन्तरप्रदेश समन्वय तथा दहत्तर बहत्तर लगायत नदीजन्य पदार्थ उपयोग सम्बन्धमा स्थानीय सरकार सशालन ऐन, २०७४ संशोधनको लागि नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय कार्यान्वयन गरेको देखिएन। प्रदेश समन्वय परिषद्ले गरेका निर्णयहरूको कार्यान्वयन गर्नुपर्दछ । | स्थानीय तह र प्रदेश सरकारवीचको अन्तर सम्बन्धलाई बलियो बनाई प्रभावकारी कार्यसम्पादन गर्ने विषयमा यसले महत्वपूर्ण भूमिका खेलेको छ । मुख्यतः संघबाट जारी हुनुपर्ने ऐन नियम जारी हुन नसक्दा प्रगति हुन नसकेका कारण बेरुजुमा उल्लेख भएबमोजिम नदीजन्य र खानीजन्य पदार्थलाई व्यवस्थित गर्न नसकिदा राजस्व प्राप्त गर्न नसकिएको अवस्था छ, जसका कारण वातावरणीय संरक्षण र सुशासनमा समेतमा ठूलो असर पुगेको छ । यसको लागि प्रदेश सरकारले अन्तर प्रदेश समन्वय परिषद / राष्ट्रिय समन्वय परिषदमा यस्ता विषयहरु उठान गरिएको छ । | महालेखापरीक्षकको प्रतिवेदनको सुझाब कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| १० | **व्यवसाय जीवन रक्षा कोषः-** प्रदेश सरकारले विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ ले पर्यटन, यातायात, कृषि उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय जीवन रक्षा कर्जा उपलब्ध गराउने उद्देश्यले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ लागु गरेको छ। कार्यविधि अनुसार छनौट भएका उद्यमी तथा व्यवसायीहरूलाई वाणिज्य बैङ्कहरूले अधिकतम १५ लाखसम्म ऋण उपलब्ध गराउने र सोमा लाग्ने ३ वर्षसम्मको व्याज नेपाल राष्ट्रबैङ्क मार्फत् कोपले वाणिज्य बैङ्कहरूलाई उपलब्ध गराउने व्यवस्था छ। हालसम्म १ हजार ६३८ जना व्यवसायी छनौट भई रू.१ अर्ब ८१ करोड २९ लाख ७३ हजार ऋण प्रवाह भएको छ। विगत ३ वर्षमा शोधभर्ना खातामा रू.३८ करोड जम्मा भएकोमा हालसम्म रू.२९ करोड ७२ लाख ४० हजार खर्च भएको छ। हालसम्मको ऋण प्रवाह र व्याजखर्चको विश्लेषण गर्दा प्रदेश सरकारको तयारी र अपेक्षाअनुरूप उद्यमी तथा व्यवसायीले यस कार्यक्रमबाट लाभ लिन सकेको | व्यवसाय जीवन रक्षा कोष कार्यविधि २०७७, को दफा १६ बमोजिम मिति २०८१/११/२० गते बसेको निर्देशक समितिको बैठकले व्यवसाय जीवन रक्षा कोषमा रहेको मौज्दात रकम प्रदेश सञ्चित कोषको राजश्व शीर्षक १५१११ बेरुजुमा दाखिला गरी हाल कोष खारेज गरिएको छ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | देखिएन। कार्यविधि सरलीकरण गरेर वाणिज्य बैङ्कहरूसँगको सहकार्यमा जोड दिई कार्यक्रमलाई प्रभावकारी बनाउनु पर्दछ। | | |
| ११ | **आर्थिक सहायताः-** गण्डकी प्रदेश सरकारले जारी गरेको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ मा व्यक्तिगत सहायताको हकमा रू.२५ हजारसम्म मुख्यमन्त्रीको तोक आदेशबाट सोझै, सो भन्दा माथिको हकमा मन्त्रिपरिषद्को निर्णयबाट एवम् संस्थागत सहायताको हकमा रु.१ लाखसम्म मुख्यमन्त्रीको तोक आदेशबाट सोझै र सो भन्दा माथिको रकमको हकमा मन्त्रिपरिषदको निर्णयबाट भुक्तानी दिन सकिने व्यवस्था गरेको छ। कार्यविधिले आर्थिक सहायतालाई गरिबीको परिचयपत्रसँग आवद्ध गरेको देखिदैन जसबाट आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति छनौटको आधार स्पष्ट भएन। कार्यालयले २०७९।८० मा कडा रोगहरू र अन्य सामाजिक सहायता शीर्षकबाट ७०६ लाभग्राहीलाई रु.३ करोड १९ लाख ९५ हजार आर्थिक सहायतामा खर्च गरेको छ। उत्पादनशील क्षेत्रमा लगानी नगरी आर्थिक वृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको | (क) आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ को व्यवस्था मार्फत मापदण्ड ,आधार तथा प्रक्रिया स्पष्ट गरिएको।<br>(ख) आर्थिक सहायतालाई पारदर्शी तथा वस्तुगत बनाई वास्तविक/लक्षित वर्गसम्म यसको पहुँच वृद्धि गरी दोहोरो/तेहेरो पर्न सक्ने समस्या समाधान गर्नका लागि एकिकृत अभिलेख प्रणाली स्थापनाको तयारी भईरहेको छ।<br>(ग) प्रक्रियालाई सरलीकरण गर्नका लागि कार्यविधि र आवश्यक प्रक्रिया सम्बन्धी जानकारी सर्वसाधारणको पहुँचमा पुग्ने गरी सार्वजनिक गरिएको छ। | आर्थिक सहायता प्राप्त गरेको व्यक्तिहरुको नाम, ठेगाना र रकम मन्त्रिपरिषदको वेभसाइट मार्फत सार्वजनिक गर्ने निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। | | |
| १२ | **विद्युतीय सुशासन आयोजनाः-** मुख्यमन्त्री कार्यालयबाट ई-गभरनेन्स लागु गरी पेपरलेस डिजिटल गण्डकी प्रदेश बनाउने उद्देश्यले घोषणा भएको विद्युतीय सुशासन आयोजना अन्तर्गत गत वर्ष रू.४३ लाख ४० हजार खर्च गरी विद्युतीय सुशासन गुरुयोजना तयार गरिएको छ । ई-गभर्नेन्स गुरुयोजना अनुसार सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी बनाई प्रदेशलाई डिजिटल प्रदेशको रूपमा विकास गर्न विद्युतीय गण्डकी प्रदेशको अवधारणापत्र स्वीकृत गरी प्रदेश गौरवको आयोजनाको रूपमा कार्य अगाडि बढाइएको छ । सो बमोजिम यस कार्यालयले प्रदेशका सबै कार्यालयहरूको स्वीकृत वार्षिक विकास कार्यक्रमको प्रगतिको अनुगमन, जनताको गुनासो सुन्न तथा पृष्ठपोषण लिन एक्सन रुम, जनतासँग मुख्यमन्त्री कार्यक्रम र हेलो मुख्यमन्त्री कक्ष सञ्चालन, प्रदेशमा कार्यरत निजामती कर्मचारीको व्यक्तिगत अभिलेख प्रणाली सफ्टवेयर निर्माण गरी तथ्याङ्क प्रविष्टि गर्ने प्रयोजनको लागि यो वर्ष रू.२० लाख खर्च गरेको | विद्युतीय सुशासन कार्यक्रम अन्तर्गत यातायात व्यवस्थाका कार्यालय सवारी र घरेलु तथा उद्योग कार्यालयका सम्पूर्ण ढड्डा तथा फाईलहरु स्क्यानिङ गरी विद्युतीय माध्यमद्वारा कामहरु अगाडि बढिरहेको छ । | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | भएतापनि अभिलेख अद्यावधिक गरेको छैन । सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी बनाउन गुरुयोजनामा भएका बाँकी कामहरू पनि कार्यान्वयन गर्नुपर्दछ । | | |
| १३ | **<u>साविक आन्तरिक मामिला मन्त्रालय</u>**<br>**कार्य जिम्मेवारीः-** गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य जिम्मेवारीमा तोकिएका मध्ये प्रदेश सुरक्षा नीति निर्माण, प्रदेश प्रहरी ऐन निर्माण, प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, सामुदायिक प्रहरी गठन, अपराध तथा यातना पीडितको पुर्नस्थापना र क्षतिपूर्ति, निवारक नजरबन्द र स्थान हद सम्बन्धी कार्य, जग्गा अधिग्रहण सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, जग्गा विवाद समाधान सम्बन्धी, व्यक्तिको पहिचान सम्बन्धी जिम्मेवारी कार्यान्वयन भएको छैन। नियमावलीमा तोकिएबमोजिम कार्यजिम्मेवारी पूरा गर्नुपर्दछ। | मन्त्रालयले आफ्नो कार्यजिम्मेवारीलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न आवश्यक नीति, संरचना, कार्यविधि, मापदण्डको तर्जुमा गरी कार्यसम्पादन गरेको छ। बेरूजु उल्लेख भए बमोजिम प्रदेश प्रहरी कानुन लगायतका कानुनहरु निर्माण गरी सकेकोछ। प्रदेशले तर्जुमा गरेका धेरै कानुनहरु संघीय कानुन नबनेको कारण कार्यान्वयन गर्न समस्या परेको छ। प्रदेशको अधिकार अन्तर्गत रहेका विषयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तर्फ मन्त्रालय दृढसङ्कल्पका साथ लागि परेको व्यहोरा अनुरोध छ। प्रहरी समायोजन नभएको हुँदा प्रदेश सरकारबाट जारी भएको ऐन कार्यान्वयन हुन सकेको छैन। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १४ | **नीति तथा कार्यक्रमः-** प्रदेश सरकारको यो वर्षको नीति तथा कार्यक्रममा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित विषयहरू मध्ये प्रदेशको सुरक्षा नीति तर्जुमा | नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि नै बजेट तर्जुमा गर्ने गरिएको छ । तथापि नागरिकको आवश्यकता, चाहना र राजनैतिक प्रतिवद्धता समेतलाई पूरा गर्न उपलव्ध सिमित स्रोत साधनको | नीति तथा कार्यक्रममा उल्लेख गर्ने तर बजेट विनियोजन नगर्नु उपयुक्त नभएकाले महालेखापरीक्षकको |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | गर्ने, अन्तरप्रदेश सुरक्षा समन्वयलाई थप प्रभावकारी र गतिशील बनाउने, प्रदेश प्रहरीको गठन गरी संगठन संरचना तयार गर्ने, नागरिकमैत्री प्रहरी कार्यक्रम सञ्चालन गर्ने, प्रदेश विपद् प्राधिकरण स्थापनाका लागि आवश्यक तयारी आरम्भ गर्ने। | अधिकतम उपयोग गरी नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने र अपेक्षित नतिजा हासिल गर्नेतर्फ सरकारले काम गरिरहेको व्यहोरा अनुरोध छ । | सुझावअनुसार नै नीति कार्यक्रमको कार्यान्वयनको लागि अनिवार्य बजेट व्यवस्थापन गर्न निर्देशन दिने। |
| १५ | **लक्ष्य प्रगतिः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३२ मा प्रगति प्रतिवेदन तयार गर्नुपर्ने, नियम ३३ बमोजिम प्रगति विवरणको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने उल्लेख छ। प्राप्त प्रगति प्रतिवेदन अनुसार मन्त्रालय र मातहत निकाय समेतमा विनियोजित बजेट रू.३९ करोड ५९ लाख मध्ये रू.३४ करोड ८४ लाख २६ हजार खर्च भई औसतमा ८८.०१ प्रतिशत खर्च भएकोछ। विभिन्न ६ कार्यक्रममा रु.१ करोड २५ लाख १० हजार बजेट विनियोजन भएकोमा शुन्य प्रगति र ७ कार्यक्रममा रू.४३ लाख बजेट विनियोजन भएका १.८० देखि ४६.१४ प्रतिशतसम्म वित्तीय प्रगति भई रू.१० लाख १८ हजार खर्च भएको छ। स्वीकृत कार्यक्रम अनुसार आयोजनाहरू तोकिएको समयमा सम्पन्न गर्नु पर्दछ। | वार्षिक कार्यक्रमलाई मासिक, द्वैमासिक, त्रैमासिक, चौमासिक र अर्धवार्षिक गरी विभाजन गरिएको छ र निर्देशनमा भनिए अनुसार सन्तुलित रुपमा समयमै खर्च हुने गरी कार्यसम्पादन गर्नुपर्ने कुरालाई प्राथमिकतामा राखी नियमित अनुगमन र प्रगति विवरण समेत पेश गर्नुपर्ने गरी सम्वन्धितलाई जिम्मेवार बनाईएको छ । | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| १६ | **रकमान्तरः-** गण्डकी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३(३) मा बढी स्वीकृत रकमको १० प्रतिशत नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। मन्त्रालयले असार मसान्तमा आफु र मातहतको लागि विनियोजन भएको सुरु बजेट रु.२२ करोड ७३ लाखमा रकमान्तर मार्फत रु.१६ करोड ८६ लाख रकम थप गरी अन्तिम बजेट रु.३९ करोड ५९ लाख कायम गरेको छ। ऐनको व्यवस्था अनुसार बढीमा कुल रकमको १० प्रतिशतको सीमाभित्र रही रकमान्तर गर्नुपर्नेमा ७४.१७ प्रतिशत गरेको छ। विनियोजन ऐनको परिपालना हुनुपर्दछ। | गण्डकी प्रदेश सरकार राजपत्रमा मिति २०७९/१०/०९ मा प्रकाशित प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूची-१ र अनुसूची-२ हेरफेर सम्वन्धी सूचना अनुसार साविकको आन्तरिक मामिला मन्त्रालय एवं कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय गाभिई आन्तरिक मामिला तथा कानुन मन्त्रालय भएको। साविक दुवै मन्त्रालयमा विनियोजन भएको बजेटले नपुग्ने भएकोले विभिन्न स्थानमा रहेका प्रहरी चौकी निर्माण सम्पन्न योजनाहरुको स्रोत अभावका कारण भुक्तानी दिन बाकी रहेकोले रकमान्तर गर्नुपरेको व्यहोरा अनुरोध छ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १८ | **<u>साविक कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय</u>**<br>**बजेट कार्यान्वयनः-** प्रदेश सरकारको बजेटमा उल्लिखित व्यहोराहरू मन्त्रालयले कार्यान्वयन गर्नुपर्दछ। मन्त्रालयको कार्यक्षेत्रमा पर्ने न्यायिक समिति तथा विधायन समितिको कार्यसञ्चालनको लागि रू.१२ लाख ५० हजार, गण्डकी प्रदेश प्रेस रजिष्टारको कार्यालय स्थापनाको लागि रू.५० लाख र निशुल्क कानूनी सहायताका लागि रू.१ करोड बजेट व्यवस्था | (क)चालु आर्थिक वर्षदेखि प्रेस रजिष्ट्रारको कार्यालय स्थापना भई सञ्चालनमा आएको।<br>(ख)स्थानीय तहको न्यायिक समितिको कार्यलाई सहजीकरण र थप व्यवस्थित बनाउन स्थानीय न्यायिक सहजकर्ता (छनौट तथा परिचालन) कार्यविधि, २०८१ बमोजिम स्थानीय न्यायिक सहजकर्ता छनौट भै हाल कार्यान्वयन भैसकेको। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | भएकोमा कार्यान्वयन गरेको देखिएन । बजेटमा भएको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ। | | |
| २१ | **गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**<br>लक्ष्य प्रगतिः- स्वीकृत वार्षिक कार्यक्रम अनुसार लक्ष्य निर्धारण गरिएका कार्यहरू तोकिएको समयमा सञ्चालन गरी गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३२ (१) बमोजिम अनुसूची-२ को ढाँचामा बजेट खर्च समेत देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। न्यायिक समितिका सदस्यहरूलाई मनोसामाजिक सहयोग सम्बन्धी तालिम, अपाङ्गमैत्री स्थानीय शासन प्रवर्द्धन अभिमुखीकरण लगायत २३ कार्यक्रमका लागि रू.१ करोड ७८ लाख ५० हजार बजेट विनियोजन गरेकोमा प्रगति भएको देखिएन । कार्यालयलाई प्राप्त बजेटबाट सञ्चालित विभिन्न कार्यक्रमहरू मध्ये प्रशिक्षण सामग्री र आधारभूत कार्य सञ्चालन कार्यविधि निर्माण, कार्यमूलक अनुसन्धान, लेख तथा प्रकाशन कार्यक्रम लगायत ५ कार्यक्रमको भौतिक प्रगति ५० प्रतिशत भन्दा न्यून देखियो। साथै निर्वाचित महिला जनप्रतिनिधिलाई रुपान्तरणकारी नेतृत्व विकास | आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरिएको । PAMS कार्यान्वयन गरिएको । पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग गरिएको। PLGSP अन्तर्गत स्थानीय तहसँग MOU गरी कार्यान्वयन गरिएका योजनाहरुमा तेस्रो चौमासिकमा भुक्तानी भएको। PLGSP अन्तर्गतका कार्यक्रम बढी भएकोले केहि कार्यक्रम कार्यान्वयन हुन नसकेको।<br>जिल्ला र स्थानीय तहहरुमा गई सोही जिल्ला वा स्थानीय तहका कर्मचारीहरु एवं पदाधिकारीलाई सोही जिल्ला वा स्थानीय तहको प्रशिक्षक छनौट गरी तालिम सञ्चालन गरेको तर प्रदेशको खर्चको मापदण्ड लागू नभएको। बेरुजु सम्परीक्षण भएको।लागत अनुमान अनुसार पेश्की लिएको तर वास्तविक खर्च लागत अनुमान भन्दा कम हुँदा पेश्की बैंक दाखिला गर्ने गरिएको।पेश्कीलाई खर्च मानी प्रविष्टी गरिएको र हाल सम्परीक्षण गरिएको।कर बिजक रीतपूर्वक नरहेकोमा हाल प्रमाण पेश गरी सम्परीक्षण भै सकेकोछ। ल्यापटप वितरणको समेत प्रमाण पेश गरी सम्परीक्षण भै सकेकोछ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | तालिमको भौतिक प्रगति ६६.६७ रहेको देखियो। लक्ष्य अनुसार प्रगति हाँसिल गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। | | |
| | **कूल बेरुजुः-** मन्त्रालय र मातहतका समेत ३ कार्यालयमा यो वर्ष रू.११ लाख ५५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनबाट फस्यौट नभएकोले सो बेरुजु बाँकी रहेको छ। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रु.२२,२०० र साविक आन्तरिक मामिला मन्त्रालयको रु.४,१९,८२१ गरी जम्मा रु ४,४२,०२१/- सम्परीक्षण भई फस्यौंट भैसकेको छ र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको रु.१,२१,३२१ हालसम्म सम्परीक्षण नभएको। यसरी तीनवटै गरी जम्मा बेरुजु रु. ५,६३,३४२ हुनुपर्नेमा महालेखापरीक्षकको छैटौं प्रतिवेदनमा रु ११ लाख ५५ हजार बेरुजु बाँकी रहेको देखाएको फरकको बेरुजु रु. ५,९१,६५८ को एकीन हुन नसकेको । | महालेखापरीक्षकको कार्यालयबाट औंल्याइएको बेरुजु र मन्त्रालयको जवाफमा प्राप्त बेरुजु रकम फरक भएको हुँदा कूल बेरुजु कति हो एकिन गरी सम्परीक्षण गराई सार्वजनिक लेखा समितिलाई जानकारी गराउन निर्देशन दिने । |

## ३.३ आर्थिक मामिला मन्त्रालय

### ३.३.१ महालेखापरीक्षकको छैटौं बार्षिक प्रतिवेदन (गण्डकी प्रदेश) २०८१

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| ३ | **कार्य जिम्मेवारी** - गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य जिम्मेवारीमा तोकिएका मध्ये प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सह-वित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख छ। यसैगरी प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयारी, सशर्त अनुदानको सदुपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयारी, प्रदेश राजस्वसम्बन्धी नीति तथा कानुनको तर्जुमा, राजस्य चुहावट नियन्त्रणसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन लगायतका काम हुन बाँकी रहेको छ। नियमावलीमा तोकिएबमोजिम कार्यजिम्मेवारी पूरा गर्नुपर्दछ। | • २०७८ सालमा प्रदेशको आर्थिक-सामाजिक अवस्थाको विष्लेषण गरी प्रकाशन गरिएको ।<br>• कर तथा गैर कर राजश्व सम्वन्धी ऐन, नियमावली र कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिएको ।<br>• सालवसाली आर्थिक ऐन जारी गर्दै आइएको । | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| ४ | **बजेट वक्तव्य कार्यान्वयन-** प्रदेश सरकारको यो वर्षको बजेट वक्तव्यमा उल्लिखित व्यहोराहरू मध्ये संघ, प्रदेश र स्थानीय तहसँगको लागत साझेदारीमा सञ्चालन हुने आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रममा रू.५० करोड, सिमलतरुल लगायत वैकल्पिक खेती विकास सम्बन्धी सम्भाव्यता अध्ययन र पशुपन्छी स्रोतकेन्द्र स्थापनामा रू.१ करोड ५० लाख, मापदण्डका आधारमा ग्रामिण दुर्गम क्षेत्रका कृषकहरूलाई उत्पादनमा टप-अप अनुदान उपलब्ध गराउन रू.५० लाख, चक्लाबन्दी गरिएका स्थानमा यान्त्रिकीकरण प्रवर्द्धन कार्यक्रममा रू.१ करोड ५० लाख, मानव सेवा आश्रम/वृद्धाश्रममा आश्रित दीर्घरोगी बिरामीहरुको लागि निःशुल्क औषधी वितरणमा रू.२० लाख स्पाईनल ईन्जुरी एवम् बौद्धिक अपाङ्गता भएका बिरामीहरूको पुनर्स्थापनाका लागि रु.२ करोड र महिला तथा १६ वर्षभन्दा मुनिका बालवालिकाहरूको क्यान्सरको उपचार सहयोगमा रु.२ करोड बजेट व्यवस्था भएतापनि कार्यक्रम सञ्चालन भएको देखिएन। | • सम्बन्धित विषयगत मन्त्रालयहरुलाई समयमै आवश्यक प्रकृया पूरा गरी कार्यक्रम कार्यान्वयन गरी बजेट कार्यन्वयन सम्बन्धी मार्गदर्शन पठाइएको ।<br>• यस आ.व.मा स्थानीय तहको भवन निर्माणका लागि साझेदारीमा गर्ने गरी प्रक्रिया बढाइएको । | बजेट बक्तव्यमा तोकिएका कार्यक्रमहरु पूर्ण रुपमा कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि निर्माण भएको अवस्थामा सोही आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा गरेको छैन। बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ। | | |
| ५ | **सम्पत्तिको अभिलेख तथा प्रतिवेदन-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ (५) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्नुपर्ने र दफा ५२ मा सरकारी सम्पत्ति संरक्षणको प्रबन्ध गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको तथ्याङ्क अनुसार हालसम्म रु.३ अर्ब ८६ करोड ३ लाख ७० हजार लगत कायम गरिएको छ। कृषि तथा भूमि व्यवस्था मन्त्रालय अन्तर्गतका मनाङ र मुस्ताङका २ कृषि ज्ञान केन्द्र र मनाङ, मुस्ताङ र कास्कीसमेतका भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलगायतका कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेखीकरण गरेका छैनन्। ऐनमा भएको व्यवस्थाको | PAMS मा प्रविष्टि गर्न अनुरोध गरिएको । | प्रदेश आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७८ मा भएको व्यवस्था बमोजिम प्रदेश सरकारको सम्पति र दायित्वको एकीकृत बिवरण तयार गरी सरकारी सम्पतिको संरक्षणको प्रबन्ध गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | कार्यान्वयन गरी सम्पत्तिको एकीकृत विवरण तयार गर्नुपर्दछ। | | |
| ६ | **बजेट समर्पण-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २००३ मा आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म पनि खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा आर्थिक मामिला मन्त्रालयमा बजेट समर्पण गर्नुपर्ने उल्लेख छ। गण्डकी प्रदेश सरकारका विभिन्न निकायको लागि विनियोजित बजेट कार्यान्वयनको क्रममा सन्तोषजनक प्रगति नभएको अवस्थामा उक्त बजेट पूर्ण वा आंशिक रूपमा समर्पण गरेका छन्। अर्थ विविध र स्थानीय तहबाट रकमान्तर गरेकोबाहेक ६ मन्त्रालय तथा प्रदेश व्यवस्थापिका र प्रदेश लोक सेवा आयोगले रु.१ अर्ब ११ करोड १७ लाख बजेट समर्पण गरेको छ। तोकिएको लक्ष्यअनुसार कार्ययोजना बनाई बजेटको कार्यान्वयन गर्नुपर्दछ। | • प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन बमोजिम श्रावण मसान्तभित्रै कार्यान्वयन कार्ययोजना स्वीकृत गरी बजेट कार्यान्वयन गर्न मार्गदर्शन गरिएको । | बजेट कार्यान्वयन क्षमतामा सुधार गर्न र तोकिएको लक्ष्य अनुसार कार्ययोजना बनाई बजेटको कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७ | **अवण्डा बजेटः-** मन्त्रालयले अर्थ विविधमा रु.५ अर्ब २९ करोड ८४ लाख समर्पणवाट प्राप्त बजेट समेत | आगामी तीन आर्थिक वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, MTEF को खाका तथा बजेट तर्जुमा | पूर्व अनुमान गर्न नसकिने अति |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | अवण्डाको रुपमा राखी भैपरी आउने पुंजीगतमा रू.२८ करोड र विभिन्न कार्यक्रम तथा योजनाहरूमा कुल रु.२३ करोड ७८ लाख ७४ हजार बाँडफाँट गरी विभिन्न निकाय/मन्त्रालयले खर्च गरेका छन्। भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले प्राप्त गरेका अख्तियारी मध्ये रु.१९ करोड १४ लाख ४२ हजार र ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले रु.३९ करोड़ ३७ लाख ७५ हजार सुरुमै बाँडफाँट नगरी पटक-पटक रकमान्तर गरी खर्च गरेका छन्। अवण्डा बजेट राखेर पटक-पटक बाँडफाँट गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। | सम्बन्धी मार्गदर्शन र ढाँचा, २०८१ जारी गरी प्रदेश नीति तथा योजना आयोग मार्फत् कार्यक्रम तथा आयोजनामा अवण्डामा रकम एकमुष्ट प्रस्ताव नगर्न र आयोजनागत रुपमा क्रियाकलाप खुल्ने गरी मात्र प्रस्ताव गर्न मार्गदर्शन गरिएको। | आवश्यक कार्यको लागि मात्र सिमित रकम अर्थविविध तथा अवण्डा बजेटमा राख्न निर्देशन दिने |
| ८ | **रकमान्तरः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १५ बमोजिम कार्यक्रम र बजेट स्वीकृत गर्नुपर्ने र नियम २९ मा निश्चित कार्यकमको आधारमा बजेट रकमान्तर हुनुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्: <u>८.१</u> अनिवार्य दायित्व भएका कार्यक्रमहरू, बहुवर्षिय तथा स्रोत सुनिश्चित भएका योजना कार्यक्रममा | गण्डकी प्रदेश विनियोजन ऐन २०८१ को दफा ५ उपदफा २ ङ मा व्यवस्था गरी सुरु बजेट विनियोजन नभएका कार्यक्रममा रकमान्तर गर्ने कार्यलाई बन्देज लगाइएको छ। | ८.१ बर्षान्तमा रकमान्तर गर्ने परिपाटीले वित्तीय नियन्त्रण र आर्थिक अनुशासन कमजोर हुने साथै खर्चको उपलब्धी तथा प्रभावकारीता समेत कमजोर हुने |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | रकमान्तर गरी सम्पन्न गर्नुपर्दछ। ऊर्जा, जलस्रोत खानेपानी मन्त्रालयका विभिन्न २०३ खानेपानी योजनाहरूमा सुरु बजेट रू.४४ करोड ३७ लाख विनियोजन रू.२९ करोड ६५ लाख रकमान्तरबाट थप गरी रू.७४ करोड २ लाख र ४५५ विभिन्न सिंचाई तटबन्ध योजनाहरूमा रू.५७ करोड ८४ लाख विनियोजन भएकोमा रू.२० करोड ९३ लाख रकमान्तरबाट थप गरी रु.७८ करोड ७७ लाख बजेट कायम गरेको छ। त्यसैगरी आषाढ महिनामा प्रदेश सभा, प्रदेश नीति तथा योजना आयोग, विभिन्न मन्त्रालय र अर्थ विविधबाट रू.२ अर्ब ४ करोड २२ लाख ८५ हजार रकमान्तर गरेको छ। वर्षान्तमा रकमान्तर गरी बजेट थप गरिएको रकमको उपलब्धि एवम् बजेट खर्चको प्रतिफल सुनिश्चित नगरी तथा लागत लाभ विश्लेषण बेगर रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | मन्त्रीपरिषद बैठकबाट सहायता वितरण गर्ने निर्णयमा सहमति प्रदान गर्दा कानुनी प्रक्रिया अबलम्बन गरिएको। | हुदा यस्तो प्रकृतिको रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्न निर्देशन दिने । |
| | <u>८.२</u> बजेट विनियोजन नभएको पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गर्न अर्थ विविधमा रू.७२ करोड | | ८.२ महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | बजेट व्यवस्था गरेको देखिन्छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले सुरु बजेट विनियोजन नभएको अवस्थामा सवारी साधन खरिदमा रू.३० लाख रकमान्तर गरेको छ । विषयगत मन्त्रालयले कार्यक्रम बाँडफाँट गरी बजेट माग गरेको आधारमा विनियोजन गरेको र बजेटमा नपरेका तर कार्यविधिमा परेका, संसदले कार्यक्रम र बजेट पारित गर्नुपर्नेमा कार्यविधिको आधार बेगर तयारी एवम् अध्ययन नभएका, प्रतिफल सुनिश्चित नभएका योजनामा कार्यविधि बनाई प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।<br><br><u>८.३</u> गण्डकी प्रदेश मन्त्रालय तथा निकायहरूमा यो वर्ष १३२० वटा क्रियाकलापमा सुरु बजेट विनियोजन नभएको अवस्थामा रकमान्तरबाट रू.३ अर्ब ९५ करोड ५ लाख ४५ हजार थप र रू.९ करोड ५४ लाख ५९ हजार घट भई रू.३ अर्ब ८५ करोड ५० लाख ८६ हजार खुद बजेट कायम गरेको छ। कानूनको परिपालना गरेर मात्र रकमान्तर गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ । | | ८.३ सुरु बजेट बिनियोजन नभएको अवस्थामा समेत रकमान्तर गरी खर्च गर्ने परिपाटीको पूर्ण रुपमा अन्त्य गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | <u>८.४</u> मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सशर्त अनुदान शीर्षकमा सुरु विनियोजन रू.१ करोड भएकोमा प्रथम पटक रू.३० लाख र दोस्रो पटक रू.२५ लाख थप गरी रू.१ करोड ५५ लाख आर्थिक सहायतामा खर्च गर्ने गरी थप निकासा गरेको छ।कडा रोगबाट पीडितलाई सुरुमा रू.१ करोड विनियोजन गरी रू.१ करोड ६० लाख थपसमेत गरी रू.२ करोड ६० लाख निकासा गरी रू.२ करोड ५४ लाख ५ हजार खर्च गरेको छ। आर्थिक सहायता वितरणमा पटक-पटक अर्थ बजेटबाट रकम थप गरिनुले वितरणमुखी कार्यलाई बढावा पुगेको अवस्था छ। खर्चको मापदण्ड तयार एवम् पालना गरी मितव्ययिता कायम गरिनु पर्दछ। | | ८.४ मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट आर्थिक सहायता बितरणमा समेत पटक पटक अर्थ बजेटबाट रकम थप गरी बितरण गर्दा उपयुक्त खर्चको मापदण्ड तयार गरी मितव्ययिता कायम गर्न निर्देशन दिने । |
| ९ | **अनुदानः-** बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा २३ मा सम्झौता बमोजिम कार्यक्रम सञ्चालनको अनुगमन गर्ने, अनुदान रकम र खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानुन बमोजिम सम्बन्धित लेखाउत्तरदायी | लगत राख्न सम्बन्धित मन्त्रालयमा समन्वय गरिएको।<br>पुँजिगत अनुदान पाएका संस्था विघटन भएको अवस्थामा पुँजिगत सम्पत्ति सरकारको अधिकार हुने व्यवस्था हुनु पर्दछ। यस सम्बन्धी व्यवस्थाका लागि | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | अधिकृतको हुने व्यवस्था छ। प्रदेश मन्त्रालय तथा मातहतको कार्यालयबाट अनुदान शीर्षकहरूमा सुरु बजेट रू.४३ करोड ५० लाख २० हजार विनियोजन भएकोमा संशोधित बजेट रू.४० करोड ४३ लाख २० हजार कायम भई रू.३२ करोड ७२ लाख ६६ हजार खर्च भएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले रू.१ करोड २९ लाख ५७ हजार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयले रू.१ करोड ३२ लाख २६ हजार, कृषि तथा भूमिव्यवस्था मन्त्रालयले रू.१२ करोड ६३ लाख २६ हजार र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले रु.१७ करोड ४७ लाख ५७ हजार अनुदान खर्च गरेका छन्। अनुदानको उपयोगिता, उत्पादन तथा उत्पादकत्व, जीवनस्तर र रोजगारीमा भएको सुधारबारे अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। साथै पुँजीगत अनुदान पाएका संस्था विघटन भएको अवस्थामा सो अनुदानबाट खरिद गरेको पुँजीगत सम्पत्तिमा सरकारको अधिकार हुने व्यवस्था गर्नुपर्दछ। | कार्यविधि बनाएर कार्यान्वयनमा जान सकिने। | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| १० | **कर तथा शुल्कः-** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने कार्य अर्थ मन्त्रालयको रहेको छ। प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन सेवा शुल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानुन बनाई कर तथा शुल्कका दर तोक्न सक्ने अधिकार छ। यस वर्ष कृषि आयमा कर, पर्यटन शुल्क, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर शुल्क असुली लगायतका शीर्षकमा रू.१४ अर्ब ६५ करोड ५८ लाख असुली गर्ने अनुमान गरेकोमा रू.९ अर्ब ८७ करोड ७४ लाख ३५ हजार अर्थात् अनुमानको ६७.३९ प्रतिशत र कुल आय रू.२७ अर्ब १८ करोड ८ लाख १६ हजारको ३६.३४ प्रतिशत मात्र आन्तरिक आय प्राप्त भएकोले प्रभावकारी रूपमा असुली हुन नसकेको अवस्था छ। नियमित अनुगमन गरी असुली प्रक्रियामा सुधार ल्याउनुपर्दछ। | स्थानीय तह र प्रदेशका राजश्व सङ्कलन गर्ने कार्यालयमा सङ्कलित राजश्व प्रदेश सञ्चितकोषमा दाखिला गर्न निर्देशन तथा पत्राचार गर्ने गरिएको। करको दायरा पहिचानको लागि विषयगत मन्त्रालयहरुसँग निरन्तर छलफल तथा अन्तरक्रिया गर्ने गरिएको। | आन्तरिक राजश्व असुलिमा बृदि गर्न आबश्यक कानुनी र प्रशासनिक क्षेत्रमा सुधार गरी तोकिएको लक्ष्य बमोजिम राजश्व असुली गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| ११ | **विस्तृत आयोजना प्रतिवेदन-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १७ मा वार्षिक कार्यक्रमको आधारमा खर्च गर्नुपर्ने उल्लेख छ। आर्थिक मामिला मन्त्रालयले एकमुष्ट रू.५ करोड विनियोजन भई सिँचाई, नदी नियन्त्रण तथा खानेपानी सम्बन्धी योजनाहरूको अध्ययन सर्वेक्षण लगायतका विस्तृत प्रतिवेदन तयार गर्न ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयलाई निकासा गरेको छ। योजना तथा कार्यक्रमको नामनामेसी विवरण बेगर नै आर्थिक मामिला मन्त्रालयले ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयलाई निकासा गरी मातहतका १६ कार्यालयले रू.३ करोड ५० लाख खर्च गरेका छन्। योजनाको विस्तृत विवरणको आधारमा विनियोजन एवम् निकासा गर्नुपर्दछ। | योजनाको विस्तृत विवरणको आधारमा विनियोजन एवम् निकासा दिनु पर्दछ। बहुबर्षीयको हकमा यो प्रावधान लागू गरिएको छ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| १२ | **अन्तर सरकारी अख्तियारी-** प्रदेश सरकारको विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रशासनिक तया चालुतर्फका कार्यक्रमको लागि नेपाल सरकारका निकायलाई रकम उपलब्ध गराउन नमिल्ने व्यवस्था छ | त्यस्तो प्रकृतिका कार्यक्रममा बजेट विनियोजन गर्ने कार्य निरुत्साहन गर्ने प्रयास भएको। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | । सङ्घीय तहका कार्यक्रम सञ्चालन गर्न २७ सङ्घीय कार्यालयलाई यो वर्ष रु.१४ करोड ५६ लाख २६ हजार बजेट निकासा दिएकोमा रू.१३ करोड ६० लाख ९७ हजार खर्च गरेका छन्। कानुनमा भएको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ। | | |
| १३ | **आन्तरिक ऋणः-** घाटा बजेट पूर्ति गर्न आन्तरिक स्रोतबाट रु.१ अर्ब र नेपाल सरकारबाट रु.१ अर्ब ऋण लिने उल्लेख गरेकोमा उक्त ऋण लिएको छैन। आन्तरिक ऋण प्राप्ती गर्नको लागि आवश्यक पर्ने कानुनहरू समेत निर्माण भएको छैन। गत वर्षमा यस सम्बन्धमा कैफियत उल्लेख गरिएकोमा सुधार भएको देखिएन। कार्यान्वयन नहुने गरी बजेटमा समावेश गरी बजेटको आकार वृद्धि गर्नु उपयुक्त देखिएन। | जलस्रोत तथा सिंचाई कार्यालय, कास्कीले बैंकबाट फिर्ता लिई धरौटी खातामा राखेको पेश्की जमानत रकम प्रतिबेदन प्राप्त गर्ने वित्तिकै राजस्व खातामा दाखिला गरिसकिएको जानकारी/प्रमाण प्राप्त भएको छ। | आन्तरिक ऋण प्राप्तिको लागि आवश्यक कानुन निर्माण नभैसकेको अवस्थामा बजेटमा समावेस गरी बजेटको आकार मात्र बृदि नगर्न निर्देशन दिने। |
| १४ | **बजेट खर्च दक्षता-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ मा चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना गर्ने आधार र पुष्ट्याई सहित पेश गर्नुपर्ने उल्लेख छ। अन्य संस्थामा शेयर लगानी, | विषयगत मन्त्रालयहरुलाई बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन गरिएको। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | आन्तरिक ऋणको व्याज, अन्य तहका सरकारबाट प्राप्त ऋणको व्याज, निवृत्तिभरण तथा अशक्त वृत्ति, उपदान, सेवानिवृत्तको सञ्चित बिदा, मृतक कर्मचारीको सुविधा तथा सहायता, कर्मचारी सुविधा, भैपरी आउने चालु खर्च, भैपरी आउने चालु तथा पुँजीगत खर्च जस्ता शीर्षकमा पुष्टपाई वेगर रू.२ अर्ब १६ करोड ३३ लाख ६० हजार बजेट विनियोजन गरेपनि खर्च गरेको देखिदैन। खर्च हुने आधार तथा दक्षताको आधारमा बजेट विनियोजन गर्नुपर्दछ। | | |
| १५ | **आयोजना बैङ्क-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १६ मा बजेट प्रस्ताव गर्ने विभिन्न आधारमध्ये आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजनाको लागि रकम प्रस्ताव गर्ने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम २४ मा आयोजना कार्यान्वयन गर्ने निकाय/मन्त्रालयहरूले सम्भाव्यता अध्ययन गरी, आवधिक योजना र प्रदेशको प्राथमिकता अनुकूलका आयोजना समावेश गरी आयोजना बैङ्क तयार | यस आर्थिक वर्षदेखि शुरुवात हुने। | प्रदेश आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७९ मा ब्यवस्था भएको आयोजना बैंकको ब्यवस्था गरेर मात्र प्राथमिकताको आधारमा आयोजना छनौट गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | गर्नुपर्ने र प्राथमिकताका आधारमा आयोजना छनौट गर्नुपर्नेमा आयोजना बैङ्कको व्यवस्था गरेको छैन। आयोजना कार्यान्वयनमा प्रभावकारिता हाँसिल हुने गरी कानुनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ। | | |
| १६ | **वित्तीय व्यवस्था-** आर्थिक वर्ष २०७९।८० को बार्षिक बजेटमा रू.५० करोड वित्तीय व्यवस्था गरेको देखिन्छ। प्रदेशको वित्तीय व्यवस्थापन दायित्व (ऋणको साँवा र ब्याज) भुक्तानी गर्नुपर्ने अवस्था नहुँदा समेत वित्तीय व्यवस्था शिर्षकमा बजेट राख्दा बजेटको आकार बढेको देखिन्छ। यसमा सुधार गर्नुपर्दछ। | आगामी बजेट निर्माणमा सुझाव कार्यान्वयनमा ध्यान दिइने। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| १७ | **प्रदेश लेखा नियन्त्रक कार्यालय**<br><br>**प्रदेश सञ्चित कोष -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३(२) बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रूपमा राख्ने तथा वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले स्वीकृत | हाल सो विवरण प्र.ले.नि.का.ले तयार गर्ने गरेको। | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | म.ले.प.फा.नं. २७० को ढाँचामा सजित कोषको वित्तीय विवरण तयार गरी मिति २०८०।०७।१९ गते पेश गरेको छ। प्रदेशको सञ्चित कोषको हिसाब विवरण निम्नानुसार रहेको छ। | | |
| १८ | **अनुदान र राजस्व बाँडफाँट-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ४(२) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले कार्यक्षेत्रभित्रका कार्यालय र स्थानीय तहको आर्थिक कारोवारको एकीकृत वित्तीय प्रतिवेदन तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने उल्लेख छ। कार्यालयले स्थानीय सरकारको एकीकृत प्रतिवेदन तयार नगरी प्रदेश सरकारको आर्थिक कारोबारको मात्र प्रतिवेदन पेश गरेको छ। यससम्बन्धी व्यहोरा निम्न छन्।<br><br>१८.१. स्थानीय तहलाई यो वर्ष कुल रु.१ अर्ब ८९ करोड १५ लाख १८ हजार वित्तीय हस्तान्तरण गरेको छ। उक्त रकम सबै खर्च भएको यकिन तथ्याङ्क नराखी हस्तान्तरण भएको सबै रकमलाई खर्चमा लेखाङ्कन | हाल सो विवरण प्र.ले.नि.का.ले तयार गर्ने गरेको छ । | १८.१ प्रदेश सरकारबाट हस्तान्तरण भएको अनुदानमध्ये खर्च भई बाँकी रहेको रकम फिर्ता गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | गरेको छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष प्रदेशबाट हस्तान्तरण भएको अनुदान मध्ये रु.१ अर्ब ५८ करोड ८३ लाख ४४ हजार खर्च भई रू.३० करोड ३१ लाख ७४ हजार सचित कोषमा फिर्ता गर्नुपर्नेमा स्थानीय तहहरूले रू.५ करोड ९४ लाख ६५ हजार फिर्ता गरेकोले फिर्ता गर्न बाँकी रकम फिर्ता गर्नु गराउनु पर्दछ।<br>१८.२. प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ११ जिल्ला समन्वय समितिलाई रु.१ करोड १० लाख विनियोजन गरी रू.१ करोड ५ लाख ८२ हजार खर्च समेत २०७९।०८० मा अन्तर सरकारी अख्तियारी मार्फत रू.३२ करोड ५२ लाख ७२ हजार विनियोजन गरी रू.२५ करोड ७६ लाख ३१ हजार खर्च गरेको छ। कृषि तथा भूमि व्यवस्था मन्त्रालयले १५ मालपोत कार्यालयलाई रू.६६ लाख २६ हजार बजेट विनियोजन गरेकोमा रु.६५ लाख ४५ हजार खर्च गरेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले प्रदेश प्रहरी कार्यालयलाई रू.१२ करोड ८० लाख विनियोजन गरेकोमा रू.११ करोड ८९ लाख ७० हजार खर्च भएको छ। | | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | १८.३. प्रदेश लेखा नियन्त्रक कार्यालयले २०८०।७।१९ मा पेश गरेको एकीकृत वित्तीय विवरणबाट राजश्व तथा अनुदान आम्दानी रु.२२ अर्ब ७७ करोड ३४ लाख ९४ हजार र आर्थिक वर्षको अन्त्यको मौज्दात रु.२ अर्ब ३३ करोड ५३ लाख २ हजार देखाएकोमा नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) मा आधारित एकिकृत वित्तीय विवरणमा राजश्व तथा अनुदान आम्दानी रु. २२ अर्ब २१ करोड १४ लाख ६७ हजार र वर्षान्तको मौज्दात रु. २ अर्व ९२ करोड ७५ लाख १७ हजार देखाउँदा राजच तथा अनुदान आम्दानी रू.५६ करोड २० लाख २७ हजार घटी र वर्षान्तको मौज्दात रू.५९ करोड २२ लाख १५ हजारले बढी देखाएको छ। सचित कोष तथा मौज्दात हिसाबको यथार्थता एकिन गर्नुपर्दछ। | | १८.३ सञ्चित कोष तथा मौज्दात हिसाबको यथार्थ बिवरण पेश गर्न निर्देशन दिने। |
| १९ | **धरौटी-** प्रदेश अन्तर्गत ७ मन्त्रालय तथा ५ निकायमा गतवर्षको धरौटी बाँकी जिम्मेवारी रु.१ अर्व ४० करोड १९ लाख १६ हजार र यो वर्ष आम्दानी रू.६६ करोड ११ लाख ३ हजार समेत गरी रू.२ | अन्तरसरकारी अख्तियारीबाट संघीय सरकार मातहतका कार्यलयहरुबाट कार्यान्वयनमा गएका | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | अर्ब ६ करोड ३० लाख १९ हजार धरौटी आम्दानी भएकोमा सदरस्याहा र फिर्तासमेत रु.५३ करोड ३२ लाख १६ हजार खर्च भई रु.१ अर्ब ५२ करोड ९८ लाख ३ हजार बाँकी रहेको छ। कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेश अन्तर्गत नपर्ने ४ संङ्घीय कार्यालयहरूको गत वर्षको धरौटी रकम रु.१ करोड ९८ लाख ३० हजार बाँकी रहेको छ। प्रदेश अन्तर्गत नपरेका कार्यालयहरूको धरौटी रकम समेत समावेश गरेकोले आर्थिक विवरण यथार्थपरक देखिएन। नियमानुसार आर्थिक विवरण यथार्थपरक बनाउनु पर्दछ। | आयोजनाहरुको धरौटि विवरण समेत समावेश भएको। | दिने । |
| २० | **वित्तीय हस्तान्तरण-** यस वर्ष संघीय सरकारबाट वित्तीय हस्तान्तरण अन्तर्गत समानीकरण, सशर्त, विशेष तथा समपुरक बजेट प्राप्त भएको छ। सोको लेखा परीक्षण गरी अभिलेख राख्नु पर्दछ। | अन्तिम लेखा परीक्षण हुनु अगावै असुल उपरको लागि निरन्तर ताकेता गरिएको, लगत कायम भएका अन्य बेरुजुहरुको पनि फछ्यौंट गरी सम्परीक्षण लागि निरन्तर ताकेता गरिएको । | |
| २१ | **आन्तरिक लेखापरीक्षण-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३२ मा प्रदेश सरकारका कार्यालयको कारोबारको आन्तरिक | अन्तिम लेखा परीक्षण हुनु अगावै असुल उपरको लागि निरन्तर ताकेता गरिएको, लगत कायम भएका अन्य बेरुजुहरुको पनि फछ्यौंट गरी सम्परीक्षण लागि निरन्तर ताकेता गरिएको । | आन्तरिक लेखा परीक्षणबाट कायम भएको बेरुजु नियमानुसार असुल फछ्यौट गर्न निर्देशन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाई कार्यालयबाट हुने उल्लेख छ । कानुनको रित नपुर्‍याई कारोवार गरेको, राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेकोलाई बेरुजुको परिभाषा गरिएअनुसार आन्तरिक लेखापरीक्षणबाट प्रदेश सरकारको रु.७१ करोड ५८ लाख २१ हजार आन्तरिक लेखापरीक्षण बेरुजु कायम भएको छ । उक्त बेरुजु नियमानुसार असुल फस्यौट गर्नुपर्दछ । | | दिने । |
| * | **अनुगमन-** गत विगतका प्रतिवेदनमा अवण्डा बजेट राखी खर्च गरेको, आर्थिक वर्षको अन्तमा रकमान्तर गरेको, स्रोत सुनिश्चितता बेगर आयोजनाहरू कार्यान्वयन, बहुवर्षिय आयोजनाहरूलाई पर्याप्त बजेट विनियोजन नगरेको, बजेटमा आन्तरिक ऋणको व्यवस्था गरेतापनि तदनुसार कानुनी व्यवस्था गरी कार्यान्वयन नगरेको लगायतका व्यहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन । बेरुजु नरहेको। | | |

## ३.४ उर्जा,जलस्रोत तथा खानेपानी मन्त्रालय

### ३.४.१ महालेखा परीक्षकको छैटौं बार्षिक प्रतिवेदन (गण्डकी प्रदेश) २०८१

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| २ | **कार्य जिम्मेवारी** - गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको<br>कार्य जिम्मेवारीमा तोकिएका मध्ये विद्युत सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, सेवाको गुणस्तर, सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन, राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेशका नदी तथा सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन र व्यवस्थापन लगायतका कार्यजिम्मेवारी पूरा गरेको छैन। नियमावलीमा तोकिएबमोजिम कार्यजिम्मेवारी पूरा गर्नुपर्दछ। | ▪ सिमित स्रोत साधनको अधिनमा रही गण्डकी प्रदेश सरकार कार्य बिभाजन नियमावली, २०७४ अनुसार मन्त्रालयको लागि तोकिएका कार्यहरु सम्पादन गरिदै आएको छ ।<br>▪ प्रदेश सिंचाइ ऐन, २०७८ र प्रदेश खानेपानी ऐन, २०७९ जारी भइसकेको।<br>▪ बिद्युत विकास विधेयक संसदको चालु अधिवेसनमा पेश हुन गईरहेको छ।<br>▪ जलस्रोत ऐन तर्जुमाको चरणमा रहेको छ।<br>▪ सिँचाई र खानेपानी नियमावलीहरुको मस्यौदा तयारी भैसकेको छन्।<br>▪ मन्त्रालयको लक्ष्य, उद्देश्य हासिल गर्नको लागि लिफ्टिङ्ग खानेपानी/सिंचाई आयोजनामा विद्युत महसुल अनुदान, घरेलु सौर्य ऊर्जा प्रविधि जडान, स्थानीय तहको साझेदारीमा काठेपोल प्रतिस्थापन लगायत अन्य कार्यीबिधि तथा मापदण्डहरु आवश्यकता अनुसार तयार गरी जारी गरिएको। | हाल विद्युत विकास सम्बन्धी विधेयक गण्डकी प्रदेश सभामा पेश गरेको अवस्था रहेको छ । उक्त विधेयकले यसमा उठेका विषयहरु सम्बोधन गरेको तथा अन्य विषयका सन्दर्भमा पनि महालेखापरीक्षकको कार्यालयको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | **आवधिक योजनाको कार्यान्वयन** - प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजना (२०७६।७७-२०८०।८१) मा देहायका कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य राखेकोमा मध्यावधि समिक्षा अवधि सम्म अधिकांश कार्यक्रममा | • प्रथम आवधिक योजनाले राखेको लक्ष्य मध्ये प्रति जलविद्युत उत्पादन ४४८ मे.वा. बाट बढाई १५०० मे. वा. पुर्याउने लक्ष्य लिईएकोमा गत वर्ष सम्म ७३३ मे.वा. र यस वर्ष ८२१ मे.वा. पुगेकोछ । संघीय सरकारले १५ औं योजनामा लिएको लक्ष्य | आवधिक योजनासँग सामन्जस्यता हुने गरी वार्षिक नीति तथा कार्यक्रम तथा वजेट निर्माण गरी कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | लक्ष्य अनुसारको प्रगति हासिल नभएको अवस्था छ। प्रथम पञ्चवर्षिय योजनाको ८० प्रतिशत अवधि समाप्त हुँदा प्रति व्यक्ति विद्युत खपत ७५० किलोवाट घण्टा लक्ष्य राखेकोमा २१० किलोवाट घण्टा भई विद्युत खपतमा २८ प्रतिशत, जलविद्युत आयोजनाको जडित क्षमता १५०० मेगावट लक्ष्य रहेकोमा ७३३ मेगावट भई ४९ प्रतिशत र घरेलु सौर्य ऊर्जा प्रविधि जडानमा २००० वटा लक्ष्य राखेकोमा १ हजार २०५ वटा भई ६० प्रतिशत, सिंचित क्षेत्रफल विस्तार ८ हजार १३५ हेक्टरमा गर्ने लक्ष्य रहेकोमा ४ हजार ६१ हेक्टरमा भई ५० प्रतिशत प्रगति भई न्यून प्रगति देखिन्छ । आवधिक योजनाले निर्धारण गरेको लक्ष्य बमोजिम प्रगति हाँसिल हनेगरी कार्य गर्नपर्दछ। | प्रदेश र स्थानीय तहले आफ्नो आवधिक योजनामा आन्तरिकीकरण गर्नुपर्ने हुनाले जान्दाजान्दै पनि प्रदेशले ठूलो लक्ष्य लिनु परेको ।<br>• संघ सरकारले विद्युत ऐन, २०४९ लाई संशोधन गरेर प्रदेश र स्थानीय तहलाई विद्युत उत्पादन गर्ने अधिकार दिनमा ढिलाई गरेको कारण हालसम्म विद्युत उत्पादन कार्य संघ/निजीबाट मात्र हुँदै आइरहेको छ ।<br>• प्रथम आवधिक योजनाले राखेको लक्ष्य मध्ये सिंचित क्षेत्रफल विस्तारमा ६ हजार १३५ हेक्टर लक्ष्य राखेकोमा गत वर्षसम्म ६०९२ हे. र आ.व. २०८०/८१ सम्ममा ६,८३५ हे. विस्तार भएको छ ।<br>• जुन उत्साहका साथ संघीय सरकारले सुरुका वर्षमा प्रदेशलाई स्रोत साधानमा सहयोग गरेको थियो अहिले त्यो दर घटेकोले स्रोत्तको अभावमा लक्ष्य पूरा गर्न नसकिएको ।<br>• घरेलु सौर्य ऊर्जा प्रबिधि जडानको लक्ष्य २००० राखिएकोमा वडा/वडाबाट तथ्याङ्क सङ्कलन गर्दा विद्युतको रास्ट्रिय प्रसारण र लघु बिद्युत पुर्याउन नसकिने भै सौर्य ऊर्जामा निर्भर हुनुपर्ने खालका अति दुर्गम स्थानको वास्तविक घरधुरी सङ्ख्या घटेर १६०४ मा झरेको र हाल जडान भैसकेको। | |
| ४ | **बजेट वक्तव्य कार्यान्वयन-** प्रदेश सरकारको यो वर्षको बजेट वक्तव्यमा उल्लिखित व्यहोराहरू मध्ये सहरी | • **शहरी क्षेत्रमा Cost Recovery अवधारणमा खानेपानी आयोजना सञ्चालनको** लागि आवश्यक कानूनी व्यवस्था नभएको।<br>• **बिद्युततीय सवारी चार्जिङ स्टेशन स्थापनाका** लागि बजेट | कार्यान्वयन गर्न नसकिने तथा प्राविधिक रुपमा पूर्व तयारी नभएका कार्यक्रममा वजेट |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | क्षेत्रमा लागत उठ्ति (कस्ट रिकभरी) अवधारणामा खानेपानी आयोजना सञ्चालन, विद्युतीय सवारी साधन चार्जिङ स्टेशन स्थापना, वायु ऊर्जा उत्पादनको सम्भाव्यता अध्ययन लगायतका कार्यक्रम सञ्चालन भएको देखिएन। बजेट वक्तव्यको कार्यान्वयन अवस्था बारे मन्त्रालयले मातहत कार्यालय समेतको प्रगति विवरण तयार गरेको छैन। बजेट वक्तव्यमा समावेश भएका कार्यक्रम सञ्चालन हुनुपर्दछ। | व्यवस्थापन, संस्थागत संरचना र विषयगत जनशक्ति व्यवस्थापन हुन नसकेको।<br>• **वायू उर्जा उत्पादन सम्भाव्यता अध्ययन** सम्बन्धमा स्वीस प्राविधिक विशेषज्ञ टोलीले ४ वर्ष अगाडि मुस्ताङ जिल्लाको स्थलगत अध्ययन समेतका आधारमा तयार पारेको प्रतिवेदन अनुसार हालको अवस्थामा वायू ऊर्जाको प्रति ईकाई उत्पादन लागत जलविद्युत र सौर्य ऊर्जाको प्रतिइकाइ लागत भन्दा तुलनातमक रूपमा धेरै महङ्गो पर्ने देखिएको। | विनियोजन नगर्न तथा बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरु कार्यान्यवन गर्न निर्देशन दिने। |
| ५ | **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १९ मा विनियोजन ऐनमा तोकिएको कुनै शीर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम कुनै शीर्षकमा वचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ। मन्त्रालय र मातहत कार्यालयको लागि रू.४ अर्ब ८० करोड ४९ लाख ६२ हजार बजेट विनियोजन भएकोमा रकमान्तरबाट रु.१ अर्ब १५ करोड २१ लाख ९६ हजार थप भई रू.५ अर्ब ९५ करोड ७१ लाख ५८ हजार कायम भएको छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार असारमा मात्र | • सिंचाई, खानेपानी र भूमिगत सिंचाई सम्बन्धी योजनाको कार्यान्वयन सुरु गरिएपछी सम्पन्न नभई सेवा सुबिधा प्राप्त नहुने तथा न्यून बजेट विनियोजन रहने योजनाका सवालमा केहि थप वजेट व्यवस्थापन गरी सम्पन्न गर्नका लागि प्रयास गर्ने जिम्मेवारी मन्त्रालयको हुने गर्छ । यस मन्त्रालयले यहि कुरामा ध्यान दिई योजना सम्पन्न गर्नका लागि खर्च नहुने योजनाको केहि वजेट सम्पन्न उन्मुख अवस्थामा पुगेको योजनामा रकमान्तर गर्नका लाइ प्रचलित कानून र प्रक्रिया अनुसार समयमानै आर्थिक मामिला मत्रालय समक्ष पेश गर्ने गरिएको । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | रु.३४ करोड १० लाख ७५ हजार रकमान्तर भएको छ। वर्षान्तमा रकमान्तर हुँदा बजेटको प्रभावकारी परिचालनमा असर पर्ने हुनाले वर्षान्तमा रकमान्तर गर्ने प्रवत्तिमा सुधार गर्नुपर्दछ। | | |
| ६ | **कार्य सञ्चालन स्तरीय कार्य** - प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ अनुसार मन्त्रालयले नीतिगत निर्णय लिने तथा मातहत १६ कार्यालयबाट भएको कार्यक्रम कार्यान्वयनमा अनुगमन गर्नुपर्नेमा विद्युत संरचना निर्माण, गैरआवासिय भवन निर्माण, अन्य सार्वजनिक निर्माण कार्यक्रमहरू मन्त्रालयबाट सञ्चालन गरी रु.२ करोड ८० लाख ३१ हजार खर्च गरेको छ। निर्मित संरचना एवम् सञ्चालित कार्यक्रमको अनुगमन सहजिकरण र निर्देशन दिने तालुक निकाय आफै कार्यक्रम कार्यान्वयन गर्दा अनुगमन कमजोर हुने हुँदा मातहतका निकायबाट कार्यक्रम कार्यान्वयन गरी मन्त्रालयले मातहतका कार्यालयबाट सम्पादित कार्यको अनुगमन, निर्देशन र सहजिकरण गर्नुपर्दछ। | साविकमा जिल्लास्थित कार्यालयमा विद्युत सम्बन्धी प्राविधिक जनशक्ति नरहेकोले मन्त्रालयबाट केहि योजना कार्यान्वयन गरिएकोमा चालु आ.व. मा मन्त्रालयबाट आवस्यकता अनुसार प्राबिधिक जिल्ला जिल्लामा खटाउने व्यवस्था मिलाई यस्ता योजनाको कार्य सञ्चालन सम्बन्धित जिल्लाबाट गर्नेगरी मन्त्रालयमा बजेट र कार्यक्रम नराखिएको\| | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| ७ | **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग | • केही सानातिना आयोजनाहरुको आयोजनागत अभिलेख राख्न व्यवहारिक रुपमा अप्ठारो हुने गरेको तर ठूला र बहुवर्षीय | कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत रूपमा अभिलेख |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | सम्बन्धित अनुसूची-१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज र स्टाफ खर्चका लागि २ प्रतिशत र सानातिना अन्य खर्चका लागि २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत खर्च गर्न सक्ने व्यवस्था रहेको छ। मन्त्रालय मातहतका १६ कार्यालयहरूले यस वर्ष कन्टिन्जेन्सी वापत रु.११ करोड २२ लाख २३ हजार खर्च गरेका छन्। उक्त खर्च पुँजीगत खर्चको २.२१ प्रतिशत हुन आउँदछ। कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत रूपमा अभिलेख नराखेको र नापी कितावमा पनि उल्लेख नगरेबाट आयोजनाको वास्तविक खर्च यकिन हुन सक्ने देखिएन। चालु प्रकृतिको खर्चमा मितव्ययिता कायम गरी पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। | आयोगजनाहरुको छुट्टै अभिलेख राखी सोही अनुरुप खर्च गर्ने गरिएको छ ।<br>• कूल पूँजीगत खर्चको ४ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न पाउने कानूनी अधिकार भएपनि खर्च मितव्यीता कायम गर्दै अत्यावश्यक ठाँउमा मात्र खर्च गरी २.२१ प्रतिशत रकम मात्र कन्टिन्जेन्सी वापत खर्च गरिएको। | राखी नापी कितावमा समेत उल्लेख गर्न निर्देशन दिने । |
| ८ | **सिंचाईको अवस्था -** प्रदेशको पञ्चवर्षिय योजना अनुसार गण्डकी प्रदेशको कुल भू-भाग २१ लाख ९७ हजार ३६८ हेक्टर मध्ये २२.२ प्रतिशत खेतीयोग्य जमिन रहेको छ। खेतीयोग्य जमिनको ७६ प्रतिशत जमिनमा खेति गरी २४ प्रतिशत जमिन बाँझो रहेको उल्लेख छ। खेती गरिएको जमिनमध्ये सिञ्चित जमिन ३६.१ प्रतिशत रहेको छ। हालसम्म ६६ हजार ५६७ हेक्टर | • स्थान, भूगोल, पानीको स्रोत अनुसार आवस्यकता अनुसार सतह, लिफ्ट, पाइप, थोपा, भूमिगत, फोहोरा र नयाँ प्रविधिका सिंचाई आयोजना छनौट गरी कार्यान्वयन गर्ने गरिएको\|<br>• प्रदेश सरकारको स्थापना भएपश्चात थप ६,८३५ हेक्टर नयाँ सिंचित क्षेत्र विस्तार गरिएको\| | यसमा उल्लेख भएको तथ्याङ्क अद्यावधिक गरी महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | जमिनमा भरपर्दो सिँचाई सुविधा पुगेको छ भने ६८ हजार १९१ हेक्टर मौसमी सिँचाईमा भर पर्नुपर्ने अवस्था छ। खेतीयोग्य जमिनमा सिँचाई सुविधा वृद्धि गरी कृषिमा उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरिवी निवारणमा योगदान पुऱ्याउन उपयुक्त प्रविधिको सिँचाई योजना सञ्चालन हुनुपर्दछ। | | |
| ९ | **ऊर्जा विकास तथा विस्तार-** उज्यालो गण्डकी प्रदेश कार्यक्रम अन्तर्गत बत्ती वाल्न आधुनिक ऊर्जाको प्रयोग गर्ने घरधुरी संख्या ९९.५ प्रतिशत पुगेको छ। ५ लाख ७४ हजार ७९८ घरधुरीमा विद्युत सुविधा पुगेको र २ हजार ८८४ घरधुरीमा विद्युत सुविधा पुग्न बाँकी देखिन्छ। प्रदेशमा आधुनिक ऊर्जाको पहुँच ८२.५० प्रतिशत जनतामा पुगेको छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार यस प्रदेशका ६९.३० प्रतिशत घर परिवारले खाना पकाउन प्रयोग गर्ने सम्भावित क्षमता २० हजार ६५० मेगावाट रहेकोमा आर्थिक रूपले १२ हजार ९३० मेगावाट विद्युत उत्पादन गर्न सकिने देखिन्छ। ऊर्जाको विकास र विस्तारको लागि जलाशययुक्त, ठुला र मझौला जलविद्युत आयोजना, सौर्य ऊर्जा र वायु ऊर्जाका आयोजनाहरू सञ्चालन गरी | • संघीय विद्युत ऐन र प्रदेश विद्युत ऐन जारी भई प्रदेशमा अधिकार र जिम्मेवारी आएपछि प्रदेशस्तरबाट विद्युत उत्पादन कार्य शुरु गर्न सकिने।<br>• सुझाव कार्यान्वयनका लागि धेरै स्रोत व्यवस्थापन गर्नुपर्ने। | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | विद्युत उत्पादन बढाउनुपर्ने देखिन्छ। | | |
| १० | **खानेपानी तथा सरसफाई सुविधा** - प्रदेश सरकारले घोषणा गरेको एक घर एक धारा खानेपानी उपलब्ध गराउने कार्यक्रम अन्तगत ४ सय २२ आयोजना सम्पन्न भई ९३ हजार ८१५ घरधुरीमा १ लाख १६ हजार ८६ निजी धारा जडान भई ६ लाख ३८ हजार ४७३ जनसंख्या प्रत्यक्ष लाभान्वित भएका छन् भने प्रदेशका ८१.४ प्रतिशत जनसंख्यामा शौचालय सुविधा उपलब्ध रहेको छ । प्रदेश प्रथम पञ्चवर्षिय योजनाको मध्यावधि समिक्षा अनुसार आधारभूत खानेपानी पहुँच पुगेको जनसंख्या ९७.२४ प्रतिशत रहेको उल्लेख छ। गण्डकी प्रदेशका ११ जिल्लामा अहिले पनि ट्यूबेल वा ह्याण्डपम्प, ढाकिएको इनार, कुवा, मौसमी पानी, खोला नदी तथा अन्य स्रोतबाट पानी खाने जनसंख्या रहेको देखिन्छ। प्रदेशमा उच्च तथा मध्यमस्तरको खानेपानी सुविधा पुगेको परिवार २१ प्रतिशत रहेकोले मन्त्रालयले शत प्रतिशत जनसंख्यामा उच्च तथा मध्यम स्तरको खानेपानी सुविधा पुग्ने गरी नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन हुनुपर्दछ। | • प्रदेशमा आधारभूत तहको खानेपानीको पहुँच ९५% प्रतिशत र निजी धारा जडान हाल ६४% घरधुरीमा पुगेको छ। आवश्यक स्रोत साधनको कमीले गर्दा आधारभूत तहको खानेपानीको पहुँच शतप्रतिशत र निजी धारा जडान १००% घरधुरीमा पुरा भएपछि सम्भवत तेस्रो आवधिक योजनादेखि खानेपानीको गुणस्तर सुधारका कार्यक्रम थप प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने । | धारा जडान गरेको आधारमा मात्रै खानेपानी ९७.२४ प्रतिशत जनसङ्ख्यामा पुगेको भन्ने देखिन्छ । धारा जडान गरेर तथ्याङ्कमा भएको प्रगतिले मात्रै वास्तविक उपलब्धि हासिल भएको मान्न सकिएन । यसर्थ हालको तथ्याङ्कलाई धारा जडान भएको घरधुरीमा पर्याप्त खानेपानी पुगे नपुगेको आधारमा पुनरावलोक गर्नुपर्ने देखिन्छ । उक्त अद्यावधिक तथ्याङ्कको आधारमा रही सतप्रतिशत जनसङ्ख्यालाई खानेपानी पुऱ्याउने गरी आगामी नीति तथा कार्यक्रम तय गर्न र कार्यान्वयनको लागि बजेट व्यवस्था गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| ११ | **योजनाहरूको अवस्था** - तनहुँ र नवलपुर जिल्लामा २०६५/६६ देखि २०७९/८० सम्म निर्माणको चरणमा रहेका २५८ खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाहरूको लागत अनुमान रू.१० अर्ब ६४ करोड ६६ लाख ८३ हजार मध्ये रू.७ अर्ब २२ करोड २८ लाख १५ हजारको निर्माण कार्य ठेक्का व्यवस्थापनबाट निर्माण व्यवसायीमार्फत, रु.२ अर्ब ३ करोड १४ लाख १ हजारको कार्य उपभोक्ता समितिबाट र रु.१ अर्ब ३९ करोड २४ लाख ६६ हजारको पाईप, फिटिङ्गस लगायत सामान ठेक्का व्यवस्थापन मार्फत खरिद गर्ने गरी लागत अनुमान स्वीकृत भएको छ। कार्यान्वयनको चरणमा रहेका आयोजना मध्ये २५६ आयोजनामा यो वर्ष सम्म रु.२ अर्ब ३६ करोड १६ लाख २९ हजारको कार्य भएको र २ आयोजनाको निर्माण कार्य सुरु भएको छैन। निर्माण व्यवसायी, उपभोक्ता समितिको सहभागिता र कार्यालय समेत त्रिपक्षीय सहभागितामा आयोजना कार्यान्वयन गर्ने गरी लागत अनुमान स्वीकृत गरिएकोमा ती आयोजनाहरूमा निर्माण व्यवसायी, उपभोक्ता समितिसमेतबाट भुक्तानी भएको पाइप, फिटिङ्गस लगायत सामाग्री खरिदको योजनागत अभिलेख | • योजना दोहोरोपन हुन नदिन स्थानीय तहसँग समन्वय गरिएको\|<br>• संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र कानूनी रुपमा स्पस्ट नभईन्जेलसम्म यो समस्या पूर्ण रुपमा हटाउन नसकिने\|<br>• NWASH-PLAN को कार्यान्वयन पूर्ण रुपमा हुन थालेपछि यो समस्या पूर्ण रुपमा हट्न सक्ने\|<br>• संघको कार्यक्षेत्र निक्कै ठुलो भएको हुँदा संघ भित्र प्रदेश र प्रदेश भित्र पालिका र वडाले काम गरिरहेको पनि भेटिने गरेको\|<br>• खरिद गरिएका सामाग्री PAMS मा प्रबिस्टी गर्नु पर्ने अनिवार्य व्यवस्था कार्यान्वयनमा आएको छ। | सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ का खरिद सम्बन्धी व्यवस्था कार्यान्वन गर्न तथा सामाग्री खरिदको योजनागत अभिलेख अद्यावधिक गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | अद्यावधिक गरेको छैन। अभिलेख अद्यावधिक नहुँदा काममा दोहोरोपना तथा निर्माण व्यवसायी वा उपभोक्ताबाट गरिने कार्यहरू नहुने जोखिम रहेकोले यसमा सुधार हुनुपर्दछ। | | |
| १२ | **अधुरो योजना**- सम्झौताको शर्तबमोजिम सम्झौता अवधिभित्र कार्यसम्पन्न हुनुपर्दछ। (महालेखाको प्रतिवेदनमा उदाहरणहरु रहेका)<br>१२.१. सार्वनजिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेकोमा निजले सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी ०.०५ प्रतिशत प्रतिदिनका दरले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ।<br>टुकुचे झोङ्ग सिँचाई आयोजना निर्माणको लागि खानेपानी जलस्रोत तथा सिचाई विकास सव डिभिजन कार्यालय मुस्ताङ र एक निर्माण व्यवसायी बिच २०७७।३।२९ मा २०७९।३।२८ सम्म कार्य सम्पन्न गर्न रु.२ करोड ५१ लाख ४ हजार सुरु सम्झौता भएकोमा भेरिएसन पश्चात रू.२ करोड ८३ लाख ६७ हजारको ठेक्का सम्झौता गरेको देखिन्छ। सम्झौता अवधि | १२.१ टुकुचे झोंग सिंचाइ योजना, मुस्ताङ्गको निर्माण कार्य समयमा सम्पन्न नभएको कारण हर्जना तिर्नुपर्ने अवस्थामा पुगेपनि सार्वजनिक खरिद नियमावली को १३ औं संशोधनबाट म्याद थप भएको र अहिले काम पनि सकिएको । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
| --- | --- | --- | --- |
| | २०७९।९।२६ सम्म म्याद थप भएकोमा सो अवधिमा समेत कार्य सम्पन्न नभई थपिएको म्याद सम्म ७० प्रतिशत मात्र प्रगति भएको छ। थप भएको म्याद भित्र समेत कार्यसम्पन्न नभएकोले नियमावलीमा भएको व्यवस्था अनुसार सम्झौता रकम रू.२ करोड ८३ लाख ६७ हजारको बढीमा १० प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति रु.२८ लाख ३६ हजार हुन आउँछ। प्रचलित कानुन बमोजिम गर्नुपर्दछ।<br>१२.२. फिर्केखोला जिल्ला अदालत पछाडिको निर्माण कार्य र माछापुच्छ्रे गाउँपालिका कास्कीको मर्दीखोला सिँचाई तथा नदी नियन्त्रण कार्यको लागि जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, कास्की र एक निर्माण व्यवसायीसँग क्रमशः रु.२२ लाख ४ हजार र रु.२५ लाख ७६ हजारमा २०७९।०८।२० सम्ममा काम सम्पन्न गर्ने गरी २०७८।०८।२१ मा सम्झौता भएकोमा सम्पन्न गर्नुपर्ने अवधि समाप्त भईसक्दा काम सुरु नै भएको छैन। सम्झौताको शर्त अनुसार काम सम्पन्न गर्नुपर्दछ।<br>१२.३. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बागलुङ्गले रू.३८ करोड ४४ लाख ७२ हजार लागत | १२.२ फिर्केखोला जिल्ला प्रसासन कार्यालय पछाडिको निर्माण कार्य सम्पन्न हुन नसकेको कारण निर्माण व्यवसायीलाई कारबाहीका लागि कालो सूचीमा राख्न सा.ख. अ. का. लाई लेखि पठाईएको\| | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | अनुमान भएको २०७०।७१ भन्दा अगाडिदेखि कार्यान्वयन चरणमा रहेका ९ योजनाहरूमा हालसम्म रू.२८ करोड ९५ लाख २७ हजार खर्च अर्थात ७५.३१ प्रतिशत वित्तीय प्रगति भएता पनि योजना सम्पन्न भएको देखिदैन। सरौखोला खानेपानी आयोजना र बासखर्क खानेपानी योजना २०६७।६८ मा सुरु भई हालसम्मको प्रगति २० प्रतिशत मात्र भएको देखिन्छ। चित्रे तिलहार खानेपानी आयोजना मोदी ६ र ८, पर्वत र हरिचौर खानेपानी आयोजना गल्कोट ५ र ६, बागलुङ्ग २०६४।६५ मा, रायडाँडा खानेपानी आयोजना बाग्लुङ्ग ११, बाग्लुङ्ग २०५६।५७ मा, जलजला खानेपानी आयोजना जलजला १ र ५, पर्वत, सरौखोला खानेपानी आयोजना पैंयु ६, पर्वत र बाँसखर्क खानेपानी आयोजना जलजला १, पर्वत २०६७।६८ मा र ओखरगैडा खानेपानी आयोजना वडिगाड ३, बाग्लुङ्ग, धुल्लु बास्कोट खानेपानी आयोजना बरेङ १, बाग्लुङ्ग, भंगरा सु वि खानेपानी आयोजना फलेवास ९, पर्वत २०६८।६९ मा सुरु भएका समेत ९ आयोजनाहरू हालसम्म सम्पन्न हुन सकेका छैनन्। सम्झौताको शर्त अनुसार कार्यसम्पन्न हुनुपर्दछ। | १२.३ बाग्लुङ्ग जिल्लामा रहेका ९ वटा खानेपानी आयोजना समयमा सम्पन्न हुन नसकेकोकोमा ४ वटा सम्पन्न र ५वटा बाँकी । मुख्य कारण संघ सशर्त अनुदानबाट पर्याप्त बजेट विनियोजन नभएको। | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| १३ | **राजस्व दाखिला**- जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, कास्कीले पोखरा महानगरपालिका-१९ मा सञ्चालित टारवेशी सिँचाई निर्माण योजनाको लागि रू.१ करोड ४ लाख ८४ हजारमा एक निर्माण सेवासँग २०७९।१२।२१ सम्ममा काम सम्पन्न गर्ने गरी सम्झौता गरी २०८०।९।१५ सम्म म्याद थप गरेको छ। यो वर्ष सम्म रू.४७ लाख ८५ हजार खर्च भई वित्तीय प्रगति ४६ प्रतिशत र भौतिक प्रगति ५० प्रतिशत रहेको छ। सम्झौता अनुसार कार्य नगर्ने निर्माण व्यवसायीलाई दिएको पेस्की रु.१८ लाख ६३ हजार कार्यालयले बैङ्क जमानतबाट फिर्ता प्राप्त गरी धरौटी खातामा राखेको छ। उक्त रकम राजस्व दाखिला गर्नुपर्दछ। | जलस्रोत तथा सिंचाई कार्यालय, कास्कीले बैंकबाट फिर्ता लिई धरौटी खातामा राखेको पेश्की जमानत रकम प्रतिबेदन प्राप्त गर्ने वित्तिकै राजस्व खातामा दाखिला गरिसकिएको जानकारी/प्रमाण प्राप्त भएको छ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव अनुसार उक्त रकम रु.१८ लाख ६३ हजार राजस्व दाखिला गरी यस बेरुजुलाई फरफारक गर्न निर्देशन दिने। |

### ३.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### ३.५.१ महालेखा परीक्षकको छैटौं बार्षिक प्रतिवेदन (गण्डकी प्रदेश) २०८१

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| ३ | **कार्य जिम्मेवारीः-** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश सरकारको कार्य विभाजन नियमावलीमा उल्लेख भएका मध्ये ढुवानी | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश सरकारको कार्य विभाजनमा उल्लेख भएका विषयहरुमध्ये कतिपय विषयहरु संघीय कानून नबन्दा प्रदेशले पनि बनाउन | गण्डकी प्रदेशमा खानी तथा खनिज सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन, खनिज तथा खनिज पदार्थको अन्वेषण सम्बन्धि प्रदेश निति, कानून र मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन प्रदेश तथा जिल्ला स्तरका उपभोक्ता अदालत गठन र सञ्चालन, लक्षित क्षेत्र र वर्गको लागि बस्तु तथा सेवामा प्रादेशिक अनुदान र नियमन प्रदेश स्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्ययवस्थापन, प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन, संघीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी, औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन उद्योगमा श्रममूलक प्रविधि र नेपाली श्रमिकहरु उपयोग, स्वरोजगारका लागि उद्यमशिलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन तथा सहायता लगायतका कार्यक्रमहरु सञ्चालन गरेको छैन। नियमावलीमा तोकिएबमोजिम कार्य जिम्मेवारी पूरा गर्नुपर्दछ। | नसकेको अवस्था हो, तापनी प्रदेश सरकार कार्यविभावजन नियमावली अनुसारका कामहरु गर्न हामीले शुरुवात गरेका छौं। खानी तथा खनिज सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार भई सहमतीको लागि आर्थिक मामिला मन्त्रालय पठाईसकिएको र छिटै नै संसदमा पेश गरिनेछ, साथै ढुवानी परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन सम्वन्धी ऐन-कानून क्रमशः तयार गरिदै लगिनेछ। क्यासिनो तथा चिठ्ठासम्वन्धी दर्ता र नियमन सम्वन्धि संघिय कानूनले अधिकार दिए पछी मात्रै गर्न सकिने र विषयगत मन्त्रालयमा उक्त विषयमा छलफल भैरहेको छ। प्रदेशस्तरीय औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना गर्न नसकिएतापनि प्रदेशका प्रत्येक उद्योग वाणिज्यसंघहरुले मेला महोत्सवको आयोजना गरिरहेका र उक्त मेलामहोत्सवलाई प्रदेश सरकारबाट सहयोग उपलब्ध गराईएको छ। उद्योगहरुमा नेपाली श्रमिकहरुको उपयोग तथा स्वरोजगारका लागि मन्त्रालय मातहत निकायहरुबाट विभिन्न किसिमका छोटो तथा लामो अवधिका सिपमुलक तालिम, उद्योगहरुको स्तरोन्नतीका लागि प्रविधि हस्तान्तरणका कार्यक्रमहरु सालवसाली रुपमा सञ्चालन भैरहेका छन। सहुलियत कर्जा सम्वन्धमा हालसम्म कुनै कार्यक्रम सञ्चालन भएका छैनन। | छलफलमा रहेको, उपभोक्ता अदालतको गठन गर्ने तयारी रहेको, क्यासिनो दर्ता गर्ने विषय मन्त्रालयको कार्यक्षेत्र भित्र नरहेको तथा प्रशिक्षण, स्वरोजगार लगायतका कतिपय विषयहरु कार्यान्वय गर्दै लगेको व्यहोरा मन्त्रालयबाट समितिको छलफलमा व्यक्त भएकोले सुरुवात भएका कामलाई निरन्तरता दिने र प्रदेशको कार्यक्षेत्रभित्र पर्ने बाँकी कामहरुको विषयमा महालेखापरीक्षकको प्रतिवेदनको सुझाव अनुसार गर्न गराउन। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| ४ | **आवधिक योजना कार्यान्वयनः-** प्रदेशको प्रथम पञ्चवर्षिय योजना २०७६/०७७-२०८०/०८१ अनुसार मन्त्रालयको कार्यक्षेत्रमा पर्ने २७ कार्यक्रमहरु मध्ये अधिकांश कार्यक्रमहरु कार्यान्वयन भएका छैनन्। कास्कीको पुडिटार र तनहुँको घारी क्षेत्र तथा नवलपुरको लोकाहाखोला क्षेत्र प्रदेश स्तरिय औद्योगिक क्षेत्र निर्माण गर्न जग्गा प्राप्तिको प्रक्रियामा रहेको छ। नारायणी नदी किनारमा बिच पार्क निर्माण खानी तथा खनिजजन्य पदार्थको सम्भाव्यता अध्ययन र पोखरा-काठमाण्डौ-लुम्बिनीलाई गौतमबुद्ध स्वणिम त्रिकोणको रुपमा विकास प्रदेशभित्रका मुख्य उपत्यकाहरुको एकीकृत विकासको लागि बृहत परियोजना सञ्चालन लगायतका ११ कार्यक्रमहरुमा बजेट विनियोजन छैन। आवधिक योजना निति तथा कार्यक्रम अनुसार बजेट व्यवस्थापन गरि योजना कार्यान्वयन गर्नुपर्दछ। | प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा उल्लेखित कतिपय कार्यक्रमहरु र प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेखित कार्यक्रमहरु बजेट सिमाका कारण सञ्चालन गर्न नसकिएको। प्रदेशस्तरीय औद्योगिक क्षेत्र स्थापनाको लागि आवश्यक जग्गा प्राप्तिको प्रकृयामा रहेको। | आवधिक योजनासँग सामन्जस्यता हुने गरी वार्षिक नीति तथा कार्यक्रम तथा वजेट निर्माण गरी कार्यान्वयन गर्न निर्देशन दिने। |
| ५ | **नीति तथा कार्यक्रमः-** प्रदेश सरकारको यो वर्षको निति तथा कार्यक्रममा भएका कार्यक्रमहरु बजेटमा आबद्ध गरी बार्षिक कार्यक्रहरु स्वीकृती गरी सञ्चालन गर्नुपर्दछ। मन्त्रालयसंग सम्बन्धित प्रदेश सरकारको निति तथा कार्यक्रममा उल्लेख भएका मध्ये ऐतिहासिक | प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेखित कार्यक्रमहरुको आधारमा बजेट तर्जुमा गरी कार्यक्रमहरु सञ्चालन गरिंदै आएको छ। मन्त्रालयको बजेटको सिलिङ्ग पनि कम हुने तथा जनप्रतिनिधीहरु र स्थानीय जनताहरुको माग अनुसारका योजनाहरु पनि समेट्नुपर्ने भएकाले नीति तथा | कतिपय कार्यक्रम भुगोलको समेत सामान्य अध्ययन नगरी नीति तथा कार्यक्रममा प्रस्ताव गरेको देखिन्छ। नीति कार्यक्रम प्रस्ताव गर्दा उक्त नीति तथा |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | पर्यटकीय गन्तव्य रिडी देखि पोखरा गोरखा सम्मको गण्डकी ट्रेल निर्माण, रिडि देखि गोरखा सम्मको गण्डकी ट्रेल निर्माण, व्यास गुफा हुदै छिम्केश्वरी सम्मको पदमार्ग निर्माण, बागलुङको बेलढुंगा देखि गोरखाको हटिया बुढीकोट पदमार्गको सम्भाव्यता अध्ययन, देवघाट मौलाकालिका हुदै महाभारत पदमार्ग निर्माण, तनुहुको देवघाट देखि स्याङ्जाको चापाकोट सम्म कालिगण्डकी नदीमा जलयातायात सञ्चालन, ढोरपाटनलाई पर्यटकीय केन्द्रको रुपमा विकास गर्न गुरुयोजना तयार, औद्योगिक उत्पादनमा आत्मनिर्भर हुन सक्ने क्षेत्रहरुको पहिचान गरि आत्मनिर्भर हुन सघाउने मुख्य बस्तु उत्पादनमा बिशेष सहयोग तथा सहुलियत प्रदान, अन्तराष्ट्रिय व्यापार मेलाको आयोजना, निजी क्षेत्रसमेतको सहभागितामा प्रदेशमा लगानी अनुकुल बातावरण तयार गरी लगानी भित्राउन लगानी सम्मेलन गर्ने लगायतका कार्यक्रमलाई बजेटमा समावेश गरेको छैन। निति तथा कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ। | कार्यक्रममा उल्लेख भएको पदमार्ग निर्माणका लागि प्रशस्त बजेट विनियोजन गर्न नसकिएको। जलयातायात सञ्चालन सम्वन्धमा नेपाल सरकारले तोकेका स्थानहरुमा मात्र जलयात्रा सञ्चालन गर्न पाउने व्यवस्था भएको र हाल निजी क्षेत्रबाट कालीगण्डकी नदीमा जलयातायात सञ्चालन भैरहेको। ढोरपाटन क्षेत्रको गुरुयोजना तयार भैसकेको। औद्योगिक उत्पादनमा आत्मनिर्भर हुनसक्ने क्षेत्रहरुको पहिचानका लागि निर्यातयोग्य बस्तुहरुको अध्ययन गरी सूची तयार पारिएको छ। साथै ति स्थानहरुमा उद्योगस्थापनाका लागि उद्यमशिलता तथा सीपविकास तालिम र प्रविधि हस्तान्तरण मार्फत सहयोग गरिएको छ। लगानी भित्र्याउनका लागि २०७९ मा प्रदेशस्तरीय लगानी सम्मेलन कार्यक्रम सम्पन्न भैसकेकोले प्रत्येक वर्ष यस्ता कार्यक्रम बजेटमा समावेश नगरिएको। | कार्यक्रमको तत्कालीन र दिर्घकालीन असर-प्रभावको समेत आँकलन गरी नीतिलाई मुल मार्गदर्शनको रुपमा लिईनुपर्दछ। साथै, नीतिले दिशानिर्देश गरेअनुरुप कार्यक्रम तय गर्ने र ति कार्यक्रम सफल कार्यान्वयवाट नीतिको मुल ध्यय पुरा गर्नुपर्नेमा मन्त्रालयले सो समेत ख्याल नगरी कार्यक्रमको सूची मात्रै तयार गरेको देखिन्छ। नीति तथा कार्यक्रममा उल्लेख गर्ने तर बजेट विनियोजन नगर्नु उपयुक्त नभएकाले महालेखापरीक्षकको सुझाव अनुसार नै नीति कार्यक्रमको कार्यान्वयनको लागि अनिवार्य बजेट व्यवस्थापन गर्ने/गराउने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| ६ | **प्रदेश गौरवका आयोजनाः**-प्रदेश सरकारले विशेष महत्वको आयोजना तथा कार्यक्रमहरुलाई प्रदेश गौरवका आयोजनाको रुपमा पहिचान गरि कार्यान्वयमा ल्याएको छ। यस मन्त्रालय अन्तरगत सञ्चालनमा रहेको होमस्टे बिस्तार तथा सुद्धिधकरण आयोजनाको लागि गत वर्ष रु. ३ करोड ८० लाख ७८ हजार खर्च भएकोमा यो वर्ष रु. १ करोड बजेट विनियोजन भई रु.६८ लाख ३७ हजार खर्च गरी ११ होमस्टेमा पूर्वाधार निर्माण कार्य गरेको छ। खर्च भएको मध्ये अधिकांश होमस्टेमा साँस्कृतिक भवन निर्माण, अधुरो सामुदायिक भवन निर्माण, सामुदायिक भवनमा शौचालय, भान्सा कोठा निर्माण, पदमार्ग निर्माण, सामुदायिक भवन निर्माण लगायतमा खर्च भएको छ। केही होमस्टेले निजी जग्गामा संरचना बनाएको, अनुदान रकम निजी परियोजनामा खर्च गरेको, अपाएक स्थानमा सामुदायिक भवन बनाएको, तोकिएको कार्यमा खर्च नगरेको, होमस्टेको घर धुरी संख्या कम र व्यवस्थापन पक्ष कमजोर रहेको लगायतको समस्याहरु देखिएका छन्। अनुदानको सही प्रयोग भई अपेक्षित उपलब्धी हासिल हुन सकेको छैन। अनुदानबाट पर्यटन प्रर्बद्धनमा परेको | प्रस्ताव छनौट गरिने र सार्वजनिक / निजी जग्गामा कुनैपनी संरचना निर्माण नगरिएको र कार्यक्रम सञ्चालन गर्दा नियमन तथा अनुगमनलाई प्राथमिकता दिईएको। | केही होमस्टेले निजी जग्गामा संरचना बनाएको, अनुदान रकम निजी प्रयोजनमा खर्च गरेको, अपायक स्थानमा सामुदायिक भवन बनाएको, तोकिएको कार्यमा खर्च नगरेको, होमस्टेको घरधुरी सङ्ख्या कम र व्यवस्थापन पक्ष कमजोर रहेको लगायतका समस्याहरू महालेखापरीक्षकको कार्यालयले औंल्याएको देखिन्छ। प्रदेश सरकारले विशेष महत्वका साथ कार्यान्वयनमा लगेका आयोजना-मा यस्ता समस्या देखिनु उचित होईन। यस्ता समस्याहरु किन देखिए? यस अघि कार्यान्वयन गरिएका यस्ता कार्यक्रमको मिहिन रुपमा विश्लेषण गरी समिक्षा गर्न र उक्त समिक्षाको पृष्ठपोषणको आधारमा यस सम्बन्धी थप वा संशोधित नीति तथा कार्यक्रम तय गर्न निर्देशन दिने। यसका साथै हालसम्म अनुदान प्रदान गरिएका |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | प्रभावको मुल्याङकन गरी कार्यक्रम लाई पुनरावलोकन गर्नुपर्दछ। | | होमस्टे-को नाम, ठेगाना, अनुदान रकम, प्रयोजन लगायतका सम्पूर्ण विवरण सर्वसाधारणको पहुँच हुने गरी कार्यालयको वेवसाईट तथा सम्बन्धित कार्यालयको सूचना-पाटीमा टाँस गरी सार्वजनिक गर्न गराउन निर्देशन दिने। |
| ७ | **पर्यटन गुरुयोजनाः-** गण्डकी प्रदेश सरकारले प्रदेश पर्यटन गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याएको छ। प्रदेश पर्यटन गूरुयोजनामा उल्लेख भएका कार्यक्रम मध्ये यो वर्ष प्रस्तावित कार्यक्रम र सोको अवस्था विश्लेषण गर्दा मन्त्रालयले सञ्चालन गर्ने भनी तोकिएका ६ क्रियाकलापमा रु. ३३ करोड ३४ लाख १४ हजार बजेट विनियोजन भएकोमा रु. २९ करोड २३ लाख ९५ हजार खर्च भएको छ। गुरुयोजनामा २३ क्रियाकलाप समावेश भएकोमा ६ क्रियाकलापमा मात्र बजेट विनियोजन भएको छ। गुरुयोजनामा समावेश भएका योजनमा हरु कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्थापन गरी लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ। | प्रदेश सरकारबाट यस मन्त्रालयमा विनियोजन भएको स्रोत यथेष्ट नभएकोले प्राप्त न्यून बजेटलाई प्राथमिकरण गर्दै क्रमश कार्यान्वयनमा लगिनेछ र आगामी वर्षमा लक्ष्य अनुसार स्रोत विनियोजनका लागि पहल गरिनेछ। | पर्यटन गुरुयोजना कार्यान्वयनको क्रममा रहेकोले यसको उदेश्यअनुरुप नै क्रमशः बजेट व्यवस्थापन गरी गुरुयोजनामा समावेश भएका योजनाहरु कार्यान्वयन गरी तोकिएअनुसारको लक्ष्य पुरा गर्न गराउन निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| ८ | **बजार अनुगमनः-** उपभोक्ता संरक्षण ऐन २०७५ मा मन्त्रालय र मातहत कार्यालयमा बजार अनुगमन कार्यान्वयन संयन्त्र रहने व्यवस्था छ। यो वर्ष मन्त्रालय मातहतका जिल्लाहरुमा १३ पटक बजार अनुगमन गरेको तथा सम्बन्धित जिल्लामा कार्यक्षेत्र रहने गरी पर्यटन तथा उद्योग कार्यालय प्रमुखको संयोजकत्वमा गठित जिल्ला बजार अनुगमत टोलीबाट बागलुङ १०, पर्वत १०, म्याग्दी २०, मुस्ताङ ४, कास्की ६,तनहुँ २, गोरखा ६, लमजुङ१३,मनाङ ७, स्याङजा १२ र नवलपरासीमा १७ समेत १०७ पटक बजार अनुगमन भएको छ। जिल्ला बजार अनुगमन टोलीले कम्तीमा पाक्षिक रुपमा अनुगमन गर्नुपर्ने तथा अनुगमन पश्चात सो को प्रतिवेदन निर्देशनालय मार्फत् मन्त्रालयमा पेश गर्नुपर्ने कानुनी व्यवस्था भएकोमा प्रतिवेदन पेश गरेको छैन।बजार अनुगमन नियमित भन्दा पनि बढी मात्रामा चाडपर्व लक्षित तथा निर्देशनात्मक प्रकृतिको (मुल्य सुची, साइनबोर्ड, व्यवसाय दर्ता र नवीकरण) भएकोले दैनिक उपभोग्य सामाग्रीको मुल्य बृद्धि नियन्त्रण, कृतिम अभाव कार्टेलिङ, कालोबजारी नियन्त्रण लगायत सम्बन्धी कानूनमा | प्रदेश बजार अनुगमन समितिले अनुगमनका सबै बिषय र क्षेत्र समेटी बार्षिक बजार अनुगमन कार्ययोजना बनाई निर्देशन दिने गरेको छ।निर्देशानलय र जिल्लाबाट मासिक २ पटक बजार अनुगमन गर्ने गरेको र निर्देशनालय मार्फत मन्त्रालयमा तोके बमोजिम प्रतिवेदन पेश गर्न निर्देशन गरेको। | बजार व्यवस्थापन सम्बन्धी विधेयक तर्जुमा गरी प्रदेश सभामा पेश गर्न तथा बजार अनुगमन नियमावली, २०७६ ले तोकेका सबै क्षेत्र पर्ने गरी उपयुक्त नमूना छनौट विधि प्रयोग गरी बैज्ञानिक आधारमा नमूना छनौट गरी नियमित बजार अनुगमन गर्न र उक्त बजार अनुगमनबाट प्राप्त हुने राजस्व प्रदेश सरकारको सञ्चित कोषमा जम्मा हुने आवश्यक व्यवस्थापन मिलाउनुका साथै बजार अनुगमन लक्ष्य पुरा गर्ने प्रयोजनका लागि मात्रै सिमित नगरी अनुगमन मार्फत विद्यमान समस्याहरु पहिचान गरी ति समस्या समाधान गर्ने उदेश्य राखी कार्यक्रम तयार गरी कार्यान्वयन गर्न उद्योग तथा |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | भएको द्वन्द्वामत्मक व्यवस्था समेतको कार्यान्वयन हुने गरी बजार अनुगमन गर्नुपर्दछ। | | पर्यटन मन्त्रालयलाई निर्देशन दिने। साथै, महालेखापरीक्षकको प्रतिवेदनको सुझाव समेत कार्यान्वयन गर्न गराउन निर्देशन दिने। |
| ९ | **रकमान्तरः-** गण्डकी प्रदेश विनियोजन ऐन २०७९ को दफा ३ (३) स्वीकृत रकमको १० प्रतिशत भन्दा बढी रकम रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शिर्षकमा पर्यटन पूर्वाधार निर्माण कार्यमा १७७ आयोजनाको लागि रु.१ करोड ८२ लाख ७५ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। प्रदेश सभाले स्वीकृती गरेको बजेटलाई कानून अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना नहुने जोखिम रहन्छ। स्वीकृत बजेटको कानून बमोजिम कार्यान्वयन गर्नुपर्दछ। | गण्डकी प्रदेश सरकारको पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन सम्वन्धी कार्यविधी, २०७९ को दफा ४ बमोजिम प्रदेश सभाका माननीय सदस्यज्युहरुबाट सिफारिस भै आएका १२ वटा पर्यटन पूर्वाधार सम्वन्धी नयाँ कार्यक्रममा रु.१,६५,०००/- विनियोजन भएको, ३ वटा चालु योजनामा बाँकी रकम रकमान्तर गरिएको। कतिपय योजनाहरुको ठेगानामा रहेको त्रुटी सच्याउँदा, बजेट समर्पण गरिएका कार्यक्रमहरुलाई PLMBIS प्रणालीले सो रकम रकमान्तरमा नै देखाउने भएकाले रकमान्तर गरिएका योजनाको सङ्ख्या बढ्न गएको हो। | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

**साविक वन, वातावरण तथा भू संरक्षण मन्त्रालय**

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| १० | **नीति तथा कार्यक्रमः-** प्रदेश सरकारको यो वर्षको नीति तथा कार्यक्रममा उल्लिखित यस मन्त्रालयसँग | गण्डकी प्रदेश वन ऐन, २०८० र नियमवाली जारी भई कार्यान्वयनमा रहेको, निजी क्षेत्रसँग सहकार्य गरी साना तथा | नीति तथा कार्यक्रममा उल्लेख गर्ने तर बजेट विनियोजन नगर्नु |

| | | | |
|---|---|---|---|
| | सम्बन्धित विषयहरू मध्ये प्रदेश वन ऐन बनाई कार्यान्वयन गर्ने, वातावरणीय अध्ययन प्रक्रियालाई सरलीकृत र अनुगमन प्रक्रियालाई प्रभावकारी बनाउने, आकस्मिक प्रकोप व्यवस्थापनको लागि छुट्टै कोषको व्यवस्था गर्ने, संघ संस्थाको साझेदारीमा बाग्लुङ्ग र गोरखामा जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने, बाँदर आहाराको लागि वनजन्य फलफूल विरुवा उत्पादन गर्ने, बाँदर पार्क निर्माणमा निजीक्षेत्रलाई सहयोग गर्ने, बेगनास तालको सौन्दर्याकरण र फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यान्वयन गर्ने, ताल तथा नदीहरूको नापनक्सा तयार पारी अतिक्रमणमा परेका क्षेत्रहरू फिर्ता ल्याउन पहल गर्ने, हिमतालको संरक्षणको व्यवस्था मिलाउने, जोखिममा रहेका बस्तीहरू पहिचान गरी संरक्षण गरिने र संरक्षण गर्न नसकिने अवस्थाका बस्तीलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्ने लगायतका नीति तथा कार्यक्रमको कार्यान्वयन भएको छैन। तोकिएका कार्यक्रम बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ। | मझौला वन उद्यम स्थापना गर्ने साझेदारीको मोडालिटी प्रदेश कानुनमा व्यवस्था नभएकोले कठिनाइ भएको, गण्डकी प्रदेश वन्यजन्तु उद्धार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि स्वीकृति भएको, केन्द्रको सङ्गठन संरचना तयारी र कार्यालयको बजेट कोड सहित कार्यालय स्थापना हुने प्रक्रियामा रहेको, स्वीकृत बिनियोजित बजेटबाट उद्धार केन्द्रको सञ्चालन तथा व्यवस्थापन र उद्धारका कार्य हुँदै आएको, ताल तथा सिमसार क्षेत्रको व्यवस्थापन र सर्वेक्षणको कार्य ताल संरक्षण तथा विकास प्राधिकरणबाट भइरहेको। | उपयुक्त नभएकाले महालेखापरीक्षकको सुझावअनुसार नै नीति कार्यक्रमको कार्यान्वयनलाई प्राथमिकतामा राखी अनिवार्य बजेट व्यवस्थापन गर्न निर्देशन दिने । |
| ११ | **आवधिक योजना कार्यान्वयनः-** प्रदेशको प्रथम पञ्चवर्षीय योजना २०७६।७७-२०८०।८१ लागू भएको छ। | प्रथम पञ्चबर्षीय योजनाको तयारी सङ्क्रमणकालीन अवस्थामा भएकोले (राष्ट्रिय वनको सिमा निर्धारण, हरित सर्टिफिकेट, | प्रदेश सरकारको क्षेत्राधिकारभित्र पर्ने योजनालाई समयमै कार्यान्वयन गर्न |

| | | | |
|---|---|---|---|
| | योजनामा उल्लेख भएका वातावरणमैत्री उत्पादनलाई हरित सर्टिफिकेटको व्यवस्था, प्रदुषण मापन गर्ने प्रयोगशाला निर्माण तथा उपकरण जडान, सुधारिएको चुल्हो तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन कार्यक्रम, प्लाष्टिकजन्य वस्तुको प्रयोगसम्बन्धी मापदण्ड निर्माण तथा प्लाष्टिकबाट डिजेलबनाउन निजी क्षेत्रसँग सहकार्य गर्ने, ध्वनी तथा वायु प्रदुषण नियन्त्रणको लागि मापदण्ड निर्धारण गरी लागू गर्ने, रेडियोधर्मी तथा विकिरणीय वस्तुको व्यवस्थापन गर्न प्रबन्ध मिलाउने, राष्ट्रिय वनको सीमा निर्धारण, वनमा आधारित ठूला उद्योग स्थापना सहयोगलगायतका कार्यक्रम कार्यान्वयन हुन सकेको छैन। आवधिक योजना, नीति तथा कार्यक्रम अनुसार बजेट व्यवस्थापन गरी योजना कार्यान्वयन गर्नुपर्दछ। | मापदण्ड निर्धारण) जस्ता कतिपय सङ्घको एकल अधिकार भएको विषयसमेत समेटी तयार भएको, प्रदेश सरकारको सामर्थ्यको यथार्थ अध्ययन बेगर योजना/नीति तयार हुँदा बजेट लगायतका संस्थागत क्षमता अभावमा कार्यान्वयन हुन नसकेको, प्रदेशस्तरमा बजेट न्यून हुँदा वातावरण क्षेत्र (प्रदुषण, प्लाष्टिक र विविरणयुक्त वस्तु) को लागि छुट्टै कार्यक्रम सञ्चालन गर्न नसकिएको। | मन्त्रालयलाई तथा कार्यक्षेत्रमा नपर्ने र कार्यान्वयन गर्न नसकिने योजना आवधिक योजनाको रुपमा नराख्न मन्त्रालयलाई निर्देशन दिने । |
| १२ | **प्रदेश गौरवका आयोजनाः-** गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६।०७७-०८०।८१) को अनुसूची-२ मा यस मन्त्रालयअन्तर्गत प्रदेश गौरव तथा रुपान्तरणकारी ४ आयोजना पहिचान गरिएको छ। आयोजनाहरूमा ३.०६ देखि ३३.३३ प्रतिशत सम्म वित्तीय प्रगति गरेको देखिन्छ। पञ्चवर्षीय योजनाको चौथो वर्षसम्ममा अपेक्षित प्रगति हाँसिल | फेवातालको संरक्षण र सौन्दर्यकरण आयोजनाको लागि आ.व .२०७६/७७ देखि २०८०/८१ सम्म बजेट बिनियोजन भइ कार्य गरिएको तर चालु आ.व.मा बजेट बिनियोजन नभएको, वन्यजन्तु उद्धार केन्द्र सञ्चालन र व्यवस्थापनको लागि गण्डकी प्रदेश वन्यजन्तु उद्धार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि स्वीकृत भएको, प्रदेशका ताल संरक्षण र विकासका लागि ताल संरक्षण तथा विकास प्राधिकरणबाट प्रत्येक वर्ष | तात्कालिन ताल संरक्षण तथा विकास प्राधिकरणवाट हुने गरेको काम कारवाही मन्त्रालयले कार्यान्वयनमा निरन्तरता दिने तथा स्वीकृत भएको गण्डकी प्रदेश वन्यजन्तु उद्धार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि यथासिघ्र कार्यान्वयन गर्न निर्देशन दिने। साथै |

| | | | |
|---|---|---|---|
| | गरेको छैन। आयोजनाको आवश्यकता, आर्थिक, सामाजिक र वित्तीय रूपमा सम्भाव्यता अध्ययन, लाभान्वित जनसंख्या, रोजगारी सिर्जना, लागत, लाभ-विश्लेषणलगायतका आधारमा कार्यान्वयन गर्ने, आयोजना पहिचान र छनौट गर्ने मापदण्ड निर्धारण, आयोजनाको कार्यान्वयनमा पर्याप्त अनुगमन तथा मूल्याङ्कन, अन्तर निकाय, अन्तर सरकार समन्वय तथा सहकार्यको माध्यमबाट आयोजना सम्पन्न गरिनुपर्दछ। | बजेट बिनियोजन भइ कार्य भइरहेको तर हाल प्राधिकरण खारेज भएको, आ.व.२०७७/७८ मा कस्तुरी मृग पालन तथा प्रजनन् कार्यक्रमको लागि बजेट बिनियोजन भए अनुसार स्थान छनौटको प्रारम्भिक सर्भे गरी मुस्ताङ जिल्लामा स्थापना गर्न सिफारिस गरिएको, तत्पश्चात बजेट तथा कार्यक्रमले निरन्तरता पाउन नसकेको। | प्रदेश सरकारले विशेष महत्वका साथ कार्यान्वयनमा लगेका प्रदेश गौरवका आयोजनालाई समयमै तोकिएअनुरुप सम्पन्न गर्नु मन्त्रालयको दायित्व रहेकोमा मन्त्रालयले सो अनुरुप तदारुकताका साथ कार्यसम्पादन गरेको देखिएन। कार्यान्वयनको क्रममा केही समस्या भए सोको विस्तृत रुपमा विश्लेषण गरी समिक्षा गर्न र उक्त समिक्षाको पृष्ठपोषणको आधारमा सुधार गर्नुपर्ने विषयमा सुधार गर्न तथा प्रदेश गौरवका आयोजनालाई प्राथमिकतामा राखी बजेट विनियोजन गरी तोकिएको लक्ष्यअनुरुप नै कार्यसम्पादन गर्न निर्देशन दिने। |
| १३ | **वन व्यवस्थापन कार्ययोजनाः-** वन ऐन, २०७६ मा नेपाल सरकारसँग प्रदेश भित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वन व्यवस्थापनको लागि प्रदेश सरकारसँग परामर्श गरी एकीकृत वा प्रदेशगत रणनीतिक योजनाको अधिनमा रही प्रदेश सरकारले प्रदेशभित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको संरक्षण, विकास र सदुपयोग | नेपाल सरकारले चालु वर्षमा नेपालको राष्ट्रिय वनको एकीकृत रणनीति तयार गरी स्वीकृत गरेको र सोको अधीनमा रही डिभिजन वन कार्यक्षेत्रको रणनीतिक योजनासहित ३ जिल्लाको आवधिक योजना स्वीकृत भइसकेको, प्रदेश सरकारको प्रादेशिक रणनीतिक योजना तयारी क्रममा रहेको। | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| | | | |
|---|---|---|---|
| | गर्न सक्ने व्यवस्था छ। मन्त्रालय र मातहत कार्यालयको पञ्चवर्षीय वन व्यवस्थापन कार्य योजना २०७८।७९ मा म्याद सकिएकोमा नयाँ रणनीतिक वन व्यवस्थापन कार्य योजना स्वीकृत भएको छैन। वन व्यवस्थापन कार्य योजना स्वीकृत गरी सोही अनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। | | |
| १४ | **वन क्षेत्र प्रयोगः-**वन नियमावली, २०५१ को नियम २० मा राष्ट्रिय वा अन्तराष्ट्रिय सरकारी वा गैरसरकारी संस्थालाई तोकिएबमोजिम वन क्षेत्र उपलब्ध गराउन सक्ने व्यवस्था छ। प्रदेशअन्तर्गतको वन क्षेत्र विकास र वातावरणबीच सन्तुलन कायम गर्ने उद्देश्यले पूर्वाधार निर्माणमा सहजीकरण गर्नका लागि सङ्घीय सरकारले १२ हाइड्रोपावर, २२ सडक, ९ सार्वजनिक भवन र १० अन्य आयोजना समेत ५३ आयोजनालाई ८१६.४८ हेक्टर वन क्षेत्र भोगाधिकारको लागि उपलब्ध गराएको छ। सम्झौताअनुसारको जग्गाको उपयोग र रोयल्टी प्राप्तिको अनुगमन गर्नुपर्दछ। | नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय भए बमोजिम वन तथा भू-संरक्षण बिभाग र राष्ट्रिय वनक्षेत्रको जग्गा भोगाधिकारमा लिने आयोजनाबीच सम्झौता भइ सो को कार्यान्वयन गर्न बिभागले सिधै डिभिजन वन कार्यालयहरुमा पठाउने गरेको। सम्झौता कार्यान्वयन गर्न डिभिजन वन कार्यालयलाई निर्देशन दिइएको र सो आयोजनाहरुको अनुगमनको कार्य भइरहेको। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्यवन गर्न निर्देशन दिने । |
| १५ | **काठ मौज्दातः-** मन्त्रालयबाट प्राप्त विवरण अनुसार विभिन्न ११ डिभिजन वन कार्यालयहरूमा गत वर्ष २ लाख ६७ हजार २६९ क्युविक फिट काठ मौज्दात | गतआ.व.मा सा.व समेत राष्ट्रिय वनबाट उत्पादित काठमध्ये २,३७,७६० क्युफिट लिलाम बिक्री भइ रु.८,८९,४४,९०१/- राजश्व जम्मा भएको, चालु आ.व. | गण्डकी प्रदेश वन ऐन, २०८० बमोजिम समयमा नै वन कार्यालयमा मौज्दातमा रहेका |

| | | | |
|---|---|---|---|
| | रहेकोमा यस वर्ष ५ लाख ७२ हजार ८९३ क्युबिक फिट काठ र ५८७ चट्टा दाउरा मौज्दात रहेको छ। गत वर्षभन्दा काठ मौज्दात बढेको तर लिलामी कार्य समयमै नगर्दा काठको गुणस्तरमा ह्रास आई राजस्व घट्न जाने जोखिम भएको हुँदा सम्बन्धित कार्यालयले काठ तथा दाउराको लिलाम बिक्री गर्नुपर्दछ। | २०८१/८२ को चैतसम्म काठ उत्पादन ११,८७,६१२ क्युफिट राजस्व मुल्य रु.१३,८७,८४,८३६/-तथा प्रचलित कानुन अनुसार चालु आ.व.मा पुराना तथा गुणस्तरमा ह्रास आएका काठ दाउराको पुन नापजाँच र मुल्याङ्कन गरी लिलाम प्रक्रियामा जान डिभिजन वन कार्यालय, कास्की, नवलपुर, गोरखा, तनहुँमा बजेट बिनियोजन भएको र हाल सो अनुसार कार्य भैरहेको छ। | काठ समयमै लिलाम गर्न निर्देशन दिने। |
| १६ | **बिरुवा संरक्षणः-** मन्त्रालयबाट प्राप्त विवरणअनुसार मातहतका कार्यालयहरूमा यो वर्ष ११ लाख ४० हजार बिरुवा उत्पादनमा रु.२ करोड ७७ लाख ५० हजार खर्च गर्दा प्रति विरुवा औसत लागत रू.२४.३४ रहेको छ। सालबसाली कार्यक्रमको रूपमा उत्पादित बिरुवाको वितरण एवम् रोपण गर्ने कार्यक्रम भएतापनि बिरुवाको संरक्षण भएको छैन। रोपिएका बिरुवाको संरक्षणमा ध्यान दिनुपर्दछ। | बिरूवा उत्पादन गरी नागरिकलाई निःशुल्क वितरण गर्न बजेट बिनियोजन हुने गरेको, वितरीत विरुवा सम्बन्धित व्यक्ति वा संस्थामार्फत संरक्षण हुने गरेको, सोको लागि अतिरिक्त बजेट नहुने हुँदा सार्वजनिक स्थलमा रोपण गरिएका बिरुवाको रेखदेखमा पूर्ण ध्यान पुऱ्याउन सकिएको छैन, यद्यपि अनुगमन गर्ने कार्य भइरहेको छ। | विरुवाको संरक्षणको विषयमा उपयुक्त योजना वनाई विरुवा संरक्षण कार्यमा ध्यान दिन निर्देशन दिने। |
| १७ | **अतिक्रमण नियन्त्रणः-** मन्त्रालयबाट प्राप्त विवरण अनुसार डिभिजन वन कार्यालय बाग्लुङ्ग, म्याग्दी, गोरखा, नवलपुर, पर्वतसमेत ५ जिल्लाको मातहतमा रहेको कुल १०४.२ हेक्टर वन क्षेत्र विभिन्न संस्था तथा व्यक्तिबाट अतिक्रमण भएकोमा यो वर्ष ६.०१ हेक्टर नियन्त्रण | वन क्षेत्र व्यक्तिगत, संस्थागत तथा सार्वजनिक अतिक्रमणमा परेकोले एकल प्रयासले समाधान हुन नसकेको। अतिक्रमित वन क्षेत्रहरु फिर्ता ल्याउन जिल्ला अतिक्रमण व्यवस्थापन समिति, वन सुरक्षा समिति र स्थानीय तहहरुसँग समन्वय र | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वय गर्न निर्देशन दिने। |

| | | | |
|---|---|---|---|
| | गरी फिर्ता गरेको छ। मन्त्रालयले सरोकारवाला समेतको संयुक्त प्रयासबाट अतिक्रमित वन क्षेत्र फिर्ता ल्याउनुपर्दछ। | सहकार्य गरी प्रक्रिया अगाडि बढाउने कार्य भइरहेको। | |
| १८ | **मङ्गी पार्कः-** मन्त्रालय र एक प्रा.ली. विच २०७९।११।८ मा भएको सम्झौता अनुसार मङ्गी पार्क निर्माणको सम्भाव्यता अध्ययन गराई रु.९ लाख ६१ हजार खर्च गरेको छ। यसरी परामर्शदाता नियुक्त गर्दा मनी विशेषज्ञका रूपमा अध्ययन तथा अनुसन्धान गरी तदनुसारको योग्यता हाँसिल गरेको व्यक्ति वा संस्थालाई नियुक्त गर्नुपर्नेमा सोको पुष्टयाई बेगर परामर्शदाता नियुक्त गरेकोले अध्ययन कार्यको यथार्थता बारे आश्वस्त हुन सकिएन। सम्बन्धित विषयमा विशेषज्ञता प्राप्त परामर्शदातामार्फत अध्ययन गराई प्रतिवेदन तयार गर्नुपर्दछ। | उल्लिखित रकम महालेखापरीक्षकको कार्यालयबाट नियमित गर्नु पर्ने भनी बेरूजु कायम भएको छ। उक्त बेरुजु मन्त्रालयको प्रारम्भिक प्रतिक्रियासहित नियमितको लागि महालेखापरीक्षकको कार्यालयमा अनुरोध गरिएको भए तापनि फछ्र्यौट भएको छैन। उक्त बेरुजुलाई फछ्र्यौटको लागि पुनः प्रक्रिया अगाडि बढाइने। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| १९ | **प्राविधिक पुष्टयाईः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा खर्चको पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण संलग्न गर्नुपर्ने र भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, कास्कीले ४ उपभोक्ता समितिमार्फत् बिरुवा उत्पादन, झाडी सफा, विरुवाको | यसमा आवश्यक कागजात, फोटोसहितको प्रतिवेदन, प्रजाति अनुसार वितरण भएका विरुवा, मौज्दात विरुवासमेतको अभिलेख राखेर मात्र भुक्तानी दिने व्यवस्था मिलाउन निर्देशन दिइएको, साथै माग र आवश्यकतालाई दृष्टिगत गर्दै बिरुवा उत्पादन, झाडी सरसफाइ र बिरुवा रोपण कार्यक्रम प्रस्ताव | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| | रोपण लगायतको कार्य गर्न रु.२ लाख १५ हजार देखि रु.६ लाख ७० हजारसम्मका दरले रू.१५ लाख ५७ हजार र ७ स्थानमा ७५ हजार बिरुवा उत्पादन गर्न कार्यालयका ४ कर्मचारी मार्फत् गराई रु.१२ लाख २४ हजार खर्च गरेको छ। कार्यालयले तयार गरेको कार्य सम्पन्न र जाँचपास प्रतिवेदनले विरुवाको जात, परिमाण, रोपण र हालको अवस्था बारे प्राविधिक पुष्ट्याई गरेको छैन। यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ। | गर्न मन्त्रालयबाट निर्देशन दिइएको छ। | |
| २० | **वन रोयल्टीः-** डिभिजन वन कार्यालय गोरखा र एक कम्पनीबीच २०७०।७।२७ मा भएको सम्झौतामा कम्पनीले ५० हेक्टर क्षेत्रफलमा स्थानीय प्रजातीका ८० हजार बिरुवा रोपण गरी ५ वर्षसम्म स्याहार सम्भार र संरक्षण गरी कार्यालयलाई बुझाउनुपर्ने तर कम्पनीले उक्त कार्य गर्न नसकेमा लागत अनुमान बमोजिमको रकम कार्यालयलाई उपलब्ध गराउनुपर्ने तथा कार्यालयले उक्तरकमबाट वृक्षारोपण र संरक्षणको कार्य गर्ने उल्लेख छ। सम्झौताको अवधि १० वर्ष व्यतीत हुँदासम्म पनि कम्पनीले सम्पादन गरेको कार्यको सम्बन्धमा कार्यालयसँग कुनै विवरण | सम्झौता कार्यान्वयन भए/नभएको सम्बन्धमा डिभिजन वन कार्यालय मिति २०८१/११/१८, २०८१/११/२०, २०८१/१२/०५ मा समेत पत्रमार्फत डिभिजन वन कार्यालय र निर्देशनालयलाई अनुगमन गरी प्रतिवेदन पेस गर्न निर्देशन दिइएको, मिति २०८१/१२/१८ गतेको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको निर्णयबाट राष्ट्रिय वनको भोगाधिकार दिइएका जग्गाहरुको सम्झौता वातावरणीय अध्ययन प्रतिवेदन पालना र कार्यान्वयन अवस्थाको जिल्लागत अभिलेखसहतिको प्रतिवेदन वन निर्देशनालयले तयार गरी मन्त्रालयमा पेस गर्ने निर्णय भएको। | सम्झौता अनुसार कार्य गरे नगरेको एकिन गरी सम्झौता कार्यान्वय नभएको पाईएमा तोकिएअनुसारको रकम असुल उपर गर्न निर्देशन दिने। |

| | | | |
|---|---|---|---|
| | अद्यावधिक गरेको छैन। सम्झौता अनुसार रकम असुल हुनुपर्दछ। | | |
| २१ | **सम्झौता कार्यान्वयनः-** डिभिजन वन कार्यालय, तनहुँको अद्यावधिक मूल्याङ्कन तथा स्वीकृत लागत अनुमानअनुसार तनहुँ हाईड्रोपावर लिमिटेडले ४१७.३१ हेक्टर वन क्षेत्र प्रयोग गरे बापत सट्टाभर्ना जग्गा वापत रू.५१ करोड ६९ लाख १३ हजार, वन क्षेत्र प्रयोग गरे बापत प्रति हेक्टर १ हजार ६०० गोटाको दरले विरुवा वृक्षारोपण, पुनरोपण र ५ वर्षसम्मको स्याहार संभार बापत रू.२४ करोड ४३ लाख २७ हजार र कटान हुने जम्मा रुख १ लाख ८१ हजार ५७१ गोटाको १:२५ का दरले विरुवा रोपणबापत रू.१ अर्ब ५३ करोड ६५ लाख ४० हजार गरी जम्मा रू.२ अर्ब २९ करोड ७७ लाख ८१ हजार आयोजनाले नेपाल सरकारलाई बुझाएको प्रमाण पेश गर्नुका साथै कार्यविधि अनुसार कार्य गर्नु गराउनुपर्दछ। | सो सम्बन्धमा तनहुँ हाईड्रोपावर लिमिटेडले उपरोक्त बमोजिमको रकम दाखिलाको लागि ताकेता भएको, वन तथा भू-संरक्षण विभागका उपमहानिर्देशक श्री गणेश पौडेलको संयोजकत्वमा समस्या सहजिकरण समिति गठन भई सो समितिबाट प्राप्त सुझाव अनुसार तनहुँ हाईड्रोले किस्तावन्दीमा वन विकास कोषमा रकम जम्मा गर्न प्रक्रिया अगाडी बढाएको। वन तथा भू-संरक्षण विभागको च.नं. ७०० मिति २०८१।१०।०९ गतेको पत्रबाट त्यस आयोजनाले डिभिजन वन कार्यालयलाई हस्तान्तरण गरेको वृक्षारोपणको एकिन प्रमाणित विवरण तथा सम्झौताको कार्यान्वयन अवस्थाको प्रगति विवरण माग गरेको पत्रको बोधार्थ प्रति प्राप्त भएको, साथै मन्त्रालयबाट निरीक्षण गरी सम्झौताका सर्तहरूको परिपालना गर्न ध्यानाकर्षण गरिएको, उल्लिखित दायित्व पुरा नगरी Transmission line को विस्तारमा सहजीकरण नगर्न डिभिजन वन कार्यालयलाई निर्देशन दिइएको। | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २२ | **खनिज पदार्थ उत्खननः-** तनहुँको व्यास नगरपालिका वडा नं. ९ र १० स्थित छाङ्गवाराही सामुदायिक वनको खहरेमा राष्ट्रिय वन क्षेत्रको ४.८५ हेक्टर जग्गामा १५ | यस सम्बन्धमा बाराही क्वाहरी प्रा.लि.ले सम्झौता मुताविक ४.९४ हेक्टर जग्गा सट्टाभर्ना बापत नेपाल सरकारलाई उपलब्ध गराएको, क्षतिपूर्ति बृक्षारोपणको योजना बनाई | सम्झौतामा उल्लिखित सर्त अनुसार कार्य गराउन निर्देशन दिने। |

| | | | |
|---|---|---|---|
| | वर्षको लागि चुनढुङ्गा उत्खनन गर्न डिभिजन वन कार्यालयले प्रयोग गर्न दिने गरी एक प्रा. लि. सँग २०७६।७।१४ मा सम्झौता गरेको छ। सम्झौतामा प्रा.लि.ले उत्खनन गर्दा हटाउनुपर्ने लगत विवरणमा उल्लिखित भएका ९७९ रुख हटाउने र सट्टामा १:२५ का दरले वृक्षारोपण गरी ५ वर्षसम्म स्याहार सम्भार गरी वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने र यस्तो कार्य २ वर्षभित्र सम्पन्न गर्नुपर्ने उल्लेख रहेकोमा सम्झौतामा उल्लिखित कार्यको कार्यान्वयन गरेको छैन। सम्झौतामा उल्लिखित सर्त अनुसार कार्य गराउनुपर्दछ। | डिभिजन वन कार्यालयमा पेस गरेको अवस्था छ। बृक्षारोपणका लागि जग्गा उपलब्ध नहुने भएमा लागत अनुमानको एकमुष्ट रकम वन विकास कोषमा दाखिला गराइने। | |
| २३ | **सामुदायिक तथा कबुलियती वनः-** डिभिजन वन कार्यालय, लमजुङमा हस्तान्तरण भएका सामुदायिक वनको क्षेत्रफल २५ हजार ८६६ हेक्टर रहेको छ। वन ऐन, २०७६ बमोजिम ३३८ सामुदायिक वन उपभोक्ता समूहले रू.३ करोड १ लाख ११ हजार आम्दानी गरेकोमा रु.३ करोड १७ लाख १९ हजार खर्च गरेका छन्। खर्च मध्ये वन विकासमा १८, सामुदायिक विकासमा २८, आय आर्जन, जिविकोपार्जन सुधार र उद्यम विकासमा ६, तालिम गोष्ठी, अध्ययन | यसमा प्रचलित वन ऐन, नियमावलीमा व्यवस्था भए मुताविक सामुदायिक वन उपभोक्ता समूहले तोकिएको शीर्षकमा तोकिएको सिलिङ अनुसार खर्च गर्न गराउन र सोको अनुगमन र रिपोर्टिङको लागि डिभिजन वन कार्यालयलाई निर्देशन दिइएको। | मन्त्रालयले दिएको निर्देशन कार्यान्वयन भए नभएको नियमित अनुगमन गर्न तथा महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| | भ्रमणमा १८, प्रशासनिक कार्यमा २४ र अन्यमा ५ प्रतिशत खर्च गरेको छ। सामुदायिक वन उपभोक्ता समूहले आम्दानी भन्दा बढी खर्च गरेको र तोकिए अनुसार खर्च नगर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्दछ। | | |
| २४ | **वन विकास कोषः-** डिभिजन वन कार्यालयहरूमा विभिन्न आयोजनाहरूबाट वन क्षेत्र प्रयोग गर्दा वृक्षारोपण बापत आयोजनाहरूले दाखिलागर्नुपर्ने रकम वन तथा भू-संरक्षण विभागले २०७९।११।५ को पत्रवाट वन कार्यालयहरूको कार्यसञ्चालन कोष विविध खातामा मौज्दात रहेको रकम विभागको खातामा पठाउन पत्राचार गरेको देखिन्छ। डिभिजन वन कार्यालय, लमजुङमा आयोजनाहरूले गत विगत वर्षदेखि जम्मा गरेको रु.७२ लाख ७ हजार विगत लामो समयदेखि निष्कृय मौज्दात रहेको छ। उक्त रकम वन ऐन तथा नियमावलीवमोजिम परिचालन हुने गरी विभागको निर्देशनअनुसार दाखिला गर्नुपर्दछ। | हाल यो रकम वन विकास कोषमा दाखिला गरी सकिएको छ। | |

## ३.१० कृषि तथा भूमि व्यवस्था मन्त्रालय

### ३.१०.१ महालेखा परीक्षकको छैटौं बार्षिक प्रतिवेदन (गण्डकी प्रदेश) २०८१

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| २ | **लेखापरीक्षण बक्यौताः-** लेखापरिक्षण हुन नसकी बक्यौता बाँकि रहेको मालपोत कार्यालय, तनहुँको विनियोजन तर्फ रू.४ लाख २९ हजारको लेखापरीक्षण भएको छैन । | मालपोत कार्यालय, तनहुँको विनियोजन तर्फ रू.४ लाख २९ हजारको लेखापरीक्षण भएको भन्ने बिषयको बेरुजु यस मन्त्रालयसग सम्बन्धित नरहेकोले उक्त बेरुजु दफा हटाई दिनको लागि महालेखापरीक्षकको कार्यालयलाई निर्देशन हुन अनुरोध छ। | लेखा परिक्षण हुन वाँकी लेखाको तुरुन्त लेखापरीक्षण गर्ने व्यवस्था मिलाई समितिलाई जानकारी गराउने निर्देशन दिने। |
| ३ | **कार्यजिम्मेबारीः-** गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य जिम्मेवारी तोकिएको मध्ये कृषि उपजको न्यूनतम समर्थन मूल्य तय गरी कार्यान्वयन, चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, निजी सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, भूमिहिन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरवा, चरवा आदि वर्गको बसोवास, जीविकोपार्जन र पुनः स्थापना सम्बन्धी प्रादेशिक नीति तथा कानुन, गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन | मन्त्रालयका ३४ कार्यजिम्मेरी मध्ये प्राप्त बजेटको सिमामा रही प्राथमिकता प्राप्त क्षेत्रमा बजेट वाँडफाँड गरी कार्यान्वयन गरिएको। कृषि उपजको न्यूनतम समर्थन मूल्य स्थान विशेष फरक हुने भएकोले लागत बढी लाग्ने र व्यवहारीक नदेखिएको। निजी सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापनमा विगतका वर्षमा कार्यक्रम स्वीकृत भएको तर तथ्याङ्क सङ्कलन अत्यन्त खर्चिलो भएकाले कार्यक्रम अगाडि बढाउन नसकिएको। सो सम्बन्धी कार्य गर्ने दक्ष जनशक्तिको अभाव। गरिब घरपरिवार पहिचान तथा परीचयपत्र वितरण सम्बन्धी कार्य संघीय सरकारबाट भएकाले प्रदेशबाट सो सम्बन्धी कार्य गर्न आवश्यक नदेखिएको। सहकारीहरुको | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| | मापदण्ड एवं योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन अनुसन्धान सर्वेक्षण सूचना सङ्कलन गरिब घरपरिवार पहिचान सामाजिक सुरक्षा र संरक्षण, सहकारी सम्बन्धमा सङ्घीय अन्तरप्रादेशिक र स्थानीय तहका संघसंस्थासँग समन्वय र सहकार्य, सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन क्षमता अभिवृद्धि र परिचालन गरिबी निवारण सम्बन्धी अन्तरमन्त्रालय तथा अन्तर निकाय लगायतका काम हुन सकेको देखिदैन। नियमावलीमा तोकिएबमोजिम कार्यजिम्मेवारी पूरा गर्नुपर्दछ। | क्षमता अभिवृद्धि सम्बन्धमा स्थानीय तहसँग निरन्तररुपमा सहकार्य र समन्वय भैरहेको। माथि उल्लेखित प्रतिक्रियाको आधारमा उक्त बेरुजु दफा हटाई दिनको लागि महालेखापरीक्षकको कार्यालयलाई निर्देशन हुन अनुरोध छ। | |
| | **नीति तथा कार्यक्रम-** प्रदेश सरकारको यो वर्षको नीति तथा कार्यक्रममा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित विषयहरू मध्ये आगामी ३ वर्षभित्र धान, मकै, कोदो तथा आलु र तरकारीमा आत्मनिर्भर हुने तथा दुग्ध पदार्थ, मासु, अण्डा तथा फलफूल निर्यात गर्न आवश्यक तयारी गर्ने, बाँझो जमिन तथा अन्य जमिनमा महिलाले सामूहिक खेती गरेमा उनीहरूले गर्ने | तरकारी र आलुमा गण्डकी प्रदेश आत्मनिर्भर रहेको अवस्था छ भने खाद्यान्न बालीतर्फ प्रति व्यक्ति खाद्यान्न उत्पादन ४०० के.जी पुर्याउने लक्ष्य अनुरुप ३८१ के.जी पुगेको अवस्था छ। दुध, अण्डा र मासुको उत्पादनमा बृद्धि भई आत्मनिर्भर भएको अवस्था छ। मन्त्रालयका ३४ कार्यजिम्मेवारी मध्ये ठूला सिंचाईको कार्यजिम्मेवारी यस मन्त्रालयको नरहेकोले सिंचाई मन्त्रालयसँगको समन्वय र सहकार्यमा आवश्यक पर्ने क्षेत्रमा सिंचाई पूर्वाधार निर्माण गर्ने गरिएको। चा.लु आ.ब.मा रैथाने | नीति तथा कार्यक्रमका विषयहरू बजेटमा समावेश गरी कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| | उत्पादनको आधारमा अनुदान दिने प्रणाली लागू गर्ने, कृषकहरू उत्साहित नहुने अवस्थाको अन्त्य गर्नका लागि प्रदेशका मुख्य बालीको उत्पादनलाई न्यूनतम समर्थन मूल्यमा खरिद व्यवस्थापन गर्ने कार्यका लागि स्थानीय तहसँगको सहकार्यमा अनुदान दिने व्यवस्था मिलाउने, प्रदेशका मुख्य फाँटहरूमा बाह्रै महिना पर्याप्त सिँचाइ सुविधा उपलब्ध गराई कृषिलाई व्यावसायीकरण गर्ने, चैते धान रोप्ने कृषकलाई उत्पादनका आधारमा जेठोबुढो धानको पकेट क्षेत्र निर्धारण गरी उत्पादन बढाउन अनुदान दिने व्यवस्था मिलाउने, सिमल तरुलको खेती पहिचान गरी व्यावसायिक उत्पादन गर्ने साथै लोपोन्मुख प्रजातिका वन तरुल, गिठ्ठा, भ्याकुर लगायतका कन्दमूल खेतीको प्रवर्द्धन गर्ने, जलबायुमैत्री कृषिलाई विदेशका कृषि विश्वविद्यालयसँग आवद्ध गरी अनुसन्धानात्मक कृषि पर्यटन प्रवर्द्धन गर्ने लगायतका कार्यक्रमहरू उल्लेख भएतापनि उल्लिखित कार्यक्रमलाई बजेटमा समावेश गरेको देखिदैन। नीति तथा | बाली प्रवर्द्धन कार्यक्रमा बजेट विनियोजन गरी कार्यान्वयनमा रहेको।<br>माथि उल्लेखित प्रतिक्रियाको आधारमा उक्त बेरुजु दफा हटाई दिनको लागि महालेखापरीक्षकको कार्यालयलाई निर्देशन हुन अनुरोध छ। | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| | कार्यक्रमका विषयहरू बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ। | | |
| ५ | **सरकारी सम्पत्तिको लगतः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८३ बमोजिम प्रत्येक सरकारी कार्यालयले आफ्नो जिम्मामा रहेको सार्वजनिक सम्पत्तिहरूको विवरण अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ। मन्त्रालय र मातहतका बागलुङ्ग स्थित साविकका कृषि कार्यालयहरू बाग्लुङ नगरपालिकाले र मुस्ताङको कृषि विकास कार्यालय कालीगण्डकी करिडोर निर्माण आयोजनाले प्रयोग गरिरहेकोले सम्बन्धित निकायहरूसँग सहजीकरण गरी प्रवेश अन्तर्गत स्थापना भएका कृषि कार्यालयहरूलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाउने सम्बन्धमा प्रदेश विकास समस्या समाधान समितिले निर्णय गरेकोमा हालसम्म मन्त्रालय मातहत तथा प्रदेश सरकारको स्वामित्वमा आएको छैन। मन्त्रालयले सम्बन्धित निकायसँग समन्वय गरी कार्यालय रहेको | आफ्नो जिम्मामा रहेको सार्वजनिक सम्पत्तिहरूको विवरण (PAMS) सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली मार्फत अद्यावधिक गरिएको। मातहतको मुस्ताङको कृषि विकास कार्यालयको कार्यालय भवन कालीगण्डकी कोरिडोर निर्माण आयोजनाले प्रयोग गर्दै आईरहेकोमा हाल उक्त कार्यालय भवन सम्बन्धित कार्यालयले भोग चलन गर्ने गरेको साथै बागलुङ्ग स्थित साविकका कृषि कार्यालयको कार्यालय भवन बाग्लुङ नगरपालिकाले प्रयोग गर्दै आईरहेकोमा यस मन्त्रालय र कार्यालयबाट विभिन्न मितिमा सम्बन्धित निकायलाई पत्राचार गरिएको, प्रदेश समस्या समाधान समितिमा छलफल गरी पटक पटक मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय र मन्त्रालय मार्फत पत्राचार गरिएको। माथि उल्लेखित प्रतिक्रियाको आधारमा उक्त बेरुजु दफा हटाई दिनको लागि महालेखापरीक्षकको कार्यालयलाई निर्देशन हुन अनुरोध छ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव अनुसार जग्गा र भवनको स्वामित्व प्रदेश मन्त्रालय मातहत कार्यालयमा ल्याउन निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| | जग्गा तथा भवनको स्वामित्व प्रदेश मन्त्रालय मातहत कार्यालयमा ल्याई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। | | |
| ६ | **आवधिक योजनाको कार्यान्वयनः-**<br>प्रदेशको प्रथम आवधिक योजनामा कृषि तर्फ ७०, पशुपंक्षी तथा मत्स्य विकासतर्फ ६७, खाद्य सुरक्षा तर्फ १५, भूमि व्यवस्थापन तर्फ १९ र सहकारी क्षेत्र तर्फ २० गरी जम्मा १९१ कार्यक्रमको ५ वर्षको लक्ष्य निर्धारण गरी जिम्मेवार निकाय/मन्त्रालयलाई तोकिएकोमा मन्त्रालयले यस वर्ष कृषि क्षेत्रसँग सम्बन्धित २७ कार्यक्रमको मात्र प्रगति विवरण पेश गरेको छ। यस वर्ष कृषिमा रु.१ अर्ब ४० करोड लगानी गर्ने लक्ष्य राखेकोमा रु. १ अर्ब २ करोड लगानी गरेको प्रति व्यक्ति प्रति वर्ष खाद्यान्न उपलब्धता २४६ केजी लक्ष्य रहेकोमा १९० केजी मात्र पुगेको, सिन्चित क्षेत्रफलको लक्ष्य १५० हेक्टर रहेकोमा ११८ हेक्टरमा मात्र सिंचाई पुगेको, १०० हेक्टरमा चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा ५२ | हाल आ.व. २०८१/०८२ मा प्रति व्यक्ति प्रति वर्ष खाद्यान्न उपलब्धता ४०० के.जी पुर्याउने लक्ष्य अनुरुप ३८१ के.जी पुगेको अवस्था छ। ठूला सिंचाईको कार्य जिम्मेवारी सिंचाई मन्त्रालयको र साना सिंचाई स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने भएकाले सिंचाई सम्बन्धी कार्य कार्यान्वयन गर्ने नगरिएको। चक्लाबन्दी कार्यक्रमको लागि कृषकहरुबाट न्यून माग आउने गरेको। माथि उल्लेखित प्रतिक्रियाको आधारमा उक्त बेरुजु दफा हटाई दिनको लागि महालेखा परिक्षकको कार्यालयलाई निर्देशन हुन अनुरोध छ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| | हेक्टरमा मात्र सञ्चालन भएको देखिन्छ। वार्षिक लक्ष्य अनुसारका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। | | |
| ७ | **प्रदेश गौरवका आयोजनाः-** प्रदेशको चालु पञ्चवर्षीय योजनाले कृषि मन्त्रालय अन्तर्गतका ३ योजनालाई प्रदेश गौरवको योजना भनी उल्लेख गरेकोछ। जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा हुने जोखिम न्यूनीकरण गर्न स्थानीय स्रोत साधनको उचित व्यवस्थापन मार्फत कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र गुणस्तर वृद्धि गर्ने उद्देश्य राखी २०७५।७६ देखि मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ आयोजना कार्यान्वयनमा आएकोछ। उक्त आयोजना २०८०।८१ मा सम्पन्न गर्ने लक्ष्य राखेकोमा हालसम्मको वित्तीय प्रगति ४६ प्रतिशत मात्र भएकोछ। स्याउ विशेष आयोजनाको प्रगति ५७ प्रतिशत रहेकोछ। आयोजनाको अनुगमन तथा हाल सम्मको उपलब्धि विश्लेषण गरी लक्ष्य अनुसार प्रगति हाँसिल गर्नुपर्दछ। | **मुख्यमन्त्री जलवायू नमूना गाँउ कार्यक्रमः-मुख्यमन्त्री** जलवायू नमूना गाउँ कार्यक्रम कार्यान्वयनको क्रममा आ.व.२०७९/८० सम्म ८५% वित्तीय प्रगति रहेको अवस्था छ। कार्यक्रमबाट हालसम्म १०७ हे. जमिनमा बेमौसमी तरकारी खेती विस्तारमा सहयोग पुगेको छ।<br>२७५.३ हे. जमिनमा सुन्तलाजात फलफूल, १८.७५ हे.जमिनमा चिया/कफी, २६ हे. जमिनमा अलैची, २ हे. अदुवा/वेसार खेती विस्तार साना ठूला गरी ७९६ वटा आधुनिक खोर निर्माण गरिएको छ।<br>**स्याउको बिरुवा सम्बन्धीः-** कार्यक्रमको अनुगमन प्रतिवेदन पश्चात मात्र भुक्तानी हुने गरेको। अनुगमन प्रतिवेदन कम्पाईल गरी विरुवा रोपण तथा विरुवाको हालको अवस्थाको तथ्याङ्क सङ्कलन गरी प्रतिवेदन एकिकृत गर्ने कार्य अन्तिम चरणमा रहेको।<br>**चीन सरकारको सहकार्यमा** सार्वजनिक निजी साझेदारी मोडेलमा गण्डकी गाई फार्म र दुग्ध विकास संस्था सम्बन्धित आ.व | प्रदेश सरकारले विशेष प्राथमिकता राखी कार्यान्वयन गरेका प्रदेश गौरवका आयोजनाहरु किन तोकिएको समयमा सम्पन्न हुन सकेनन ? र ति आयोजनाले किन अपेक्षित लाभ दिन सकेनन् ? सोको विस्तृत अध्ययन गरी आवश्यकता अनुसार ति आयोजनाको पुनरावलोकन समेत गरी यथासिघ्र सम्पन्न गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| | | ०७९/०८० को बजेटमा प्रस्ताव गरिएको तर स्वीकृत बजेट आउदा उक्त कार्यक्रम समावेश हुन छुटेको।<br>आयोजनाको अनुगमन तथा हाल सम्मको उपलब्धि विश्लेषण गरी लक्ष्य अनुसार प्रगति हाँसिल गर्ने तर्फ मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएकोछ अत: माथि उल्लिखित प्रतिक्रियाको आधारमा उक्त बेरुजु दफा हटाई दिनको लागि महालेखापरीक्षकको कार्यालयलाई निर्देशन हुन अनुरोध छ। | |
| ९ | **अनुदान वितरणः-** कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको अनुदान एकद्वार प्रणालीबाट सञ्चालन हुँदा पारदर्शीता हुने र दोहोरो वितरणको अवस्था रहँदैन। सङ्घीय सरकार, प्रदेश सरकार (मन्त्रालय, पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र) तथा स्थानीय तहबाट समेत स्पष्ट नीति तथा कार्यक्रम र सीमा निर्धारण नगरी एक भन्दा बढी निकायबाट एकै प्रकृतिका कार्यक्रममा अनुदान दिने र दिएको अनुदानको अभिलेख राख्ने | यस मन्त्रालयका मातहातका निकायहरुको कार्य जिम्मेवारी र कार्य प्रकृती फरक फरक भएकोले एकद्वार नीति लागु गर्न कठिनाई भएको व्यहोरा अनुरोध गर्दै आगामी दिनमा यस तर्फ ध्यान दिने प्रतिबध्दता ब्यक्त गर्दछु। कार्य विस्तृतीकरण प्रतिवेदनमा तीन तहका सरकारको कार्य जिम्मेवारी स्पष्ट किटान नगरिएको कारण अनुदान वितरणमा दोहोरो पर्ने जोखिम रहेको। सङ्घीय सरकार, प्रदेश सरकार (मन्त्रालय, पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र) तथा स्थानीय तहबाट एकै प्रकृतिका कार्यक्रममा एउटै अनुदानग्राहीलाई विभिन्न तहबाट पटक-पटक अनुदान प्राप्त हुने | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव अनुसार अनुदान एकद्वार प्रणालीलाबाट सञ्चालन हुने व्यवस्था मिलाउन तथा हालसम्म अनुदान प्रदान गरिएका कार्यक्रमको नाम, ठेगाना, अनुदान रकम, प्रयोजन लगायतका सम्पूर्ण विवरण सर्वसाधारणको पहुचँ हुने गरी मन्त्रालयको वेवसाईट तथा सम्बन्धित कार्यालयको सूचनापाटीमा टाँस गरी |

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| | नगरेबाट एउटै अनुदानग्राहीलाई विभिन्न तहबाट पटक-पटक अनुदान प्राप्त हुने अवस्था रहेको छ। पुँजी निर्माण हुने तथा नागरिकको जीवनस्तरमा सुधार ल्याउने गरी एकद्वार नीति बनाई अनुदान दिने र सोको प्रभावकारी अनुगमन गर्ने व्यवस्था गर्नुपर्दछ। | अवस्था नरहेको। लाभग्राही एकै भएता पनि कार्यक्रम र कामको प्रकृति फरक रहेको हुँदा दोहोरो अनुदान प्राप्त हुने सम्भावना नरहेको। यसको लागि एकद्वार नीति बनाई अनुदान दिने र सोको प्रभावकारी अनुगमन गर्ने तर्फ मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएकोछ अत: माथि उल्लेखित प्रतिक्रियाको आधारमा उक्त बेरुजु दफा हटाई दिनको लागि महालेखापरीक्षकको कार्यालयलाई निर्देशन हुन अनुरोध छ। | सार्वजनिक गर्ने निर्देशन दिने । |
| १० | **कार्य सञ्चालनस्तरको कार्यः-** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले नीति तथा कार्यक्रमको निर्माण, कार्यान्वयनको अनुगमन लगायतको कार्यमा केन्द्रित रहनु पर्नेमा चक्लाबन्दी कार्यक्रम, चक्लाबन्दी जग्गामा पुनः अनुदान कार्यक्रम, नापी नक्सामा सार्वजनिक बाटो अद्यावधिक कार्यक्रम, चक्लाबन्दी जग्गामा यान्त्रिकीकरण अनुदान र कृषि ऋणमा व्याज अनुदान कार्यक्रम मन्त्रालयले सञ्चालन गरी रू.९९ लाख ३३ हजार खर्च गरेको छ। मन्त्रालयले मातहतका कार्यालयलाई कार्यक्रम सञ्चालन गर्न अख्तियारी नदिई आफैले कार्यक्रम सञ्चालन गरेको | मातहतका निकायमा भूमि सम्बन्धी कार्य गर्ने निकाय र जनशक्ति नरहेकोले (मन्त्रालयमा भूमि व्यवस्था तथा भूमिस्रोत नक्साङ्कन महाशाखा) मन्त्रालयबाट कार्यक्रम कार्यान्वयन गर्नु पर्ने वाध्यता रहेको । अन्य कार्यक्रमको हकमा जिल्ला स्थित कार्यालयलाई नै कार्यजिम्मेबारी अनुरुप कार्यक्रम बाँडफाँड गरी कार्यान्वयन गर्ने गरिएको। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| | उचित देखिएन। नियमावली अनुसार तोकिएको कार्यहरूलाई प्राथमिकता दिई कार्य सञ्चालन गर्नुपर्दछ। | | |
| ११ | **जग्गा चक्लाबन्दी प्रवर्द्धनः-** मन्त्रालयले जग्गा चक्लाबन्दी कार्यक्रमको लागि तनहुँको एक र नवलपुरको १ समूह एवम् संस्थालाई रु.६६ लाख ४४ हजार अनुदान रकम उपलब्ध गराएको छ। जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ को अनुसूची १ मा चक्लाबन्दी भएको जमिनलाई कृषि कार्यमा निरन्तर १० वर्षसम्म प्रयोग गर्ने गरी जग्गाधनीले प्रतिवद्धता व्यक्त गर्नुपर्ने र १० वर्ष पश्चात जग्गाधनीलाई जग्गा फिर्ता गर्दा कुन मोडेलमा फिर्ता गर्ने हो, सोको खाका पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यस वर्ष नवलपुर र तनहुँ जिल्लाका २ स्थानको जम्मा ५ सय ४४ रोपनी क्षेत्रफलमा अनुदानग्राही छनौट गरी जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन गरेको छ। कार्यक्रम सञ्चालन गर्दा जग्गा धनीसँगको अनुमति, प्रतिबद्धता तथा मापदण्ड लगायतका | प्रतिवद्धता पत्र कृषि समूहको आवेदनमा संलग्न रहेको। जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्दा जग्गा चक्लाबन्दी सञ्चालन सम्बन्धी मापदण्ड र कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्ने गरिएको। कार्यक्रम सञ्चालनका क्रममा प्लटहरु निर्माण cutting and filling तथा बाटो कुलो निर्माण जस्ता कार्यहरु गर्दा जग्गाधनीहरु तथा कृषक समूह, सहकारी सदस्यहरुकै प्रत्यक्ष उपस्थिति तथा निगरानीमा नै कार्यक्रम सम्पन्न भएको। जग्गा धनीहरुले नागरिकता र जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी कार्यक्रम सञ्चालन गर्ने मन्जुरीनामा सहीत दायाँ, बाँया ल्याप्चे लगाई कार्यक्रम संचालनको लागि अनुमति प्रदान गरेका। कूलो, बाटोमा जाने जग्गा चक्लाबन्दी क्षेत्रमा परेका जग्गा धनीहरुको क्षेत्रफलको आधारमा सम्पूर्ण जग्गा धनीहरुलाई न्याय हुने गरी दामासही (धेरै क्षेत्रफल हुनेको धेरै, कम क्षेत्रफल हुनेको कम) रुपमा घटाई जग्गा फिर्ता गर्नुपर्नेछ।सो कार्य कित्तानापी नक्सामा रहेको क्षेत्रफलका आधारमा बाँडफाड गर्ने कार्य कार्यक्रम संचालकलाई जानकारी भएको। जग्गा | उपरोक्त समस्या समाधान गर्ने गरी जग्गा फिर्ता सम्बन्धी कानून निर्माण गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| | न्यूनतम प्राविधिक पक्षहरू समेत पूरा गरेको देखिएन। मन्त्रालयले नागरिकको व्यक्तिगत सम्पत्तिमा अनुमति नलिई कार्यक्रम सञ्चालन गरेको, १० वर्ष पश्चात् कुलो, पैनी, नाला, बाटो, पम्प हाउस लगायतमा प्रयोग भएको जग्गा कटाई जग्गाधनी प्रमाणपुर्जा, नक्सा नापी वा प्रयोग गरेको क्षेत्रफलमध्ये कुन आधारमा जग्गा फिर्ता गर्ने सोको यकिन नगरी कार्यक्रम सञ्चालन गरेको देखिन्छ। मन्त्रालयले जग्गा फिर्ता मोडालिटी यकिन गरेर मात्र कार्यक्रम अगाडि बढाउनु पर्ने र अनुगमन गरी कृषि कार्यक्रम उद्देश्य अनुरूप सञ्चालन भएको यकिन गर्नुपर्दछ। | फिर्ता सम्बन्धि कानुन निर्माणका लागि आवश्यक प्रकृया अगाडि बढेको। माथि उल्लेखित प्रतिक्रियाको आधारमा उक्त बेरुजु दफा हटाई दिनको लागि महालेखापरीक्षकको कार्यालयलाई निर्देशन हुन अनुरोध छ। | |
| १२ | **सहकारी रजिष्ट्रारको कार्यालयः- सहकारी संस्थाहरूको स्थितिः** प्रदेश सरकारले सहकारीलाई दर्ता तथा नियमन गर्न सहकारी ऐन, २०७५ तथा सहकारी नियमावली, २०७६ लागू गरेको छ। प्रदेश अन्तर्गत जम्मा सहकारीको संख्या ९४२ रहेकोमा निष्कीय सहकारीको संख्या ५२० रहेको र ४२२ सहकारीले मात्र वार्षिक | निष्क्रिय सहकारीलाई खारेज गरी सक्रियको कार्य जारी रहेको।५२० निष्क्रिय सहकारीबाट ४२५ पुर्याईएको। खोजी, सधारणसभा, लेखापरीक्षण, करचुक्ता सम्बन्धी कार्य भईरहेको। ४२२-५१८ पुगेको। समस्याग्रस्त सहकारी ११ वटा रहेको। हालसम्म ३५ वटा उजुरी परेकोमा २४ वटा फर्छ्यौट भएको। लमजुङ्ग कालिका वचत तथा ऋण सहकारी संस्थाको मुद्दा विचाराधिन रहेकोमा ८४ जनाको मागदावी रहेकोमा | कानूनको व्यवस्था अनुसार नियमित अनुगमन गरी समस्याको समयमै पहिचान गरी समाधान गर्ने गरी कार्यसम्पादन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| | रूपमा विवरण बुझाएको देखिन्छ। कानुनमा भएको व्यवस्था अनुसार अनुगमन गर्नुपर्दछ। | सम्पूर्णको वचत फिर्ता गरी मिलापत्रको प्रक्रियामा रहेको। अन्यको हकमा आंशिक प्रगति भएको। कानुनी व्यवस्था अनुरुप सहकारीहरुको अनुगमन गरी नविकरण/कारवाही/खारेजी सम्बन्धी कार्य गरिएको। | |
| १३ | **उजुरी र कारबाहीः-** सहकारी रजिष्ट्रारको कार्यालय पोखराले आफ्नो कार्यक्षेत्रअन्तर्गत दर्ता भएका कुल ९४२ सहकारी संस्था भएकोमा ३२ वटा सहकारी संस्थाको नाममा उजुरी परेको विवरणबाट देखिएको छ। कानुनमा भएको व्यवस्था बमोजिम समस्यामा रहेका सहकारी संस्था उपर छानविन गरी कारबाही गर्नुपर्दछ। | **हालसम्म** ३२ वटा उजुरी परेकोमा २४ वटा फर्छयौट भएको। लमजुङ्ग कालिका वचत तथा ऋण सहकारी संस्थाको मुद्दा विचाराधिन रहेको, जसमा ८४ जनाको मागदावी रहेकोमा सम्पूर्णको वचत फिर्ता गरी मिलापत्रको प्रक्रियामा रहेको। अन्यको हकमा आंशिक प्रगति भएको। | कानुनमा भएको व्यवस्था बमोजिम समस्यामा रहेका सहकारी संस्था उपर यथासिघ्र छानविन गरी कारबाही प्रक्रिया अगाडी वढाउन निर्देशन दिने । |
| १५ | **सहकारी संस्थालाई अनुदानः-**निर्देशनालयले समुदायमा आधारित कृषि उपज उत्पादन कार्यक्रम अन्तर्गत ६ सहकारी संस्थालाई कृषि उपज उत्पादन कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ अनुसार ९० प्रतिशत अनुदान दिई रू.२ करोड ७४ लाख १५ हजार खर्च लेखेको छ। मन्त्रालय र मातहतका कार्यालयले समेत | मिति २०७९/१२/०९ मा नियमित भएको र सहकारी संस्थालाई ५० प्रतिशतअनुदान दिने मापदण्ड मिति २०८०/१२/०५ मा खारेज भई सकेकोले बेरुजु दफा हटाई दिनको लागि महालेखापरीक्षकको कार्यालयलाई निर्देशन हुन अनुरोध छ। | अनुदान दिंदा अनुदानको रकम खर्च गर्दा सार्वजनिक खरिद कानुनको पालना, अनुदान प्राप्त गरेपश्चात् लाभग्राहीले पाउने सुविधा र सहकारी विघटनमा गएको अवस्थामा सो सम्पत्ति |

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| | सहकारी संस्थालाई अनुदान दिने प्रयोजनार्थ कार्यविधि निर्माण गरी लागु गरेकोमा पुनः अर्को कार्यविधि निर्माण गरी अनुदान दिनु उचित देखिदैन। साथै अनुदान दिँदा अनुदानको रकम खर्च गर्दा सार्वजनिक खरिद कानुनको पालना, अनुदान प्राप्त गरेपश्चात् लाभग्राहीले पाउने सुविधा र सहकारी विघटनमा गएको अवस्थामा सो सम्पत्ति सरकारलाई हस्तान्तरण हुने सम्बन्धमा यकिन गरेको छैन। यसरी सहकारी संस्थालाई ५० प्रतिशतअनुदान दिने मापदण्ड संशोधन एवम् खारेज नगरी अर्को मापदण्ड निर्माण गरी सो अनुसार ६ सहकारी संस्थालाई ९० प्रतिशत अनुदान दिई रू.१ करोड ११ लाख ५९ हजार थप व्ययभार पर्न गएको देखिन्छ। | | सरकारलाई हस्तान्तरण हुने सम्बन्धमा यकिन गरि मात्रै दिने व्यवस्था मिलाउन निर्देशन दिने। |
| १६ | **अनुदानमा एकद्वार नीति-** संघीय सरकार, प्रदेश मन्त्रालय, पशु तथा मत्स्य विकास निर्देशनालय लगायतका कार्यालयहरु तथा स्थानीय तह समेतबाट स्पष्ट नीति र सिमा निर्धारण नगरी एकै प्रकृतिका अनुदान एकभन्दा बढी निकायबाट दिने गरेको र | **अनुदानमा एकद्वार नीतिः-** कतिपय कार्यालयहरुले अनुदानग्राहीको विवरण कार्यालयको वेवसाईटमा राख्ने गरेको अवस्था छ भने नराख्ने कार्यालयलाई राख्न निर्देशन दिईएको। साथै अनुदानग्राहीको विवरण कम्पाईल गर्ने कार्य भईरहेको। कार्यक्रममा दोहोरोपना हटाउन पटक पटक संघ तथा प्रदेशमा कार्य विस्तृतीकरण प्रतिवेदन संशोधन | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| | दिएको अनुदानको अभिलेख राख्ने नगरेबाट एउटै कृषक पटक-पटक लाभान्वित हुने अवस्था छ। अनुदानबाट कृषकको आयस्तरमा पारेको प्रभाव लगायतका विषयमा अनुगमन गरी अभिलेख राखेको छैन। स्पष्ट कार्यक्रम र नीति तथा सिमा निर्धारण गरी एकद्वार प्रणालीबाट अनुदान दिने र सो को अभिलेख राख्ने पद्धतिको विकास गर्नुपर्छ। | गरी ३ तहको सरकारको कार्यजिम्मेबारी किटान गर्न माग गरिएको। कार्यालयको फरक फरक कार्य जिम्मेबारी साथै कार्यक्रमको प्रकृति पनि फरक फरक भएकाले अनुदान वितरणमा एकद्धार पद्धति लागू गर्न कठिन भएको। | |
| १७ | **अनुदानको अनुगमनः-** बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकत कार्यविधि, २०७७ को दफा ३७ मा आयोजना तथा कार्यक्रमको अनुगमन गर्नुपर्ने व्यवस्था छ। निर्देशनालयले यस वर्ष कोल्ड स्टोर निर्माण, दुग्ध विस्यान केन्द्र स्थापना, चिज प्रशोधन केन्द्र र गौशाला निर्माण कार्यक्रममा ६ संस्थालाई रु.४३ लाख ९३ हजार अनुदान दिएकोमा अनुदानको अनुगमन गरी प्रतिवेदन पेश गरेको छैन। गत विगतमा दिएका अनुदानको प्रभावकारिता र कार्यक्रमको निरन्तरता सम्बन्धमा अनुगमन गरी प्रतिवेदन गर्नुपर्नेमा सो समेत | यस वर्षको कार्यक्रममा विगतका वर्षमा सञ्चालित अनुदानका कार्यक्रमको प्रभावकारिता अध्ययन कार्यक्रम समावेश गरिएको।यस वर्ष देखि सम्झौता पत्रमा लाभग्राहीले पाउने सुविधा र संस्था विघटन भएमा निर्माण वा खरिद भएको सम्पति सरकारलाई बुझाउने व्यवस्थाका उल्लेख गरी सोही अनुसार गर्न गराउन निर्देशन दिईएको।यस वर्ष गोरखा, लमजुङ, कास्की, मनाङ, स्याङजा, म्याग्दी र नवलपुर जिल्लाहरुलाई अनुगमन प्रतिवेदन कम्पाईल गरी प्रतिवेदन तयारीको लागि जानकारी गराईएको। कम्पाईलेसनको कार्य जारी रहेको। अनुदानको प्रभावकारीता अध्ययन तथा प्राविधिक पृष्ठपोषणको लागि बजेट विनियोजन गरिएको। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| | गरेको पाइएन। कार्यविधिको पालना हुनुपर्दछ। साथै अनुदान प्राप्त गरे पश्चात लाभग्राहीले पाउने सुविधा र संस्था विघटन भएमा निर्माण वा खरिद भएको सम्पत्ति सरकारलाई प्राप्त हुने व्यवस्था गर्नुपर्दछ। | | |
| १८ | **जग्गा पहिचान नभएको-** आलु खेती प्रर्वद्धन कार्यक्रम अन्तर्गत कृषि ज्ञान केन्द्र गोरखाले आलु खेती प्रर्वद्धनका १० कार्यक्रममा रु १३ लाख ७ हजार खर्च गरेको छ। मापदण्डले गत विगत वर्षभन्दा थप क्षेत्रमा खेती गरेपश्चात मात्र अनुदान उपलब्ध गराउने उल्लेख गरेकोमा सो कुराको एकिनै नगरी अनुदान उपलब्ध गराउनु उचित देखिदैन्। मापदण्डको पालना हुनुपर्दछ। | | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| २० | **दुधमा अनुदान-** भेटनरी अस्पाताल तथा विज्ञ केन्द्र तनहुँले रु ४१ लाख ८० हजार र कास्कीले ८४ लाख ४८ हजार गरी जम्मा रु १ करोड २६ लाख २८ हजार अनुदान उपलव्ध गराएकोमा अनुदान उपलब्ध गराउँदा मापदण्डको पालना गर्नुपर्दछ। | | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| २१ | **सम्झौताको म्याद थपः-** तनहुँ जिल्लाको व्यास नगरपालिकामा मोडल भेटेरीनरी अस्पताल भवन निर्माणको लागि एक निर्माण व्यवसायीसँग २०७९।१०।१२ भित्र सम्पन्न गर्ने गरी रू.४ करोड ९० लाख ८३ हजार मा २०७८ श्रावणमा सम्झौता गरेको छ। हालसम्म उक्त निर्माण व्यवसायीलाई रू.२ करोड ३६ लाख ७७ हजार अर्थात ४२.६८ प्रतिशत वित्तीय प्रगति गरेको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा काबुबाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएको कारणबाट खरिद सम्झौताको अवधि बढाउनु परेमा संशोधित कार्यतालिका पेश गर्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको सुपरिवेक्षण गर्ने सङ्घीय आयोजना कार्यान्वयन इकाई, कास्कीले ५५ प्रतिशत भौतिक प्रगति गरेको उल्लेख गरी प्रथम पटक २०८०।९।११ सम्म म्याद थप गरेको देखियो। थप | **मन्त्रालयको जवाफः-**<br>सम्झौता रद्ध गरी पुन: टेण्डर आव्हवान गरी पुन: म्याद थप गर्नु परेको। सार्वजनिक खरिद नियमावली २०६४ को १३ औं संशोधनमा थप गरिएको १२०(क) मा भएको व्यवस्था अनुसार म्याद थप गरिएको। निर्माण कार्य सम्पन्न गर्न समय समय ताकेता गरिएकोमा निर्माण ब्यवसायीबाट २०८२ आषाढ मसान्तसम्ममा कार्य सम्पन्न गर्ने Work Schedule पेश गरि निर्माण कार्य तिब्ररुपमा भईरहेको। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्देशन |
|---|---|---|---|
| | गरिएको अवधिमा समेत कार्य सम्पन्न भएको छैन। खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। | | |

## ३.७ भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

### ३.७.१ महालेखा परीक्षकको छैटौं बार्षिक प्रतिवेदन (गण्डकी प्रदेश) २०८१

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| २ | **कार्य जिम्मेवारीः-** गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य जिम्मेवारीमा तोकिएका मध्ये घर एकीकरण (हाउस पुलिङ्ग) सम्बन्धी क्षेत्र विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन नीति तथा मापदण्ड, यातायात सुरक्षा तथा सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण एवं वातावरणमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री यातायात प्रवर्द्धन विषयलाई नीति तथा कार्यक्रममा समावेश गरेको छैन। नियमावलीमा तोकिए बमोजिम कार्य-जिम्मेवारी पूरा गर्नुपर्दछ। | १. हाउस पुलिङ सम्बन्धी कार्यका लागि प्रदेशस्तरमा हालसम्म कुनै माग नरहेको, आवश्यकता अनुसार नीति तथा मापदण्ड तयार गरि कार्यन्वयन गरिने,<br>२. यातायात सुरक्षा तथा सवारी प्रदुषण नियन्त्रण सम्बन्धी कामकाज निरन्तर भईरहेको र योजना निर्माण एवं वातावरण मैत्री, अपाङ्ग मैत्री तथा लैङ्गिकमैत्री यातायात प्रवर्द्धन विषयलाई आयोजना कार्यान्वयनको क्रममा समेट्ने गरिएको, ट्राफिक प्रहरीलाइ यातायात सुरक्षाका विभिन्न उपकरण खरिद गरी हस्तान्तरण गरिएको, अपाङ्गमैत्री सडक पूर्वाधार निर्माण गर्ने व्यवस्था गण्डकी प्रदेश सडक ऐन, २०८१ मा राखि कार्यान्वयन सुरु गरिएको, | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | | ३. भवन तथा बस्ती विकास सम्बन्धी बिधेयक प्रदेश सभामा पेश भएको,<br>४. यस वाहेक गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्रमा परेका कार्यहरु मन्त्रालयलाई उपलब्ध वजेटको परिधिभित्र रही क्रमशः कार्यान्वयन गर्दै लगिएको छ। | |
| ३ | **नीति तथा कार्यक्रम :-** प्रदेश सरकारको यो वर्षको नीति तथा कार्यक्रममा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित विषयहरूमध्ये राष्ट्रिय र प्रादेशिक लोकमार्गबाट स्थानीय तहको केन्द्र जोड्न बाँकी रहेका गोरखाको चुमनुव्री गाउँपालिका र मनाङको नार्यभूमि गाउँपालिकाको केन्द्रसम्म सडकको पहुँच पुर्याउन प्राथमिकता दिने, बुढिगण्डकी करिडोरलाई वेनीघाट लार्के, मस्याङ्दी कोरिडोर, वेनीघाटदेखि मुग्लिन त्रिशुली कोरिडोर जोड्ने, पोखराको लामेआहालमा महानगरसँगको साझेदारीमा बसपार्क निर्माण गर्न जग्गा प्राप्ति प्रक्रिया बढाईने, "व्यवस्थित सहरः हामी सबैको रहर" अन्तर्गत गोरखाको पालुङटार नवलपुरको बुलिङटार, स्याङ्जाको चापाकोट र बागलुङको गलकोट लगायतका सहरको विकास गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र | १.गोरखाको चुमनुव्री र मनाङको नार्फा भूमी गा.पा. केन्द्र सम्म सडक पहुँच पुर्याउने सम्बन्धमा तथा बुढिगण्डकी कोरिडोरलाई बेनीघाट लार्के, मर्स्याङ्दी कोरिडोर, बेनीघाट देखि मुग्लिङ् त्रिशुली कोरिडोर जोड्ने सम्बन्धमा चरणबद्ध रुपमा काम भइरहेको,<br>२.आर्थिक वर्ष ०७८-७९ मा सहरी विकास तथा भवन कार्यालयमार्फत प्रस्तावित लामे आहाल बसपार्क निर्माण योजनामा करिब ४५ लाख वरावरको ढल व्यवस्थापनको काम भएको। सेतो पुर्जा र रातो पुर्जा भएको वसपार्क निर्माणस्थलको लागि आवश्यक पर्ने जग्गा प्राप्ती नभएको कारणले थप काम अगाडी वढाउन नसकिएको । पोखरा महानगरपालीका वडा नं. ३२को कार्यालयको सहयोगमा जग्गा लागत सङ्कलन गरी मन्त्रालयमा प्रतिबेदन पेस गरेको, पोखरा महानगरबाट वसपार्क निर्माणको लागि करिब एक अर्बको डिपिआर तयार भएको तर | नीति तथा कार्यक्रममा उल्लेख गरिनु तर कार्यन्वयन नगरिनु उपयुक्त नभएकाले महालेखा परीक्षकको सुझावअनुसार नै कार्यान्वयन गर्न नसकिने कार्यक्रम नीति कार्यक्रममा नराख्न र नीति कार्यक्रममा उल्लेख भएका कार्यक्रम कार्यान्वयनको लागि अनिवार्य वजेट व्यवस्थापन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | जग्गा एकिकरणका लागि आवश्यक कानून निर्माण गरिने र पोखराको विभिन्न स्थानमा भेईकल चार्जिङ स्टेशन स्थापना गरिने नीति लिएको भएतापनि कार्यान्वयन गरेको देखिएन। नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। | जग्गा प्राप्ति नहुँदा प्रदेशले लगानी गर्न नसकेको।<br>३.जग्गा प्राप्ति गर्न नसकेको कारणले गोरखाको पालुङटार, नवलपुरको बुलिङटार, स्याङ्जाको चापाकोट र बागलुङको गल्कोटमा सहरी विकास विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य गर्न नसकिएको,<br>४.जग्गा एकिकरणका लागि आवश्यक भवन तथा बस्ति बिकास सम्बन्धी विधेयक प्रदेश सभामा पेश भएको,<br>५.चार्जिङ् स्टेशन स्थापनाका लागि सम्बन्धित मोटर कम्पनीहरुसँग पत्राचार गरी विस्तारका कार्यहरु भइरहेको, हाल ससस्त्र प्रहरी (मालेपाटन), स्याङ्जाको राङखोला, तनँहुको डुम्रे, मालेपाटनको फिर्के पुल नजिक लगायतका ठाँउहरुमा चार्जिङ् स्टेशन स्थापना भई सञ्चालनमा आएको।<br>६.मन्त्रालयले कार्यान्वयन गर्नुपर्ने नीति तथा कार्यक्रमका बिषयमा मन्त्रालयलाई प्राप्त बजेटको परिधिमा रही प्राथमिकताको आधारमा क्रमशः कार्यन्वयन गर्दै लगिएको। | |
| ४ | **योजना छनौट तथा प्राथमिकीकरणः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ मा आयोजना तथा कार्यक्रमको लागि योजना छनौट एवम् बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र | १. मन्त्रालयवाट प्रदेशका महत्त्वपूर्ण सडक (एक निर्वाचन क्षेत्र एक सडक, स्थानीय तहको केन्द्र जोड्ने सडक), प्रदेश गौरवका योजनाहरु, रूपान्तरणकारी योजना जस्ता योजनाहरु छनौट तथा प्राथमिकीकरणमा राखी सचालनमा रहेका।<br>२. आगामी दिनमा ठूला र वहुवर्षीय योजनालाई प्राथमिकताका | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव तयार तथा योजना छनौट गर्नुपर्ने उल्लेख छ। यो वर्ष मन्त्रालय र मातहतका कार्यालयहरूमा २ हजार १०६ योजना रहेकोमा रू.५ लाख भन्दा माथिका योजना ८३, रू.५ लाख देखि रू.५० लाख सम्मको योजना १ हजार ७३४, रू.५० लाख देखि रु.१ करोडसम्मको १२९ योजना, रू.१ करोड देखि रू.५ करोड सम्मको योजना १२३ र रू.५ करोड भन्दा माथिको ३७ योजना रहेको देखियो। मन्त्रालयले टुक्रे योजना स्वीकृत गर्नु भन्दा ठूला र बढी प्रतिफल प्राप्त हुने एवम् तुलनात्मक लाभ बढी भएका योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। | साथ वजेट विनियोजन गर्ने नीति लिईने । | |
| ५ | **बजेट कार्यान्वयनः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३२ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तालुक निकायमा पठाउने र नियम ३३ मा तालुक निकायले भौतिक र वित्तीय पक्षको समिक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय मातहत १३ कार्यालयले यो वर्ष १२३ सडक तथा पुल | * DPR तयार भएका आयोजनाहरु मात्र बहुवर्षीय योजनाको रुपमा कार्यन्वयन गर्ने गरिएको,<br>* जग्गा सम्बन्धी विवाद समाधान गर्न, नाम संसोधनमा ढिलाई, योजनाको दोहोरिएको छ/छैन एकिन गर्न, बहुवर्षीय योजनामा समावेश गराउन भनि योजना रोक्ने प्रवृति जस्ता कारणले आयोजना/ठेक्का व्यवस्थापन ढिलाई भएको,<br>* समस्याहरुलाई समयमै सम्बोधन गर्न सम्बन्धित जन-प्रतिनिधिसँग समन्वय र सहकार्यमा प्रयास गरेको भएतापनि पूर्ण | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | योजनामा रू.६० करोड ४३ लाख ५८ हजार बजेट व्यवस्था भएतापनि कार्यान्वयन हुन सकेको देखिएन। ठेक्का व्यवस्थापन नहुनुमा जग्गा प्राप्त नभएको, जग्गा विवाद, कार्यक्षेत्र विवाद, तोकिएको भन्दा फरक कार्यक्षेत्र भएको लगायत कारणहरू रहेको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिम वहुवर्षिय योजनामा स्रोत सुनिश्चितता भएको हुनुपर्ने, डि.पि.आर. नगरी आयोजना छनौट गर्न नहुने, जग्गा विवाद सुल्झाई ठेक्का लगाउनुपर्ने जस्ता प्रक्रिया पूरा नगरी मन्त्रालयले योजना छनौट गर्नाले उपरोक्त समस्या देखिएको छ। उल्लिखित समस्या समाधान गरी आयोजना छनौट तथा ठेक्का व्यवस्थापन गर्नुपर्दछ। | रुपमा समस्या समाधान गर्न नसकिएको,<br>* महालेखापरीक्षकको प्रतिवेदनको सुझाव अनुसार नै आयोजना छनौट ठेक्का व्यवस्थापनमा निरन्तर सुधार गर्दै कार्यसम्पादन गरिदै लगिने। | |
| ६ | **पुँजीगत बजेट र खर्चः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ७ मा प्राप्त बजेट सीमा र मार्गदर्शनभित्र रही आफू र मातहत कार्यालयको लागि नीति र कार्यक्रम समेत राखी बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ। मन्त्रालयको विगत तीन वर्षको संशोधित पुँजीगत बजेट र खर्च यस प्रकार छ।<br>मन्त्रालयको पुँजीगत खर्चको स्थिति विश्लेषण गर्दा | मन्त्रालय मातहतका कार्यालयहरुमा दरवन्दी अनुसारको जनशक्ति व्यवस्थापन नहुनु, योजना अनुगमन मूल्याङ्कनमा सवारी साधनको अभाव, वहुवर्षीय ठेक्का लागेका योजनामा यथेष्ट वजेट विनियोजन नहुँदा निर्माण व्यवसायीलाई परिचालन गर्न कठिन, निर्माण सामग्रीको अभाव, आन्तरिक रकमान्तरमा ढिलाई लगायतका कारणले खर्च प्रतिशत घटेको देखिन्छ। पछिल्लो आर्थिक वर्षमा पुँजीगत खर्च विगत वर्षको तुलनामा बढेको र | योजना छनौटदेखि सम्पन्न हुने अवधिसम्म निरन्तर अनुगमन गरी तोकिएको लक्ष्य अनुसार पुँजीगत बजेट खर्च गरी तोकिए अनुसारको प्रगति हासिल गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | आर्थिक वर्ष २०७७।७८ मा ८१.२३ प्रतिशत २०७८।७९ मा ७४.४५ प्रतिशत र २०७९।८० मा ५७.४४ खर्च गरेको देखिन्छ। विगत ३ वर्षको खर्च प्रतिशत घट्दो दरमा रहेको देखिन्छ। खर्च प्रतिशत घट्दै जानुको कारण पहिचान गरी स्वीकृत बजेट अनुसारको कार्यक्रम सञ्चालन गरी खर्च दक्षता अभिवृद्धि गर्नुपर्दछ। | आगामी दिनमा समेत पुँजीगत खर्च र दक्षता अभिवृद्धि गर्न आवश्यक रणनीतिहरु अवलम्वन गरिने व्यहोरा अनुरोध छ। | |
| ७ | **त्रैमासिक खर्च :-** मन्त्रालय र मातहतका कार्यालयमा पूँजीगततर्फ रु.७ अर्ब ८१ करोड ६४ लाख ८३ हजार खर्च गरेकोमा प्रथम त्रैमासिकमा ८.१५ प्रतिशत, दोश्रो त्रैमासिकमा १२.०९ प्रतिशत र तेस्रो त्रैमासिकमा २१.२५ प्रतिशत र अन्तिम त्रैमासिकमा ५८.५१ प्रतिशत खर्च भएको छ। आर्थिक वर्षको अन्त्यमा बढी खर्च हुँदा कामको पर्याप्त अनुगमन हुन नसकी गुणस्तरमा समेत असर पर्न सक्ने भएकोले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा खर्च गर्नुपर्दछ। | मन्त्रालय मातहतका कार्यालयहरुको आन्तरिक रकमान्तर आर्थिक बर्षको अन्तमा हुनु, टुक्रे आयोजना धेरै भएको कारण ठेक्का तयारी तथा व्यवस्थापनमा समय लाग्ने, दोस्रो त्रैमासिकमा भएका ठूला निर्माण कार्यहरुको वजेट अभावले विल भुक्तानी हुन नसकेको हुँदा स-साना सालवसाली योजनाहरुको ठेक्का व्यवस्थापनवाट वचत रकम एकिन भएपछी मात्रै रकमान्तर भएको कारण पनि अन्तिम त्रैमासिकमा वढि खर्च देखिएको छ। आगामी आर्थिक वर्षमा बहुवर्षीय योजनामा आवश्यकता अनुसार रकम विनियोजन गरी कार्यान्वयन गरिने छ। | तहाँ मन्त्रालयवाट पहिचान गरेका समस्याहरु समाधान गरी स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा समानुपातिक खर्च हुने व्यवस्था मिलाउन निर्देशन दिने। |
| ८ | **चौमासिक ठेक्का:** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १५(७) मा खरिद पूर्वतयारीदेखि बोलपत्र आव्हानसम्मका खरिद व्यवस्थापन सम्बन्धी कार्य प्रथम त्रैमासिक अवधिभित्र | श्रोत सुनिश्चितता प्रक्रियामा समय लाग्ने, जग्गा सम्बन्धी विवाद समाधान गर्न समय लाग्ने, योजना संशोधन र योजना चेकजाँच गरी दोहोरोपना हटाउन समय लाग्ने, ठेक्काको पूर्व तयारी एवं न्यून जनशक्तीको कारणले पहिलो त्रैमासिकमा सबै योजनाको | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १५(७) को व्यवस्थाअनुसार खरिद पूर्व- |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | सम्पन्न गर्नेगरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था भएकोमा यस मन्त्रालय मातहत १३ कार्यालयमार्फत कुल २१०६ योजना कार्यान्वयन भएकोमा ५८७ योजना ठेक्का व्यवस्थापन मार्फत भएको देखिएकोमा प्रथम चौमासिकमा ५१ वटा योजना (९ प्रतिशत) सम्झौता भएको, दोश्रो चौमासिकमा २५१ वटा योजना (४३ प्रतिशत) ठेक्का सम्झौता भएको र तेश्रो भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय चौमासिकमा २८५ (४८ प्रतिशत) ठेक्का सम्झौता भएको देखिन्छ। बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ मा उल्लेख भएबमोजिम सम्पूर्ण खरिद कारबाही प्रथम चौमासिकमा सम्पन्न भईसक्नुपर्नेमा दोश्रो तथा अन्तिम चौमासिकमा गएर ९१ प्रतिशत ठेक्का सम्झौता गरेको देखिंदा कार्यविधिको पालना भएको छैन। समयमै खरिद सम्झौता नहुँदा तोकिएको समयमा काम सम्पन्न नहुने तथा निर्माण गरिएका संरचनाको गुणस्तर कमजोर हुने जोखिम कायमै छ। कार्यविधिको पालना गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ। | स्थलगत निरिक्षण गरी खरिद सम्बन्धि कार्य सम्पन्न गर्न नसकिएको अवस्था छ। आगामी आर्थिक वर्षमा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १५(७) मा व्यवस्था भएअनुसार नै खरिद पूर्वतयारीदेखि बोलपत्र आव्हानसम्मका खरिद व्यवस्थापन सम्बन्धी कार्य गर्नेगरी जनशक्ति लगायतका स्रोत परिचालन गरिनेछ। | तयारीदेखि बोलपत्र आव्हान-सम्मका खरिद व्यवस्थापन सम्बन्धी कार्य प्रथम त्रैमासिक अवधिभित्र सम्पन्न हुने गरी बजेट तथा कार्यक्रम प्रस्ताव र सम्पादन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| ९ | **प्रदेश गौरवका आयोजनाः-** गण्डकी प्रदेशको प्रथम आवधिक योजनामा पूर्वाधार मन्त्रालयतर्फ १३ आयोजनाहरूलाई प्रदेश गौरवका आयोजना घोषणा गरी कार्यान्वयनमा ल्याएको छ। उपरोक्तानुसार प्रदेश गौरवका १३ वटा मध्ये स्थानीय तहका केन्द्र जोड्ने सडक कार्यक्रमका लागि रू.२ अर्ब ९४ करोड ३ लाखको सम्झौता भएकोमा रू.२ अर्ब २७ करोड ७९ लाख खर्च भई हालसम्म ७७.५ प्रतिशत प्रगति भएको छ। त्यस्तै पोखरा डेढगाउँ दुम्कीवास त्रिवेणी सडक अन्तर्गतका ६ खण्डहरूमा रू.७१ करोड ५९ लाखको ठेक्का सम्झौता भएकोमा रू.५२ करोड ५१ लाख १४ हजार खर्च भई हालसम्मको प्रगति ७२ प्रतिशत तथा शालिग्राम कोरिडोर अन्तर्गतका ४ आयोजनाहरूको प्रगति ५५.७ प्रतिशत रहेको देखिन्छ। एकीकृत प्रदेश प्रशासनिक केन्द्र निर्माण अवधारणा तयार भएकोमा थप प्रगति भएको छैन, तसर्थ प्रथम पञ्चवर्षीय योजनाले राखेको लक्ष्य अनुरूप कार्यसम्पन्न हुन सक्ने देखिदैन। पञ्चवर्षीय योजनाले राखेको लक्ष्यअनुरूप प्रदेश गौरवका आयोजना सम्पन्न गर्ने तर्फ मन्त्रालयको ध्यान जानुपर्दछ। | आवधिक योजनाले राखेका लक्ष्यहरु, प्रदेश गौरवका आयोजनाहरु समयमा सम्पन्न गर्ने विषयमा सरोकारवालासँग समन्वय भएको, महत्वपूर्ण आयोजनालाई बजेट व्यवस्थापन तथा अनुगमन गरी सहजिकरण गरिएको। तर महत्वपूर्ण योजनाहरुमा आवश्यकता अनुसार वजेट विनियोजन गर्न नसकिएको कारणले लक्ष्य अनुसार प्रगति हासिल गर्न कठिन भएको छ। जग्गा प्राप्ति हुन नसकेको कारणले एकिकृत प्रदेश प्रशासनिक केन्द्र कार्यान्वयन हुन नसकेको व्यहोरा अनुरोध छ। | प्रदेश गौरवका आयोजनालाई प्राथमिकतामा राखी वजेट विनियोजन गरी लक्ष्य अनुरुप नै सम्पन्न गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
| --- | --- | --- | --- |
| १० | **सडक निर्माण उपलब्धिः** गण्डकी प्रदेशको प्रथम आवधिक योजनामा २ हजार ४१९ किलोमिटर कालोपत्रे गर्ने लक्ष्य लिएकोमा २०७९।८० सम्ममा सडक कालोपत्रेतर्फ ६६८ किलोमिटर कालपत्रे भएको, ग्रावेल ५९९ किलोमिटर, सडक पुल ८५ किलोमिटर प्रगति भएको देखिन्छ। लक्ष्यको तुलनामा २७.६१ प्रतिशत प्रगति गरेको छ। मन्त्रालयले न्युन प्रगति हुनुका कारण पहिचान गरी कार्ययोजना सहित प्रगति गर्नुपर्दछ। | सो अवधिमा कोभिडको महामारी, जग्गा प्राप्ति, वनजन्य विषय, विद्युत, टेलिफोन, खानेपानी, संरचनाको स्थानान्तरणको ढिलाई लगायतका कारणले लक्ष्य अनुसारको प्रगति हासिल गर्न नसकिएको व्यहोरा अनुरोध छ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| ११ | **नर्म्स** :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २९ मा सार्वजनिक निकायले कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत सडक, भवन आदि पूर्वाधार निर्माण र त्यससँग सम्बन्धित परामर्श सेवा खरिद कार्यमा यस वर्ष परामर्श सेवा खरिद कार्यको नर्म्स र स्पेशिफिकेशन बेगर नै पूर्वाधार विकास भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय निर्देशनालयले रु.१ करोड ६० लाख ३८ हजार, सहरी विकास तथा भवन कास्कीले रू.३३ लाख ३५ हजार, | दक्ष जनशक्ति, विज्ञता, जटिल तथा ठूला किसिमका कार्य (लामो लम्बाई भएका सडकहरु, सडक पुल, झोलुङ्गे पुल का कारण परामर्श सेवा खरिद गर्नुपर्ने, परामर्श सेवा नेपाल सरकारको स्वीकृत नम्स र स्पेशिफिकेशन अनुसार नै खरिद गरिएको छ। पाँच करोड सम्मको सडक योजनाको डिपिआर कार्यालयमा भएको प्राविधिक जनशक्तिलाई प्रयोग गरी तयार गरिएको, संघीय सरकारको स्वीकृत नम्स अनुसार नै परामर्श सेवा खरिद गरिएकोले मन्त्रालयले छुट्टै नम्स बनाउनु नपर्ने। वहुवर्षीय ठेक्का प्रणालीको लागि डिपीआर महत्वपूर्ण रहेको। क्षेत्रगत विज्ञता मन्त्रालय तथा कार्यालयसँग नहुने भएकाले परामर्श सेवा आवश्यक परेको समयमा नेपाल सरकारको स्वीकृत नम्स र | नम्स अनुसार नै सवै कार्यालयमा खर्चमा एकरुपता कायम गर्न निर्देशन दिने। उपरोक्त व्यहोरा अनुसार हालको बेरुजु नियमानुसार सम्परीक्षण गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | पूर्वाधार विकास कार्यालय बागलुङले रू. ७० लाख ३० हजार, गोरखाले रु.३६ लाख ७ हजार, मनाङले रू.२७ लाख ५८ हजार, लमजुङले रू.२३ लाख ८९ हजार, स्याङ्जाले रू.२४ लाख ९२ हजार गरी कुल रु.४ करोड १३ लाख १७ हजार खर्च गरेको छ। नर्म्स तथा स्पेशिफिकेशन तयार गरी खर्चमा एकरूपता कायम गर्नुपर्दछ। | स्पेशिफिकेशन अनुसार परामर्श सेवा खरिद गरिएको। आगामी दिनमा सबै कार्यालयहरुमा एकै प्रकारको नम्स प्रयोग गरिने प्रतिवद्धता मन्त्रालयको रहेको हुँदा सो बेरुजु लगत बेरुजुको लगत कट्टा गरिदिनुहुन अनुरोध छ। | |
| १२ | **कन्टिन्जेन्सी खर्चः-** प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ३ मा पूर्वाधार निर्माणको नर्म्स सम्बन्धी व्यवस्था छ । निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। मन्त्रालय मातहतका पूर्वाधार निर्देशनालय, सहरी विकास तथा भवन कार्यालय, पूर्वाधार विकास कार्यालय, कास्की, तनहुँ, बागलुङ लगायत १० कार्यालयहरूले यस वर्ष रु.१० करोड ९३ लाख १४ हजार कन्टिन्जेन्सी खर्च गरेको छ। उक्त खर्च कुल पूँजीगत खर्चको १.४० प्रतिशत हुन आउँछ। कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत रूपमा अभिलेख नराखेको र नापी किताबमा पनि | सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने सम्बन्धि मापदण्ड २०८० अनुसार कन्टिन्जेन्सी रकम स्वीकृत गरी खर्च गर्ने गरिएको छ। कार्यालयसँग सम्भावित खर्चको विवरण माग गरी मन्त्रालयवाट स्वीकृत गरी खर्च गर्ने गरिएको व्यहोरा अनुरोध छ। | कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत रूपमा अभिलेख राख्न र नापी किताबमा समेत उल्लेख गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | उल्लेख नगरेकोले आयोजनाको वास्तविक खर्च यकिन गर्न सकिएन। यसमा सुधार गर्नुपर्दछ। | | |
| १३ | **रकमान्तरः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १९ मा कुनै एक उप शीर्षकमा रकम अपुग भएमा अर्को बजेट उपशीर्षकबाट आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। यस मन्त्रालयको सुरु बजेट विनियोजन रू.१२ अर्ब ९४ करोड ८ लाख ४७ हजार भएकोमा रकमान्तरबाट रू.१ अर्व ६ करोड २३ लाख ६६ हजार थप भई अन्तिम बजेट रू.१४ अर्व ३२ लाख १३ हजार कायम भएको छ। रकमान्तर भई आएको रकम मध्ये आषाढ महिनामा मात्र रू.९० करोड १० लाख ८० हजार अर्थात कुल रकमान्तरको ८५ प्रतिशत थप भएको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। सभाले स्वीकृत गरेको भन्दा फरक ढंगले रकमान्तर गरी वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ। | सालवसाली स-साना योजनाहरुको ठेक्का व्यवस्थापन भई बचत भएको रकम यकिन हुन समय लाग्ने हुन्छ । रकम यकिन भएपश्चात मात्र रकमान्तर प्रकृया अगाडि बढ्ने गरेको । बहुवर्षीय योजनामा न्यून बजेट बिनियोजन हुने र काम अनुसार सिर्जना हुन आएको दायित्व अनिवार्य भुक्तानी गर्नुपर्ने बाध्यताको कारण वचत भएको रकम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ तथा गण्डकी प्रदेश विनियोजन ऐन अनुसार आन्तरिक रकमान्तर गर्नुपरेको। आगामी आर्थिक वर्षमा बहुवर्षीय योजनामा स्वीकृत खरिद गुरुयोजना तथा श्रोत सुनिश्चितता बमोजिम बजेट बिनियोजन हुने तथा टुक्रे आयोजनाको संख्यामा कम गर्ने रणनीति लिएको हुँदा सोमा सुधार गर्ने विषयमा मन्त्रालय प्रतिबद्ध छ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| १४ | **आयोजना बैङ्कः-** गण्डकी प्रदेश आयोजना वैङ्क दिग्दर्शन, २०७९ बमोजिम प्रदेश नीति आयोगमा - आयोजना बैङ्क सूचना व्यवस्थापन प्रणाली स्थापना भएको छ। आयोजना बैङ्क दिग्दर्शनको बुँदा नं. ४.४ मा आयोजना बैङ्कमा समावेश हुनको लागि न्युनतम् ५ करोडभन्दा बढी लागत भएका आयोजना र २० प्रतिशत बजेट सुनिश्चित भएको हुनुपर्ने व्यवस्था भएकोमा मन्त्रालय अन्तर्गत १३ कार्यालयमा रू.५ करोड भन्दा बढी लागत भएका ३७ वटा योजना आयोजना बैङ्कमा प्रविष्ट गरेको देखिएन। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा आयोजना बैङ्क दिग्दर्शन, २०६९ ले निर्दिष्ट गरेको व्यवस्थाको पालना गरी मन्त्रालय मार्फत व्यवस्थापन हुने आयोजनाहरू बैङ्कमा प्रविष्टि गरी कार्यान्वयन गर्नुपर्दछ। | आयोजना बैङ्क कार्यविधी स्वीकृत भई जारी भएको छ। पाँच करोड भन्दा बढि लागत इस्टिमेट भएका र २० प्रतिशत श्रोत सुनिश्चितता भएका आयोजनालाई आयोजना बैङ्क कार्यविधी अनुसार मन्त्रालयवाट आयोजना बैंकमा प्रविष्टि गरी कार्यान्वयन हुने व्यवस्था गरिने छ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| १५ | **संगठन र कर्मचारी व्यवस्थापनः-** मन्त्रालय र अन्तर्गत कार्यालयको लागि कुल ३७१ दरबन्दी रहेकोमा १६९ पदपूर्ति भई २०२ रिक्त रहेको छ। कार्यबोझको आधारमा जनशक्ति उपलब्ध नहुँदा समयमा कार्य सम्पन्न गर्न कठिनाई हुने भएकोले स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। | पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगसँग जनशक्ति माग गरिएको व्यहोरा अनुरोध छ। | रिक्त दरवन्दीमा नियमानुसार यथासिघ्र पदपूर्ति हुने व्यवस्था मिलाउन निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| १६ | **मुल्य समायोजनः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्र्याक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ । सार्वजनिक लेखा समितिले डिजाईन एण्ड बिल्ड प्रक्रियाबाट हुने निर्माण कार्यको भेरिएसन र मुल्य समायोजनलाई व्यवस्थित गर्न थप कानुनी व्यवस्था गर्न २०७६।११।१८ मा निर्देशन दिएकोमा हालसम्म सो सम्बन्धी कानुनी व्यवस्था भएको छैन । यातायात पूर्वाधार निर्देशनालय, कास्कीले लमसम प्रकृतिको ठेक्का सम्झौतामा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखी ४ ठेक्कामा रु. ३ करोड १२ लाख २२ हजार मूल्य समायोजन भुक्तानी गरेको छ । डिजाईन एण्ड बिल्ड लमसम ठेक्का भएकोले ऐनको व्यवस्था अनुसार मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिँदैन । ऐनको परिपालना हुनुपर्दछ । | यसमा प्रतिवेदनमा उल्लेख भएको डिजाईन एण्ड बिल्ड लमसम ठेक्का भएकोले ऐनको व्यवस्था अनुसार मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिँदैन भन्ने सम्बन्धमा तपशिल बमोजिमको व्यवस्था रहेको छ।<br>१) नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८।११।१६ गतेको निर्णयानुसार सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० उपनियम (२) अनुसार डिजाईन र निर्माण सम्झौताको दर विष्लेषणको नर्म्स स्वीकृत भए बमोजिम सम्झौतामा मूल्य समायोजन व्यवस्था उल्लेख भएमा मूल्य समायोजन दिन सकिने व्यवस्था रहेको हुँदा सोही नर्म्स बमोजिम मुल्य समायोजन भुक्तानी दिइएको।<br>२) सार्वजनिक खरिद ऐनको दफा ८ को उपदफा १ को खण्ड (क) को ७ मा एकमुष्ठ दर विधिको परिभाषामा प्रत्येक इकाइको परिमाण र लागत अनुमानको कूल अंकभन्दा के कति घटी वा बढी प्रतिशतमा काम गर्ने हो भनि कबोल गरी बोलपत्र पेश गर्ने विधि सम्झनुपर्छ भन्ने उल्लेख भएको छ । यी ठेक्काहरुमा फरक फरक आइटमहरु संलग्न मूल्य सूचीअनुसार निर्माण व्यवसायीबाट अलग अलग दररेट पेश गरी पेश भएको दररेट अनुसार सम्झौता भएको रहेको छ ।<br>३) सार्वजनिक खरिद नियमावलीको नियम ३१ (क) मा | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | | सार्वजनिक निकायले कुनै योग्यता नचाहिने प्रकृतिको दुई करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य खरिद गर्नुपर्दा लागत अनुमान सार्वजनिक गरि एकमुष्ठ खरिद विधिवाट प्रतिस्पर्धा गराइ खरिद गर्न सकिने व्यवस्था रहेको छ। साथै सोही नियमको उपनियम (३) मा बहुवर्षीय सम्झौता गर्दा एकमुष्ट खरिद विधि प्रयोग गर्न नपाइने प्रावधान रहेको छ। उपरोक्त उल्लेख भएका डिजाईन एण्ड विल्ड ठेक्काहरु २ (दुई) करोड माथिका बहुवर्षीय ठेक्का सम्झौता हुन, यि ठेक्काहरु कानुनी रुपमा पनि लमसम ठक्का होइनन्। (४) डिजाईन एण्ड विल्ड प्रक्रियावाट हुने निर्माण कार्यको भेरियसन र मुल्य समायोजनलाई व्यवस्थित गर्ने गरी सार्वजनिक खरिद (चौधौं संशोधन) नियमावली, २०८२ को अनुसूची १ (ख) द्वारा हाल कानूनी व्यवस्था समेत थप भएको छ। यसरी, प्रतिवेदनमा उल्लेख भएबमोजिम डिजाइन एण्ड विल्ड लमसम प्रकृतिको सम्झौता बमोजिम नियमानुसार मुल्य समायोजन भुक्तानी दिइएको हुँदा सरकारी नगदी तथा जिन्सीमा कुनै हानी नोक्सानी नभएको र राज्यलाई थप व्ययभार नपरेको हुँदा उपरोक्त बेरुजुलाई नियमानुसार सम्परीक्षण गर्ने गरि निर्देशन हुन अनुरोध छ। | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| १७ | **पेस्की कट्टीः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा सम्झौता अनुसार पेस्की कट्टा गर्नुपर्ने व्यवस्था छ। कार्यालय र एक निर्माण व्यवसायीवीच समसाघाट पुल निर्माण कार्यमा भएको सम्झोताको शर्त अनुसार सम्झौता रकमको ३० प्रतिशत भुक्तानी पश्चात् प्रत्येक रनिङ्ग बिलबाट ४० प्रतिशतको दरले कट्टा गरी ८० प्रतिशत समय अर्थात् २०८०।०१।०२ सम्म सम्पूर्ण पेस्की कट्टी गरिसक्नुपर्नेमा सम्झौता अवधि समाप्त हुँदासमेत रू.१ करोड २३ लाख ९० हजार पेस्की बाँकी रहेकोले पेस्की असुल गरी कार्य सम्पन्न गर्नुपर्दछ। | महालेखापरीक्षकको प्रतिवेदन पछि निर्माण व्यवसायीलाई ताकेता गरेको र आर्थिक वर्ष २०८०/८१ देखि निर्माण कार्य सुचारु भएको छ। | महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| १८ | **रुग्ण आयोजनाः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको कार्यसम्पादन नगरेमा, दफा ६२ को आचरण पालना नगरेमा सार्वजनिक निकायले खरिद सम्झौता अन्त्य गर्न सक्ने उल्लेख छ।<br>पूर्वाधार निर्देशनालयले २०७६ कार्तिकमा मास्दीघाट पुल तथा २०७७ कार्तिकमा सेतीनदी पुल निर्माण कार्यका लागि २ निर्माण व्यवसायीसँग रू.३० करोड ३३ लाख ९० हजारमा ठेक्का सम्झौता गरेको छ । | १. सेती नदी पुल (नाल्दीघाट) निर्माण व्यावसायीसँग सम्झौता भई निर्माणको क्रममा तँनहु हाईड्रोको डुवान क्षेत्रमा पर्ने भएको कारणले निर्माण कार्य अगाडी बढाउन नसकिएकोले कार्यालयवाट पेश्की रकम फिर्ता लिईसकेको तर निर्माण व्यावसायीले डिजाईन एण्ड विल्ड खरिद प्रक्रिया अनुसार उक्त पुलको डिजाईन गरिसकेकोले डिजाईन वापतको र साईट मोविलाईजेसन खर्च भएको कारणले सो खर्च रकम क्षतिपूर्ति पाँउ भनि Arbitration मा गएको व्यहोरा अनुरोध छ। | निर्णय गरी टुङ्गो लगाउनुपर्ने विषयमा यथासिघ्र प्रक्रिया थालनी गरी महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | ठेक्का सम्झौता भई सकेपछि उक्त क्षेत्र तनहुँ हाईड्रोको डुवानमा परेको जनाई निर्माण कार्य गरेको छैन। मन्त्रालयले उक्त २ रुग्ण आयोजनाको सम्बन्धमा उचित निर्णय गरी टुङ्गो लगाउनु पर्दछ। | २. सेती नदी (मास्दिघाट) सडक पुलको सन्दर्भमा पनि पेश्की रकम कार्यालयवाट फिर्ता माग भई फिर्ता गरेको। निर्माण व्यवसायीले सो पेश्की रकम Site Visit, कर्मचारी अनुगमन, डिजाइन र soil test मा खर्च भएको भनि सम्मानित उच्च अदालत पोखरामा मुद्दा दायर भएकोमा निर्माण व्यावसायीको रिट निवेदन खारेज भएको अवस्था छ। उक्त योजना निर्माण व्यावसायीसँग ठेक्का सम्झौताका शर्तहरुको आधारमा सार्वजनिक खरिद ऐन, २०६३ वमोजिम खरिद प्रक्रिया अन्त्य गरिने छ। | |
| १९ | **सरकारी भवन मर्मत सम्भारः-** सहरी विकास तथा भवन कार्यालय कास्कीले स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रादेशिक सरकारी भवन मर्मत सम्भार तथा निर्माण संरचनागत सुधार गर्नका लागि यो वर्ष रु.२ करोड ६९ लाख बजेट व्यवस्था भएकोमा रू.२ करोड ३४ लाख ६९ हजार खर्च गरेको छ। कार्यालयले सरकारी भवनहरूको मर्मत सम्भार गर्नका लागि कार्यालयहरूको मर्मत, सम्भार, संरक्षण लगत तयार गर्नुपर्ने र प्राप्त बजेटलाई प्राथमिकताको आधारमा कार्यालयगत बजेट वर्गिकरण गरी मर्मत अभिलेख राखी खर्च गर्नुपर्नेमा मर्मतको लगत एवम् प्राथमिकीकरण वेगर नै खर्च गरेको छ। यसमा सुधार हुनुपर्दछ। | निर्मित सार्वजनिक तथा सरकारी भवनहरुको संरक्षणको लागि शहरी विकास तथा भवन कार्यालयले स्थानीय तह तथा प्रदेश संसदवाट माग भएअनुसार सिफारिस गरी पठाएका मर्मत सम्भारका योजनाहरुलाई कार्यालयले क्रियाकलापमा विनियोजित एकमुष्ट वजेट वाडफाँड सम्बन्धी मापदण्ड २०८१ अनुसार प्राथमिकिकरण गरी खर्च गर्ने गरिएको छ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| २० | **मूल्य समायोजनः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२) अनुसार सम्पन्न भएको काममा मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय बागलुङ्गले डुवाडी-गाडीखोला-ढोरपाटन म्याग्दी सडक निर्माण र एक्लेफौट जेरेती पुल निर्माण कार्यको २ निर्माण व्यवसायीलाई सम्झौताको शर्त बमोजिम काममा ढिलाई गरेकोले पूर्वनिर्धारित क्षतिपूर्ति रू.१४ लाख ६२ हजार कट्टा गरी भुक्तानी गरेको अवस्थामा समेत सोही अवधिको मूल्यवृद्धि रू.२७ लाख ५ हजार भुक्तानी दिएको छ। सम्झौताको दफा नं. ५३.८ मा निर्माण व्यवसायीको ढिलाईको कारणले काम सम्पन्न नभएमा मूल्य वृद्धि दिन नमिल्ने व्यवस्था भएकोले सो रकम असुल हुनुपर्दछ। साथै मुल्य समायोजन सुत्रमा विजक अङ्क फरक पारी पूर्वाधार विकास कार्यालय तनहुँले सेती नदी मोटरेवल पुल निर्माणमा रू. ५ लाख ६० हजार र पुर्वाधार विकास कार्यालय नवलपुरले क्याम्पस चोक-निस्दि पाल्पा सडक निर्माण ठेक्कामा रु.९ लाख ९१ हजार समेत रू.१५ लाख ५१ हजार बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ। | एक्लेफाँट जरेती पुल निर्माणको अन्तिम बिल भुक्तानी गर्दा रु १,२८,०३५.१० पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गरी रु. २८,२५७.९३ मात्र मूल्य वृद्दि रकम भुक्तानी भएको।<br>क्याम्पस चोक निस्दी पाल्पा सडक निर्माणमा रू ९,९१,०००/- बुढि भुक्तानी भएको रकम असुल उपर हुनुपर्ने बेरुजु लेखिएकोमा २०८१/०३/२५ मा सो रकम दाखिला भएको भौचर पेश भएको छ।<br>पूर्वाधार विकास कार्यालय तनहुँले ठेक्का लगाएको सेति नदी सडक पुल निर्माणको तेस्रो रनिङ बिलमा मूल्य समायोजन वापत् ५,६०,४४६.३३ बढी भुक्तानी भएको रकम असुल उपर गर्नुपर्ने भनी लेखिएकोमा सो रकम आठौं रनिङ बिलको मुल्य समायोजन बिलमा क्रममा घटाएर भुक्तानी दिएको हुँदा सो वेरुजु सम्परीक्षण गर्ने निर्देशन हुन अनुरोध छ। | असुल उपर गर्नुपर्ने बाँकी रकम असुल उपर गर्न तथा असुल उपर भैसकेको रकम प्रमाण कागजात समेत संलग्न गरी नियमानुसार सम्परीक्षण गरी लगतकट्टा गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| २१ | **पूर्वनिर्धारित क्षतिपूर्तिः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेकोमा निर्माण व्यवसायीले सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी ०.०५ प्रतिशत प्रति दिनका दरले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय नवलपुरको सम्झौता रकम रू.१ करोड ३५ लाख ७३ हजारको २ सडक निर्माण ठेक्का र पूर्वाधार विकास कार्यालय स्याङ्जाको रू.२५ करोड ८१ लाख २४ हजारको २ सडक निर्माण ठेक्कको म्याद थप तथा निर्माण कार्य सम्पन्न भएको छैन। खरिद कानुन तथा सम्झौताको शर्त अनुसार उपरोक्त ४ ठेक्काको लेखापरीक्षण अवधिसम्मको हिसाबले पूर्वनिर्धारित क्षतिपूर्ति रू. २ करोड २४ लाख ९६ हजार हुन आउँछ। प्रचलित कानुन बमोजिम गर्नुपर्दछ। | पूर्वाधार विकास कार्यालय नवलपुरका अनुसार सुन्दरचोक हेल्थ सेन्टर दलित मार्ग सडकको आकाँक्षा कन्सट्रक्सनले आयोजनाको कार्य शुरु नगरेको हुँदा कार्य सम्पादन जमानत जफत गरी कार्यालयको धरौटी खातामा रहेको र उक्त ठेक्का तोड्ने प्रकृयामा रहेको हुँदा १०% क्षतिपूर्ति बापतको रकम रू २,७८,०४३ असुल उपर गर्न नसकिने तर ठेक्का अन्त्य गरी सार्वजनिक खरिद अनुगमन कार्यालयमा कालो सूचीमा राखी निर्माण कार्य सम्पन्न गर्न लाग्ने लागत अनुमान बराबरको रकम असुल उपर गर्न प्रकृया अगाडि बढाइएको। पूर्वाधार विकास कार्यालय नवलपुरका अनुसार अरुणखोला रातामाटा राँकाचुली सडक ठेक्कामा समीर कन्सट्रक्सनले खरिद नियमावलीको तेहौं संशोधनले २०८१/०५/३० सम्मको म्याद थप पाई कार्यसम्पन्न गरेको हुँदा नियमितको लागि पेश भएको। पूर्वाधार विकास कार्यालय स्याङ्जाका अनुसार मिर्मी बिर्घा रानीघाट सडक र विर्घा गहलाम बनकाशी गरी दुवै सडकमा खरिद नियमावलीको तेहौं संशोधनले निर्माण व्यावसायीले म्याद थप पाएकाले मलेप सम्परीक्षणका लागि प्रमाणसहित पेश भएको हुनाले बेरुजु लगतबाट हटाईदिनुहुन अनुरोध छ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| २२ | **अधुरो आयोजनाः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा वोलपत्रदाताले खरिद सम्झौता तथा खरिद | नवलपुरका अधुरा आयोजनाहरु जयश्री खोला सडक पुल (सम्पन्न हुने चरणमा रहेको र सल्लो फर्साघाट चिसापानी, सड्कें | अधुरो निर्माण कार्य सम्पन्न गर्ने गरी प्राथमिकतामा राखि बजेट |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | सम्बन्धी दायित्व पालना गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ मा सार्वजनिक निकायले निर्माण कार्य निर्धारित समयमा सम्पन्न गर्नुपर्ने उल्लेख छ। भौतिक पूर्वाधार कार्यालय बागलुङ्ग अन्तर्गत विगतदेखिका रु.१ अर्ब १८ करोड ३५ लाख ४५ हजार लागतको ५ सडक निर्माण कार्य अधुरो रहेको छ। ती आयोजनाको अन्तिम म्याद २०८० आषाढसम्म थपिएकोमा कार्यप्रगति नभएको, पूर्वाधार विकास कार्यालय कास्की अन्तर्गत रू.३२ करोड ७३ लाख ९५ हजार लागतको ५ सडक योजना अधुरो आयोजनाको रूपमा रहेको छ। त्यस्तै पूर्वाधार विकास कार्यालय, नवलपुरको रू.१३ करोड ५७ लाख २ हजार लागतको २ पुल निर्माण कार्य अधुरो रहेको छ। उपरोक्तानुसारको योजनाहरू विगत वर्षदेखि जिम्मेवारी सर्दै आएको र अन्तिम म्याद थप गर्दा समेत प्रगति नदेखिएकोले अधुरो निर्माण कार्य सम्पन्न गर्न सम्झौताको परिपालना गराउनु पर्दछ। | पुल (सम्पन्न भएको तर भुक्तानी दिने रकम नभएको) दुवै योजनामा १३ औं संसोधनबाट म्याद थप भई सम्पन्न हुने चरणमा रहेको। चालु आर्थिक वर्ष २०८१-८२ मा बजेट थप भएमा सम्पन्न हुने अवस्थामा रहेको।बाग्लुङका ८ वटा अधुरा योजनाहरु मध्ये ७ वटा सम्पन्न भएका र एउटा कुश्मिशेरा जैमिनी १ रागंखानी नामडुक बरेगं शान्तिपुर सडक स्तरोन्नती कार्य (निर्माण व्यवसायी शर्मा क्याराभान जे.भी.) को २०८१ चैत्र मसान्तसम्म म्याद रहेकोमा हाल निर्माण व्यबसायीले कार्य सुरु गरेकोले बेरुजु लगतबाट हटाईदिनुहुन अनुरोध छ। | विनियोजन गर्न तथा यस दफामा उल्लेख भएको महालेखा-परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| २३ | **सब-कन्ट्र्याक्टर मार्फत कार्यः-** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न | • पूर्वाधार विकास कार्यालय मुस्ताङमा प्रादेशिक सडक सुरक्षा कार्यक्रम अन्तर्गतको २ वटा योजना जेठ महिनामा स्वीकृत भएकाले ठेक्का लगाउने समय नभएर उपभोक्ता समिति | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख भएअनुसार कानूनको परिपालना नहुने गरी किन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | गर्नुपर्ने र कुनै व्यवसायी वा सबकन्ट्र्याक्टरबाट गराउन नसकिने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय मुस्ताङले २ उपभोक्ता समितिमार्फत सडक स्तरोन्नति कार्यका लागि रु. ३५ लाख १५ हजारको कार्य गर्दा स्वयंले गर्नुपर्नेमा २ निर्माण व्यवसायी मार्फत कार्य गराएको छ। नियमावलीको पालना गरी खरिद कार्य गर्नुपर्दछ। | मार्फत कार्य भएको।<br>• हिमाली जिल्लाहरुमा ठेक्का व्यवस्थापन गर्न कठिन हुने हुँदा साना तिना निर्माण कार्य उपभोक्ता समितिवाट कार्य गर्ने बाध्यता।<br>• उक्त कार्य Road Furnishing र Road Painting रहेको।<br>• सो कार्यले कुनै पनि सरकारी हानी नोक्सानी नभएको। | कार्यसम्पादन गर्नुपरेको हो ? यस सम्बन्धमा यथासिघ्र अध्ययन गरी भविष्यमा यस्तो अवस्था नआउने गरी कार्यसम्पादन गर्न निर्देशन दिने । |
| २४ | **आयोजना प्रभावित क्षेत्रमा सडक ढलानः-** बुढीगण्डकी जलविद्युत् आयोजना निर्माण क्षेत्रभित्र पर्ने जग्गा तथा सम्पत्तिको मुआव्जा वितरण भइसकेको अवस्थामा आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई अन्यत्र स्थानान्तरण गरी वस्ती खाली गराउने र आयोजनाको निर्माण कार्यलाई तीव्रता दिनुपर्ने अवस्थामा सरकारी क्षेत्रबाट स्थायी संरचना निर्माण गर्नु उपयुक्त देखिँदैन। पूर्वाधार विकास कार्यालय गोरखाले बुढीगण्डकी जलविद्युत् आयोजनाको जलाशय क्षेत्रभित्र पर्ने आरुघाट बजारको सडक स्तरोन्नति ढलान कार्य गरी एक निर्माण व्यवसायीलाई रु.४० लाख ७१ हजार भुक्तानी गरेको छ। आयोजना प्रभावित क्षेत्रमा स्थायी संरचना बनाउने कार्य सम्बन्धित आयोजनाकै दायित्वभित्र पर्ने भएकोले | पूर्वाधार विकास कार्यालय, गोरखा अनुसार स्वीकृत वार्षिक पूर्वाधार विकास कार्यक्रम उपर स्थानीयको मागबमोजिम प्रचलित कानुन एवम् सम्झौताको शर्त अनुसार काम भएको र सो को प्रचलित कानूनी प्रावधान अनुसार नै खर्च लेखिएको। तत्पश्चात आयोजना प्रभावित क्षेत्रभित्र कार्यालयका तर्फबाट हाल कुनैपनि निर्माण कार्य नभएकोले उक्त बेरुजु नियमानुसार सम्परीक्षणका लागि निर्देशन हुन अनुरोध छ। | प्रदेश सरकारको स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यसम्पादन भएको र कानून अनुसार नै खर्च भएको भन्ने मन्त्रालयवाट लेखि आएकाले उक्त कार्यवाट कुनै सरकारी हानी नोक्सानी नभएको एकिन गरी नियमानुसार उक्त वेरुजु सम्परीक्षण गर्न तथा अन्य विषयमा महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
| --- | --- | --- | --- |
| | सम्बन्धित आयोजना कार्यालयसँग समन्वय गरेर मात्र कार्य गर्नुपर्दछ। | | |
| २५ | **मेशिन औजार खरिदः-** पूर्वाधार विकास कार्यालय म्याग्दीले बेनी दरबाङ रोड (चेनेज ०:००० देखी १२+५८५) स्तरोन्नतीको लागि २०७६।१०।०६ मा एक निर्माण व्यवसायीसँग रू.४३ करोड ५३ लाख ७८ हजारमा सम्झौता भएकोमा प्रोभिजनल समको आईटम ११.३ अनुसार ल्याव स्थापना तथा गुणस्तर नियन्त्रणको लागि आवश्यक मेशिन औजार खरिद बापत रकम उपलब्ध गराउने र अन्तिम विल भुक्तानी अगावै सोका लागि खरिद गरिएका सामाग्री कार्यालयमा दाखिला गर्नुपर्ने गरी रू.३० लाख भुक्तानी गरेकोमा अन्तिम विल भुक्तानी भईसक्दा समेत सो सामाग्रीहरू कार्यालयमा दाखिला भएको छैन। खरिद भएका सामाग्रीहरू कार्यालयमा दाखिला हुनुपर्दछ। | पूर्वाधार विकास कार्यालय म्याग्दी अन्तरगत सम्झौताको BOQ मा Provisional Sum चापत रु ३० लाख भएको तर रु २३ लाख मात्रै भुक्तानी भएको, Provisional Sum का items- मेशिनरीहरु खरिद र Lab shed को निर्माण मात्र नभएर Lab Operation Cost समेत हो, केही ल्याब टेस्ट गर्ने स-साना उपकरण र औजार भएको साथै सो समानहरु टुटफुट हुन सक्ने, खेर भएर जाने हुन्छन। सो वापतको रकम दाखिला गर्न लामा-समानान्तर जेभीलाई पत्राचार भएको, कायम भएको बेरुजु बराबर रकम रु ३० लाख रोक्का राखिएको, निर्माण व्यवसायीले नगरेमा धरौटी रकमबाट बेरुजु दाखिला गरिनेछ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| २६ | **पेस्की कट्टी :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा सम्झौता अनुसार पेस्की कट्टा गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, गोरखाले विभिन्न ४ ठेक्काको रु. ७ करोड ८२ लाख ८४ हजार र पूर्वाधार विकास कार्यालय, मुस्ताङले एक | पूर्वाधार विकास कार्यालय, गोरखाका ४ वटा ठेक्का मध्ये २ वटामा पेश्की फछ्यौट भैसकेको, गोरखाका बाँकी २ वटा ठेक्कामा खरिद नियमावलीको तेह्रौं संशोधनले म्याद थप भई काम पनि भैरहेको, रनिङ बिल भुक्तानी गर्दा नियम र सम्झौताअनुसार नै पेश्की कट्टी भैरहेको। | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | ठेक्काको रु. २ करोड २१ लाख ७० हजार पेस्की ठेक्का सम्झौताको शर्त अनुसार सम्झौता रकमको ३० प्रतिशत भुक्तानी पश्चात् प्रत्येक रनिङ्ग बिलबाट ४० प्रतिशतको दरले कट्टा गरी ८० प्रतिशत समय भित्र कट्टा गर्नुपर्नेमा नगरेकोले उक्त पेस्की असुल गरी नियमानुसार कार्य सम्पन्न गर्नुपर्दछ। | पुर्वाधार विकास कार्यालय, मुस्ताङ मुस्ताङको १ ठेक्कामा खरिद नियमावलीको तेह्रौं संशोधनले म्याद थप भई काम पनि भैरहेको, रनिङ बिल भुक्तानी गर्दा नियम र सम्झौता अनुसार नै पेश्की कट्टी भैरहेको। | |
| २७ | **घर जग्गा बहाल :-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २६ र २७ मा राजस्वको व्यवस्थित लेखा राखुपर्ने व्यवस्था रहेको छ। यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमती पत्र) कास्कीको स्वामित्वमा रहेको जग्गा बहालमा लिने गरी सामुदायिक अस्पतालसँग २०७१ साल असार २५ गते सम्झौता गरेकोमा बुँदा नं. १ (ख) बमोजिम व्यापारिक भवन तथा कार्यालय भवन र ४ रोपनी जग्गा समेतको पहिलो र दोस्रो वर्षको लागि मासिक भाडा रु.२ लाख ५० हजार र तेस्रो वर्ष देखि भाडामा १० प्रतिशतको दरले वृद्धि हुने र घर जग्गाको सम्झौता अवधि ३ वर्षसम्म हुने उल्लेख छ। कार्यालयले सम्झौता अनुसार २०७५।७६ देखि २०७९।८० सम्म रु.२ करोड ६८ लाख १५ हजार | कार्यालयको राजश्व जम्मा गरी जग्गा तथा संरचना खाली गराउनको लागि कार्यलयले उक्त अस्पताललाई पत्रचार गरेकोमा उक्त पत्रको विरुद्ध २०८१ असार ४ गते उच्च अदालतमा रिट दायर गरेकोमा उच्च अदालतको आदेशले उक्त रिट खारेज भएको। रिट खारेज भएपश्चात सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेकोमा हालसम्म कुनै आदेश भएको छैन ।<br>हाल सामुदायिक अस्पतालले कार्यालयलाई जग्गा भाडा वापत कुनै रकम नदिएको।<br>मिति २०८२-०२-१२ मा पश्चिमाञ्चल सामुदायिक अस्पताललाई वेरुजु रकम दाखिला गर्न र संरचना खाली गर्न यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र कास्कीबाट पत्राचार भएको छ। | असुल उपर गर्नपर्ने रकम नियामानुसार असुल उपर गराउन सुरु गरिएको प्रक्रियालाई निरन्तरता दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | बुझाउनु पर्नेमा २०८० पौषसम्म रू.२ करोड १५ लाख ६५ हजार प्राप्त गरेकोले बाँकी रू.५२ लाख ५० हजार कानुन अनुसार असुल हुनुपर्दछ। | | |
| २८ | **सेवा प्रवाहः-** यातायात सवारी कार्यालयबाट रुट पर्मिट प्रक्रिया अन्तर्गत् सार्वजनिक यातायात सञ्चालन हुने सवारी साधनहरूलाई सडकको क्षमता, यात्रुको चाप, लाभान्वित जनसंख्या, सवारीको संख्या जस्ता प्राविधिक पक्षहरूमा पर्याप्त ध्यान नपुर्याइएको, पूर्ण रूपमा सडक पूर्वाधार सम्पन्न भई नसकेको अवस्थामा पनि बाटो अनुमतिपत्र दिएको, विना इजाजत सवारी साधन सञ्चालन हुने गरेको, यातायात व्यवसायीहरूविच अस्वस्थ प्रतिस्पर्धा एवम् सिण्डिकेट प्रणालीबाट सेवाग्राहीले सुलभ, गुणस्तरीय, सुरक्षित र भरपदों यातायात सुविधाबाट बञ्चित रहनु परेको, रुट अनुमति प्रक्रिया व्यवस्थित, वैज्ञानिक र प्रभावकारी हुन नसकेको जस्ता समस्या रहेका छन्। सार्वजनिक यातायात सेवालाई व्यवस्थित, स्वच्छ र प्रभावकारी बनाउनको लागि बाटो इजाजत लगायतका सेवा प्रवाह प्रक्रियालाई सरल र चुस्त बनाउनु पर्दछ। | हाल गण्डकी प्रदेश यातायात व्यवस्था ऐन तथा नियमावली लागू भएको छ। उक्त ऐन तथा नियमावलीले व्यवस्था गरेअनुसार मन्त्रालयले उपरोक्त सवालहरुमा निरन्तर सुधार गर्दै गईरहेको छ। हाल संघीय यातायात ऐन तथा नियमावली संविधानको अनुसूचीमा तोकिएअनुसारको कार्यक्षेत्र अनुरुप संशोधन नभएकाले कतिपय विषयमा कार्यक्षेत्रमा स्पष्टता नभएकाले मन्त्रालयले अपेक्षाअनुरुप कार्य गर्न सकेको छैन। उपरोक्त विषयहरुलाई नियमित गर्न मन्त्रालयले ऐन र नियमावलीवाट प्रत्योजित अधिकारको दायरामा रही निर्देशिका तथा कार्यविधि बनाई लागू गर्ने तयारी गरेको छ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
| --- | --- | --- | --- |
| * | **अनुगमन तथा बेरुजुः-** अनुगमन गत विगतका प्रतिवेदनमा लमसम्म प्रकृतिको डिजाईन एण्ड विल्ट खरिद सम्झौतामा मुल्य समायोजन भुक्तानी गरेको, सम्झौताका वखत पेश गरेको मुल्य समायोजन डाटा भन्दा फरक हुनेगरी बढी मुल्य समायोजन दिएको, कन्टिन्जेन्सी खर्चको योजनागत अभिलेख नराखेको, सरकारी कार्यालय भवनहरूको मर्मतको अभिलेख नराखेको, परामर्श सेवा खरिदको नर्म्स तयार नगरेको लगायतका व्यहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन।<br>**बेरुजुः-** मन्त्रालय तथा मातहत समेत १७ निकायमा यो वर्ष रू.५७ करोड ३३ लाख २७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायबाट रू.११ करोड ६४ लाख २ हजार फस्यौट गरेकोले रू.४५ करोड ७५ लाख ३५ हजार बेरुजु बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची १ र ९ मा रहेको छ। | | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

### ३.८ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

### ३.८.१ महालेखा परीक्षकको छैटौं बार्षिक प्रतिवेदन (गण्डकी प्रदेश) २०८१

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| ३ | **लेखापरीक्षण बक्यौताः-** विगत वर्ष लेखापरीक्षण हुन नसकी बक्यौता रहेको जिल्ला स्वास्थ्य कार्यालय, म्याग्दीको विनियोजनतर्फ रू.१ करोड ७१ लाख ७ हजार, राजस्वतर्फ रू.१० हजार र धरौटीतर्फ रू.९ लाख ३६ हजार समेत रू.१ करोड ८० लाख ५३ हजारको यो वर्ष पनि लेखापरीक्षण भएको छैन । | यसमा मन्त्रालयवाट सम्मानीत अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पूर्ण रुपमा श्रेस्ता फिर्ता नआइसकेको हुँदा लेखापरीक्षण हुन नसकेको तथा यस सम्वन्धमा सम्वन्धित कार्यालयबाट मलेपको कार्यालयमा समेत पत्राचार भएको भन्ने विवरण प्राप्त भएको छ । | यस सम्बन्धमा हाल के भईरहेको छ ताकेता गरी श्रेस्ता फिर्ता ल्याई लेखापरीक्षण गराउन निर्देशन दिने । |
| ४ | **कार्यजिम्मेवारीः**-गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य जिम्मेवारीमा तोकिएका मध्ये स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रदेश नीति तथा कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशमा आवश्यक पर्ने प्रवर्द्धनात्माक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनःस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन, स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यावसायिक र पेसागत सङ्घ संस्थाको दर्ता, सञ्चालन, अनुमति र नियमन, प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन, राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा | गण्डकी प्रदेश जनस्वास्थ्य सेवा विधेयक सभामा दफावार छलफलमा रहेको तथा आयुर्वेद स्वास्थ्य संस्था व्यवस्थापन समितिको गठन आदेश, आँपपिपल र बुर्तिवाङ अस्पताल गठन आदेश, अन्तर अस्पताल विशेषज्ञ चिकित्सक परिचालन सम्बन्धी कार्यविधि, स्वास्थ्य क्षेत्रमा सेवाकरारमा जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, क्यान्सर उपचार सहायता सम्बन्धी कार्यविधि, चिकित्सक एवं स्वास्थ्यकर्मी प्रोत्साहन सम्बन्धी कार्यविधि, प्रदेश जनस्वास्थ्य प्रयोगशाला सञ्चालन सम्बन्धी कार्यविधि, अस्पताल व्यवस्थापन समितिको आर्थिक व्यवस्थापन सम्बन्धी कार्यविधि, महिनावारी स्वास्थ्य एवं न्याय सम्बन्धी कार्यक्रम व्यवस्थापन निर्देशिका तथा अस्पताल स्थापना, स्वीकृती र नविकरण व्यवस्थापन कार्यविधि निर्माणको चरणमा | निर्माणको चरणमा रहेका विषयलाई तदारुकताका साथ सम्पन्न गर्न तथा अन्य नियमावलीमा तोकिएअनुसारका कामलाई प्राथमिकतामा राखि कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | संचय, अधिकतम खुद्रा मुल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगलाई दर्ता, सशालन र नियमन गर्ने लगायतका २१ कार्यजिम्मेवारी निर्धारण गरेको छ। कार्यजिम्मेवारी अनुरूपका विभिन्न ८ कामहरू हुन बाँकी देखिन्छ। नियमावलीमा तोकिएबमोजिम कार्यजिम्मेवारी पूरा गर्नुपर्दछ। | रहेको। | |
| ५ | **नीति तथा कार्यक्रमः-**प्रदेश सरकारको यो वर्षको नीति तथा कार्यक्रममा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित विषयहरू मध्ये प्रदेश जनसंख्या नीति तर्जुमा, लिङ्ग पहिचान गरी भ्रूण हत्या विरुद्ध सचेतनामूलक कार्यक्रम लगायत विभिन्न ६ कार्यक्रममा बजेट व्यवस्था भएको छैन भने स्पाईनल इन्जुरी तथा बौद्धिक अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापन र पुनःस्थापनाको लागि ह्विलचियर, कृत्रिम हातखुट्टा तथा कान सुन्ने उपकरण उपलब्ध गराउने कार्यक्रमको लागि रू.२ करोड र दूर चिकित्सा विधि कार्यक्रमको लागि रु.२० लाख बजेट विनियोजन भएकोमा कार्यान्वयन भएनन् । दूर चिकित्सा विधि कार्यक्रमको लागि विगत वर्षमा | स्पाईनल इन्जुरी तथा बौद्धिक अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापन र पुनःस्थापनाको लागि ह्विलचियर, कृत्रिम हातखुट्टा तथा कान सुन्ने उपकरण उपलब्ध गराउने कार्यक्रमको लागि रू.२ करोड सम्वन्धमा खर्च प्रस्ताव र विद्यमान खरिद कानूनको तादात्म्यता मिल्न नसक्दा कार्यान्वयन हुन नसकेको। दूर चिकित्सा विधि कार्यक्रमको लागि रू.२० लाख बजेट विनियोजन भएकोमा कार्यान्वयन सम्वन्धमाःअघिल्लो आ.व. मा उपकरण खरिद भइसकेको र सोही शीर्षकमा पछिल्लो आ.व. मा समेत रकम प्राप्त भएकोले कार्यान्वयन नभएको।<br>दूर चिकित्सा विधि सम्वन्धमाःगोरखा अस्पताललाई हव अस्पतालको रुपमा कायम गरी दूर चिकित्सा सफ्टवयर समेत निर्माण भई हाल Demo Presentation सफल भई पूर्ण रुपमा | वार्षिक नीति तथा कार्यक्रमसँग सामन्जस्यता हुने गरी तथा बजेट निर्माण गरी कार्यान्वयन गर्न निर्देशन दिने। साथै, बजेट विनियोजन भएका कतिपय संवेदनशिल कार्यक्रम जो सिमान्तकृत वर्गको हितमा लक्षित रहेका छन्, यि यस्ता कार्यक्रम समेत कार्यान्वय नहुनु, नगरिनुलाई उपयुक्त मान्न सकिएन। किन यस्तो हुन पुगेको हो? यस सम्बन्धमा अध्ययन गरी भविष्यमा यस्तो |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | रु.३५ लाख १५ हजारको उपकरणहरू खरिद गरेर वेनी, गोरखा, मनाङ र मुस्ताङ अस्पताललाई हस्तान्तरण गरिएको र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राविधिक सहयोगमा तालिम कार्यक्रम समेत सञ्चालन गरिएकोमा हालसम्म दूर चिकित्सा विधिबाट उपचार सेवा सशालन भएको छैन। मन्त्रालयले वार्षिक नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ। | सञ्चालनको क्रममा रहेको छ। | अवस्था आउन नदिन यस्ता कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी कार्यान्वय गर्न निर्देशन दिने। |
| ६ | **एअर लिफ्टिङ्ग सेवाः**-गर्भवती, सुत्केरी र नवजात शिशुको जीवन रक्षाका लागि एयर लिफ्टिङ सेवा कार्यक्रम मार्फत यो वर्ष ५ जना समेत हालसम्म ६४ जनाको एअर लिफ्टिङ गरिएको छ। सो कार्यक्रमको लागि यो वर्ष रू.४५ लाख बजेट मध्ये रु.११ लाख ९८ हजार खर्च भएको छ। संघीय सरकारले समेत राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत सो कार्यक्रम सञ्चालन गरिरहेकोले उक्त कार्यक्रमको आवश्यकता समेत विचार गरी सेवालाई थप व्यवस्थित, प्रभावकारी तथा मितव्ययी बनाउन सोसँग सम्बन्धित कार्यविधि | गण्डकी प्रदेश सरकारले उल्लिखित विषयहरु समेत समेटि कार्यविधि स्वीकृत गरी कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गरेको। | महालेखा परीक्षकको सुझावलाई कार्यान्वयन गर्दै कार्यक्रमलाई निरन्तरता दिन निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ। | | |
| ७ | **प्रदेश गौरवका आयोजनाः-** प्रदेशको पञ्चवर्षीय योजनाले मन्त्रालय अन्तर्गत मुटु, मृगौला र क्यान्सरको एकीकृत प्रदेश अस्पताल निर्माण आयोजनालाई प्रदेश गौरवको आयोजना उल्लेख गरेको छ। लागत अनुमान रू.१ अर्ब ५० करोड रहेको विशिष्टीकृत अस्पताल निर्माणको लागि सम्भाव्यता अध्ययन गर्न २०७६/७७ मा रू.२० लाख बजेट विनियोजन भएकोमा अस्पताल निर्माण गर्न जग्गा प्राप्त हुन नसकेको कारण उक्त आयोजना अघि बढेको छैन। प्रदेशको आवधिक योजनामा यस आयोजना२०७६।७७ देखि सुरु भई २०८०।८१ भित्र सम्पन्न गर्ने लक्ष्य राखेकोमा हाल सम्म कार्य सुरु भएको छैन। आयोजना अन्तर्गत गत विगत वर्षमा रू.२ करोडको मेशिन खरिद गरी अन्य अस्पतालहरूमा वितरण गरिएको थियो। आयोजना घोषणा गरेपनि अपेक्षित प्रगति नभएको हुँदा लक्ष्य अनुसार कार्य गर्नुपर्दछ। | जग्गा प्राप्त हुन नसकि प्रदेश गौरवका आयोजनाहरुको कार्य प्रारम्भ हुन नसकेको। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा क्याथल्याव, सङ्क्रामक तथा सरुवा रोग अस्पतालमा डायलायसिस लगायतका प्रदेश अस्पतालहरुको सुदृढीकरण गर्नको लागि औजार उपकरणको व्यवस्थापन गरिएको भनि मन्त्रालयवाट जवाफ प्राप्त भएको। | प्रदेश गौरवको आयोजनालाई प्राथमिकतामा राखि कार्यन्वयन गर्न निर्देशन दिने। |
| ८ | **वेरुजुको संक्षिप्त व्यहोराः** | | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | **निष्कृय मौज्दातः-**प्रदेश सरकारलेकोभिड कोषमा आर्थिक वर्षको सुरुमा रू.१९ करोड ५६ हजार मौज्दात रहेकोमा विभिन्न १० कार्यालय, ७ अस्पताल तथा ३ स्थानीय तहबाट कोभिड नियन्त्रण कार्यको लागि निकासा भएको रकम खर्च नभई रू.५ करोड ७४ लाख ५६ हजार फिर्ता भई वर्षान्तमा रू.२४ करोड ७५ लाख १२ हजार मौज्दात रहेको छ। गोरखा अस्पतालले रू.४५ लाख ४९ हजार फिर्ता गर्न बाँकी रहेको छ। त्यस्तै क्षयरोग उपचार केन्द्र प्रवर्द्धन समितिको खातामा रू.१८ लाख ४९ हजार रकम निष्कृय रहेको छ। अन्य कार्यालय तथा स्थानीय तहलाई निकासा दिएको रकम खर्च नभई बाँकी रहेको सम्बन्धमा यकिन गरी कोषमा फिर्ता गर्नुपर्दछ। साथै कोषमा जम्मा भएको रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ। | प्रदेश लेखा नियन्त्रक कार्यालयको विविध खातामा रकम मौज्दात रहेको छ । अन्य विषयका हकमा प्रदेश सरकारको निर्णय बमोजिम कार्यान्वयन गरिने योजना रहेको छ । | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ९ | **उपकरणको सञ्चालन र उपयोगः-**सार्वजनिक निकायले खरिद गरिएको सामग्रीको उचित उपयोग गर्नुपर्दछ। प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले रू.१३ लाख | अस्पतालहरुमा सञ्चालनमा नरहेका औजार उपकरणहरु आपूर्ति केन्द्रमा हस्तान्तरण फाराम मार्फत लगत सङ्कलन गरी उक्त औजार उपकरण प्रयोग गर्न सकिने अस्पतालमा हस्तान्तरण गर्ने | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | ५६ हजारमा खरिद गरी बेनी अस्पताललाई हस्तान्तरण गरेको हाई भोल्टेज जेनेरेटर, टेलिमेडिसिन कार्यक्रम अन्तर्गत रू.३५ लाख १५ हजारमा खरिद गरी मनाङ, मुस्ताङ, म्याग्दी र गोरखा जिल्ला अस्पताललाई हस्तान्तरण गरेको टेलिमेडिसिन उपकरण, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई जापान सरकार र भारत सरकारबाट अनुदानमा दिइएको बाकिङ कुलर २ थान र संघीय ईकाई भवन कार्यालयले भवन सहितको ठेक्का मार्फत खरिद गरी जडान गरेको जेनेरेटर १ थान, क्षयरोग उपचार केन्द्रमा राष्ट्रिय क्षयरोग केन्द्र, काठमाडौले विगत ५ वर्ष अघि उपलब्ध गराएको रू.८५ लाख मुल्य पर्ने माईको ब्याक्टेरिया ग्रोथ ईण्डिकेटर ट्युव मेशिन प्रयोगविहिन अवस्थामा रहेको छ। उक्त उपकरणहरू सञ्चालनमा ल्याउने व्यवस्था गर्नुपर्दछ। | गरी आवश्यक व्यवस्था मिलाइएको। साथै मनाङ अस्पतालमा रहेको भेन्टिलेटर लमजुङ अस्पतालमा हस्तान्तरण भई सञ्चालन भैसकेको छ। | |
| १० | **संगठन र कर्मचारी व्यवस्थापनः-** मन्त्रालय तथा मातहत ३८ कार्यालय र १३ समितितर्फ कुल ७५३ दरबन्दी स्वीकृत रहेकोमा ५५३ मात्र पदपूर्ति भई | हाल प्रदेश लोक सेवा आयोग मार्फत जनशक्ति पदपूर्ति भइसकेको छ। | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | २०० जना रिक्त रहेको देखिन्छ। दरबन्दी रिक्त रहेका कारण नीति तथा कार्यक्रम र बजेटमा उल्लिखित कार्यक्रम सञ्चालन नभएको र स्वास्थ्य सेवा प्रवाह प्रभावकारी हुन नसकेको देखिन्छ। दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ। | | |
| ११ | **तालिम हल निर्माणः-**तालिम केन्द्र परिसरमा तालिम हल निर्माणको लागि एक निर्माण व्यवसायीसँग २०८०।३।२४ सम्ममा काम सम्पन्न गर्ने गरी २०८०।१।२५ मा रु.७६ लाख ८२ हजारमा सम्झौता भएको छ। निर्माण व्यवसायीले सम्झौतामा तोकिएको अवधिभित्र कार्यसम्पन्न गरेको देखिदैन। कार्यालयबाट प्राप्त विवरण अनुसार २०८० आषाढ मसान्त सम्ममा भौतिक प्रगति ७६.५८ प्रतिशत रहेको उल्लेख गरेकोले निर्माण कार्य सम्पन्न भएको छैन। म्याद थप गरी निर्माण कार्य सम्पन्न गर्न बजेट विनियोजन नभएको केन्द्रले जनाएको छ। कार्यप्रगतिका आधारमा सम्झौताको ५२ कार्यहरू मध्ये २८ काम सम्पन्न भएका छैनन्। आवश्यक बजेट व्यवस्थापन | चालु आ.व. २०८१/०८२ मा थप रकम विनियोजन भई हाल तालिम हल निर्माण सम्पन्न भई सञ्चालनमा समेत आइसकेको छ। | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । | | |
| १२ | **सोझै खरिदः**-सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमित हने गरी खरिद कार्य गर्न नमिल्ने उल्लेख छ। लमजुङ जिल्ला अस्पतालले रू.३८ लाख १६ हजारको मेडिकल उपकरण, रू.२६ लाख २२ हजारको फर्निचर, रू.३४ लाख ६९ हजारको कम्प्युटर तथा ल्यापटप, गोरखा अस्पतालले रू. ३४ लाख ४० हजारको औषधी तथा सर्जिकल सामानहरू, पर्वत अस्पतालले रू.३४ लाख ४७ हजारको औषधी तथा सर्जिकल सामानहरू सोझै खरिद गरेको छ। प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ। | सोझै खरिद (लमजुङ अस्पताल)<br>मिति २०७९/०७/०३ मा साविकको HDCS बाट गण्डकी प्रदेश सरकारमा स्वामित्व हस्तान्तरण भई सञ्चालनमा आएको, तत्काल स्वास्थ्य सेवा प्रवाह निरन्तरताको लागि आवश्यकतामा आधारित औजार उपकरण, औषधी लगायतको आकस्मिक व्यवस्थापनको लागि खरिद गर्दा पूर्ण रुपमा रित पुऱ्याउन नसकेता पनि सारभुत रुपमा कानूनको पालना गरी खरिद भएको। उक्त खरिद सम्वन्धमा मलेपबाट सैद्धान्तिक रुपमा टिपोट गरिएकोमा हाल प्रतिकृया मार्फत सम्परीक्षण भैसकेको।<br>सोझै खरिद (गोरखा र पर्वत अस्पताल)<br>_एक पटकको खरिद प्रकृया मार्फत खरिद गरिसकेपश्चात अर्को खरिद प्रकृया बमोजिम खरिद कार्य गर्नको लागि विचको अवधिको लागि शुन्य मौज्दात हुन नदिई नियमित स्वास्थ्य सेवा प्रवाहको लागि विगतको स्वीकृत दररेटमा नै खरिद भएको। उक्त खरिद सम्वन्धमा मलेपबाट सैद्धान्तिक रुपमा टिपोट गरिएकोमा हाल प्रतिकृया मार्फत सम्परीक्षण भैसकेको । | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| १३ | **पूर्व निर्धारित क्षतिपूर्तिः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी ०.०५ प्रतिशत प्रति दिनका दरले पूर्व निर्धारित अतिपूर्ति दिनुपर्ने व्यवस्था छ। जोमसोम अस्पतालको भवन निर्माणको लागि एक निर्माण व्यवसायीसँग २०७७।१२।२ भित्र सम्पन्न गर्ने गरी रू.१० करोड २१ लाख ८२ हजारमा सम्झौता भएको थियो। सम्झौताको म्याद २०७९ चैत्र १० गते सम्म भएकोमा भौतिक प्रगति ५५.५२ प्रतिशत भएकोले सम्झौता अनुसार कार्यसम्पन्न नगरेको तथा म्याद थप समेत नभएकोले लेखापरीक्षण अवधि सम्मको पूर्वनिर्धारित क्षतिपूर्ति रू.८६ लाख ८५ हजार हुन आउँछ। प्रचलित कानुन बमोजिम गर्नुपर्दछ। | उक्त ठेक्काको अन्तिम वील भुक्तानीको चरणमा रहेको साथै ठेक्कासँग सम्वन्धित पेश्की रकम र असुल गर्नुपर्ने पूर्व निर्धारित क्षतिपूर्ति सहितको रकम कट्टा गरी भुक्तानीका बखत नै दाखिला गरिने। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| १४ | **उपकरणको व्यवस्थापनः-**सार्वजनिक निकायले खरिद गरेको सामग्रीको उचित उपयोग गर्नुपर्दछ। मातृशिशु मितेरी अस्पताल कास्कीमा डिफेब्रिलेटर २ थान, | अस्पतालहरुमा सञ्चालनमा नरहेका औजार उपकरणहरु आपूर्ति केन्द्रमा हस्तान्तरण फाराम मार्फत लगत सङ्कलन गरी उक्त औजार उपकरण प्रयोग गर्न सकिने अस्पतालमा हस्तान्तरण गर्ने | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | भेन्टिलेटर ४ थान सहित रू.९७ लाख १८ हजारको विभिन्न २४ थान मेशिन तथा उपकरणहरू, संक्रामक तथा सरुवा रोग अस्पतालमा रू.१ करोड २६ लाख ४९ हजारको भेन्टीलेटर ८ थान, रू.१३ लाख २१ हजारको आइ सि यु बेड १० थान र रू.१३ लाख ९० हजारको एनेस्थेसिय मेशिन १ थान, स्याङ्जा जिल्ला अस्पतालमा रू.८ लाख ९० हजारको डाइलाजर रिप्रोसेसर मेशिन १ थान, धौलागिरी अशल अस्पतालमा रू.३४ लाखको शय्या १०० थान, मनाङ अस्पतालमा रू.२ करोडको अक्सिजन प्लान्ट १ थान सञ्चालनमा छैन। खरिद गरिएको उपकरणहरू प्रयोगमा नल्याउँदा गुणस्तरमा ह्रासआउन सक्ने, सेवा प्रवाहमा असर पर्ने तथा विरामीहरूको अतिरिक्त खर्च बढ्ने अवस्था छ। खरिद गरिएका उपकरण समयमै प्रयोगमा ल्याई सेवाप्रवाह सुचारु गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ। | गरी आवश्यक व्यवस्था मिलाइएको। साथै मनाङ अस्पतालमा रहेको भेन्टिलेटर लमजुङ अस्पतालमा हस्तान्तरण भई सञ्चालन भैसकेको छ।स्याङ्जा अस्पतालको डाइलाइजर प्रोसेसर मेसिन Installation भई सञ्चालनमा आइसकेको। | |
| १५ | **बीमाको सोधभर्नाः**-स्वास्थ्य वीमा बोर्डले जारी गरेको सेवा प्रदायक संस्थाहरूको सूचीकरण सम्बन्धी कार्यविधि अनुसार सूचीकरण भई सेवा प्रवाह गरिरहेका | स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गतको शोधभर्ना रकम समयमानै शोधभर्ना नहुँदा प्रदेश अस्पतालहरुबाट प्रदान गरिएको स्वास्थ्य सेवा समेत प्रभावित हुन पुगेको छ। अतः यथाशिघ्र स्वास्थ्य | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | अस्पतालहरूले बीमा बोर्डबाट समयमा रकम प्राप्त नहुँदा सेवा प्रवाहमा असर पर्ने गरेको छ। कार्यविधि बमोजिम स्वास्थ्य बीमा कार्यक्रम खर्चको उचित व्यवस्थापन गर्नुपर्दछ। | वीमा बापतको रकम शोधभर्नाको लागि नेपाल सरकार स्वास्थ्य वीमा बोर्डमा अनुरोध गरिएको छ। | |
| १६ | **औषधीको म्यादः**-अस्पतालमा औषधीको मागको आधारमा मौज्दात व्यवस्थापन गर्नुपर्दछ। अस्पतालहरूमा औषधीहरूको माग पहिचान नगरी खरिद तथा आपूर्ति गर्दा ठूलो परिमाणमा औषधीको म्याद समाप्त भएको छ। संक्रामक तथा सरुवा रोग अस्पतालमा रू.१२ लाख १ हजार, मातृशिशु मितेरी अस्पतालमा रू.१४ लाख ५७ हजार, दमौली अस्पतालमा रू.१२ लाख ९३ हजार, आपूर्ति व्यवस्थापन केन्द्रमा रू.५ लाख १० हजारको समेत रू.४५ लाख ६१ हजार मूल्य बराबरका औषधीको म्याद सकिएको छ। औषधीको मागको सही आंकलन गर्ने, समयमा आपूर्ति गर्ने एवम्अधिकतम अवधि भएको औषधी आपूर्ति गर्ने गरी औषधीको खरिद तथा उपयोगलाई व्यवस्थित बनाउनु पर्दछ। | आपूर्ति केन्द्रबाट खरिद गरिएका औषधीहरुमध्ये केहि मात्रामा मात्र आपूर्ति केन्द्रबाट खरिद गरिने, अधिकांश औषधिहरु दातृ निकाय तथा नेपाल सरकार स्वास्थ्य सेवा विभागबाट माग नहुँदा समेत ठूलो परिमाणमा म्याद गुज्रिन लागेका (Near Expiry) औषधीहरु प्राप्त हुने गरेको (जस्तैः १. आ.व. २०७६/०७७ मा Iron with Folic Acid ५९,५०,२०० Tablet ९ महिनाको प्रयोग अवधि भएको, २. आ.व. २०७७/०७८ मा Amoxycillin 500mg १८,३०,००० Capsule ८ महिनाको प्रयोग अवधि भएको ३. कोभिड महामारीमा कोभिड रोगको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक औषधिजन्य सामग्रीहरु (Antigen Kit, RDT Kit for Covid Test, Automated RNA Extraction Kit) जसले गर्दा थोरै म्याद भएका उक्त सामग्रीहरु खपत तथा वितरण गर्नुपर्ने दवाव भएकोले माग र आपूर्तिको असन्तुलन कायम हुन गई जिल्लाको माग बमोजिम औषधिजन्य | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | | सामग्रीहरु वितरण गर्दा गर्दै वितरण गरिएका स्वास्थ्य संस्थाहरुमा पनि म्याद गुज्रने समय थोरै भएका कारण केहि औषधीहरु खपत भएतापनि केहीको भने म्याद गुज्रिन कारण खपत हुन नसकेको। | |
| १७ | **साविक शिक्षा सँस्कृति विज्ञान प्रविधि मन्त्रालय**<br><br>**कार्य जिम्मेवारीः-** कार्य जिम्मेवारीअनुरुप उच्च शिक्षा नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, मानव संसाधनको प्रक्षेपण, शैक्षिक योजना निर्माण, प्रदेशस्तरमा पुस्तकालय, अभिलेखालय नीति, प्रदेशको शिक्षा ऐन, विद्यालय तहको शिक्षकको सेवा सर्त, योग्यता, क्षमता र शैक्षिक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमनसम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन, लगायतका विभिन्न कार्यहरू कार्यान्वयन भएको छैन। नियमावलीमा तोकिएबमोजिम कार्यजिम्मेवारी पूरा गर्नुपर्दछ। | <u>**मन्त्रालयबाट निर्माण भएका ऐन, नियम,गठन आदेश, निर्देशिका र कार्यविधिहरु ऐन**</u><br>➢ गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६<br>➢ गण्डकी प्रज्ञा प्रतिष्ठन ऐन, २०७६<br>➢ प्रदेश खेलकुद विकास ऐन, २०७७<br>➢ गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८<br>➢ प्रदेश बालबालिका सम्बन्धी ऐन,२०७८<br><u>**नियम**</u><br>➢ गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८<br>➢ गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०७९<br>➢ गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान नियमावली, २०७९<br>➢ गण्डकी प्रज्ञा प्रतिष्ठान नियमावली, २०७९ | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | | ➢ गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०७९<br>**नीति**<br>➢ गण्डकी प्रदेश शिक्षा नीति, २०७८<br>➢ श्रम तथा रोजगार निति, २०७८<br><br>**निर्देशिकाहरु**<br>➢ माध्यमिक शिक्षा परीक्षा (कक्षा-१०) सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१<br>➢ Friday For Future कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१<br>➢ अगुवा (लिड) विद्यालय व्यवस्थापन निर्देशिका, २०८०<br>➢ लोकसेवा तयारी कक्षा संचालन निर्देशिका, २०७९<br>➢ संघिय शिक्षा ऐन जारी नभएका कारण प्रदेश शिक्षा ऐन जारी गर्न नसकिएको ।<br>**यस आ.ब.मा निर्माण गर्ने विधेयक तथा निर्देशिका:**<br>➢ शैक्षिक परामर्श सेवा तथा भाषा प्रशिक्षण गर्ने संस्थाको नियमन निर्देशिका-२०८१<br>➢ मगर भाषा र गुरुङ भाषालाई सरकारी कामकाजको भाषा बनाउने विधेयक | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | | ➢ दलित शसक्तिकरण विधेयक<br>➢ अपाङ्ता भएका व्यक्तिको अधिकार सम्वन्धी विधेयक<br>➢ प्रदेश युवा समिति गठन आदेश २०८१ | |
| १८ | **नीति तथा कार्यक्रमः-** लिङ्ग पहिचान गरी भ्रूण हत्या विरुद्ध सचेतनामूलक कार्यक्रम लगायत विभिन्न ६ कार्यक्रममा बजेट व्यवस्था भएको छैन भने स्पाईनल इन्जुरी तथा बौद्धिक अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापन र पुनःस्थापनाको लागि हिलचियर, कृत्रिम हातखुट्टा तथा कान सुन्ने उपकरण उपलब्ध गराउने कार्यक्रमको लागि रू.२ करोड र दूर चिकित्सा विधि कार्यक्रमको लागि रू.२० लाख बजेट विनियोजन भएकोमा कार्यान्वयन भएनन्। हालसम्म दूर चिकित्सा विधिबाट उपचार सेवा सञ्चालन भएको छैन। मन्त्रालयले वार्षिक नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ। | धेरै क्याम्पसमा प्राविधिक शिक्षा पठनपाठनको प्रारम्भ गरिएको छ । गण्डकी विश्वविद्यालयमा फार्मेसी, ए.आइ.का कक्षाहरु यस आ.व. मा सञ्चालन गर्दै लगिनेछ। | नीति तथा कार्यक्रमका बिषयहरु बजेटमा समावेस गरी कार्यान्वयन गर्न निर्देशन दिने। |
| १९ | **आवधिक योजनाः-** अनौपचारिक प्रौढ विद्यालय तथा वैकल्पिक विद्यालयसम्बन्धी नीति निर्माण गर्ने, वैकल्पिक विद्यालय वातावरण शुद्धीकरणका लागि हरित वातावरण निर्माण गर्ने, प्रदेशका भौतिक संरचना अपाङ्गमैत्री बनाउने | मन्त्रालयमा अपाङ्गमैत्री संरचना बनाइएको र मातहतका कार्यालयहरुमा सम्भव भए सम्म अपाङ्गमैत्री बनाउन निर्देशन दिइएको। सामुदायिक सिकाइकेन्द्र (CLC) मार्फत शाक्षरता सम्वन्धी कार्यक्रम सञ्चालन गरिएको छ।सिकाइकेन्द्र २४४ र | पञ्चबर्षीय योजना तथा बार्षिक कार्यक्रममा तोकिएका कार्यक्रमहरु समयमा नै सम्पन्न गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | लगायतका विभिन्न कार्यक्रम कार्यान्वयन भएको छैन। पञ्चवर्षीय योजना तथा स्वीकृत बार्षिक कार्यक्रममा तोकिएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। | २३ वटा केन्द्र मार्फत ३६ वटा कक्षा सञ्चालन भएका छन। | |
| २० | **प्रदेश गौरवका आयोजनाः-** २०७६।७७ देखि सुरु भई २०८०।८१ भित्र सम्पन्न गर्ने लक्ष्य राखेको मुटु, मृगौला र क्यान्सर एकीकृत अस्पतालको लागि हाल सम्म जग्गा वितरण नसकेकोले कार्य सुरु भएको छैन। आयोजना अन्तर्गत गत विगत वर्षमा रू.२ करोडको मेशिन खरिद गरी अन्य अस्पतालहरूमा वितरण गरिएको थियो। आयोजना घोषणा गरेपनि अपेक्षित प्रगति नभएको हुँदा लक्ष्य अनुसार कार्य गर्नुपर्दछ। | **प्रदेशका गौरवको आयोजनाः**<br>१. **गण्डकी विश्वविद्य्यालय-** पोखरा ३१ मालेपाटनमा भवन निर्माण हुँदै गरेको। मन्त्रालयबाट यस आ व मा पुजिगतमा १० करोड र चालुमा ५ करोड गरी १५ करोड विनियोजन गरिएको।<br>२. **गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठन-** जापानको कोइकासंगको सम्झौतामा स्याङ्जाको फेदीखोला-१ गुर्धुममा १ अर्ब ३९ करोड मा गण्डकी प्राविधिक शिक्षालय निर्माण हुन लागेको। प्रदेश सरकारको दायित्वमा छात्रावास भवन १३ करोड ६७ लाख लगत इष्टमेट रहेकोमा यस वर्ष ३ करोड मात्र विनियोजन भएको र १० करोड ६७ लाख को स्रोत सुनिश्चितता रहेको। आयोजनाको कार्यान्वयनमा मन्त्रालयको स्रोत साधन र विद्यमान जनशक्ति बमोजिम अनुगमनको कार्य गरिएको तर प्रयाप्त मात्रामा गर्न नसकिएको। अनुगमन तथा मूल्याङ्कन, अन्तर निकाय, अन्तर सरकार समन्वय तथा सहकार्यलाई प्राथमिकता दिइ अगाडि बढाइएको छ। | प्रथम पञ्चबर्षीय योजना अन्तर्गत रहेका प्रदेश गौरवका आयोजनाहरु तोकिएको समयमा किन सम्पन्न हुन सकेनन सो को बिस्तृत अध्ययन गरी आवश्यकता अनुसार ति आयोजनाहरुको पुनराबलोकन समेत गरी यथासिघ्र सम्पन्न गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| २१ | **लक्ष्य प्रगति प्रदेशः**-प्राप्त प्रगति प्रतिवेदन अनुसार मन्त्रालय र मातहत समेत २२ निकायको चालु बजेट रु.१ अर्ब ५० करोड ९९ लाख ९७ हजार मध्ये खर्च रू.१ अर्ब १६ करोड ९ लाख ८३ हजार अर्थात ७६.८८ प्रतिशत र पुँजीगत बजेट रू.१ अर्ब ३२ करोड ४४ लाख ८६ हजार मध्ये खर्च रू.१ अर्ब १० करोड ९९ लाख ३५ हजार ८३.८० प्रतिशत वित्तीय प्रगति रहेकोमा भौतिक प्रगति प्रतिवेदन तयार गरेको छैन।मन्त्रालयले भौतिक प्रगति प्रतिवेदन समेतको आधारमा मूल्याङ्कन गर्नुपर्दछ। | चालु तर्फ ७६.८८ प्रतिशत वित्तीय प्रगति तथा पूजिगत तर्फ ८३.८० प्रतिशत वित्तीय प्रगति भएकोमा सोही बमोजिम नै भौतिक प्रगति पनि रहेको। | मन्त्रालयवाट आ.ब. २०७९/०८० कार्यान्वयन भएका कार्यक्रमहरुको भौतिक प्रगति प्रतिबेदन तयार गर्न निर्देशन दिने। |
| २२ | **कार्यक्रम कार्यान्वयनः**-मन्त्रालयले यो वर्ष विनियोजित बजेट तथा कार्यक्रममध्ये रू.५ करोड ९८ लाखका विभिन्न २५ योजना कार्यान्वयन गरेको छैन। मन्त्रालयले मातहतका कार्यालयले गरेको कामको अनुगमन तथा मूल्याङ्कन गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ। | कार्यान्वयन नभएका भनिएका २५ कार्यक्रमहरु मध्ये धेरै कार्यक्रमहरु हालसम्म सम्पन्न भइ सकेका छन ।<br>▪निर्मल मा. वि. को भवन र प्रयोगशाला सम्पन्न भै सकेको छ।<br>▪विद्यालय विपद/महामारी जोखिम न्यूनिकरण गर्न सामाजिक विकास कार्यालयमा बजेट पठाइ सकिएको ।<br>▪प्रादेशिक दीर्घकालिन पुनस्थापना केन्द्रको सञ्चालनको लागि भौतिक संरचना निर्माण भइ सकेको तर सञ्चालनको लागि पोखरा महानगरसँग सहकार्य भइ कार्य अगाडी बढाइएको।<br>▪शिशु स्याहार केन्द्र पोखरा ८ रत्नचोक स्थित श्री राम | बजेट बिनियोजन भई तोकिएका कार्यक्रमहरु समयमानै सम्पन्न गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | | आधारभुत विद्यालयमा सञ्चालनमा आइरहेको ।<br>▪प्रदेशस्तरमा महिला बालबालवालिका जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थाबीच समन्वय बैठक भइरहेको ।<br>▪वार्षिक स्थितिको प्रतिबेदन प्रकाशन गरिराखिएको ।<br>▪श्रम तथा रोजगार क्षेत्रको नीति निर्माण भइ सकेको र अन्य कानून आवश्यकताको आधारमा निर्माण कार्य हुँदै आइरहेको। | |
| २३ | **अन्य निकायबाट खर्चः-** मन्त्रालयवाट कार्यान्वयन गर्ने गरी १२ कार्यक्रममा रु.११ करोड १९ लाख ५० हजार बजेट विनियोजन गरेकोमा अन्य निकायलाई अख्तियारी प्रदान गरी रु.९ करोड २१ लाख ११ हजार खर्च गरेको छ। स्थानीय तहको पूर्व सहमती तथा साझेदारी सम्झौता बेगर स्थानीय तहलाई कार्यक्रम बजेट प्रस्ताव गर्ने तथा खर्च गर्ने विषय उचित देखिएन।कानुनको पालना हुनुपर्दछ। | मन्त्रालयवाट कार्यान्वयन गर्ने गरी १२ वटा कार्यक्रम अन्य निकायलाई अख्तियारी दिइएको मध्येः-<br>४ वटा कार्यक्रम हिमाली तथा दुर्गम क्षेत्रमा नमूना आवासीय विद्य्यालय भवन र पूर्वाधार निर्माण गर्न गोरखा मुस्ताङ र म्याग्दी जिल्लाका पालिकालाई सहमतीमा नै निर्माण गर्न दिइएको। अन्य कार्यक्रम मातहतका कार्यालयहरुलाई नै कार्यान्वयन गर्न बजेट रकमान्तर गरिएको र हाल यस चालु आ.ब. मा अन्य निकायहरुलाई रकमान्तर नगरी कार्यक्रम नै मातहत निकायमा राखिएको। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २४ | **अन्तर सरकार समन्वयः-**एउटै प्रकृतिका कार्यक्रमहरू विभिन्न सरकारबाट सञ्चालन गर्दा कार्यक्रममा दोहोरोपना हुने, सञ्चालन लागत बढी लाग्ने र | मन्त्रालयले सम्भव भएसम्म एकल आयोजनाहरु सञ्चालन तथा निर्माण गर्ने गरेको र साझेदारी रुपमा कार्य गरेमा शिशु स्याहार केन्द्र जस्ता अति समवेदनशील कार्यमा सहकार्य | मन्त्रालय तथा मातहत निकायवाट कार्यक्रम सञ्चालन गर्दा दोहोरोपना नहुने गरी |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | कार्यक्रमको प्रभावकारिता कमजोर हुने देखिन्छ। कार्यालयले कार्य प्रकृति अनुसार प्रदेश तथा संघीय सरकारका सोही कार्य गर्ने मन्त्रालय तथा स्थानीय तहसँग समन्वय गरी योजना तर्जुमा गर्नुपर्दछ। | गरिएको। | संघीय सरकारी निकाय र स्थानीय तहसँग आवश्यक समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिने । |
| २५ | **नयाँ संगठनको स्थापनाः-** प्रदेश सरकारको आन्तरिक आम्दानी मजबुत भइनसकेको अवस्थामा संघीय सरकारको अनुदान सहयोगमा निर्भर हुने गरी नयाँ संरचना स्थापना गर्दा आम्दानी र खर्चसमेत स्रोतको विश्लेषण गरेको छैन। नयाँ संरचना स्थापना र गठनको कार्य विश्लेषण गर्दा उक्त कार्यहरू साविकका विश्वविद्यालयहरू, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, प्रज्ञा प्रतिष्ठानबाट भइरहेको छ। ११ सामाजिक विकास कार्यालयले गर्ने अधिकांश कार्यहरू सम्बन्धित स्थानीय तहका विषयगत शाखाहरूले गर्दै आएका छन। यसप्रकारको संरचना गठन तथा स्थापना गर्दा कार्य विवरणको आधारको विश्लेषण र आम्दानीको आधारमा गर्नुपर्दछ। | नयाँ संरचना स्थापना र सञ्चालन गर्ने कार्य जिम्मेवारी गण्डकी प्रदेश सरकारको रहेको। | नयाँ संगठनको स्थापना गर्दा आबश्यकताको पहिचान गरी प्रदेश सरकारको आन्तरिक वित्तीय क्षमता र कार्य विवरणको बिश्लेषणको आधारमा नभै नहुने संगठन स्थापना गर्न निर्देशन दिने। |

**गण्डकी विश्वविद्यालय**

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| २६ | **लक्ष्य प्रगतिः** रु.४ करोड १६ लाख बराबरका ११ कार्यक्रममा ७ देखि ४१ प्रतिशत र रू.४ करोड ७१ लाख ९५ हजार बराबरका १२ कार्यक्रममा खर्च भएको छैन। तोकिए बमोजिमको प्रगति हासिल गर्नुपर्दछ। | माथि उल्लेखित २३ वटा कार्यक्रम सम्पन्न भएको र मलेपलाई सोही अनुसारको जानकारी गरिएको तर प्रतिवेदन दिने क्रममा राखिएको पाइएको। उक्त आ.व. मा ९३ प्रतिशत वित्तिय प्रगति भएको। | बजेट तथा कार्यक्रममा तोकिएको लक्ष्य बमोजिम प्रगति हासिल गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिने। |
| २७ | **बजेट तथा खर्चः-** बजेट तथा खर्च प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १८ बमोजिम विश्वविद्यालयले यस आर्थिक वर्षको लागि स्वीकृत बजेट तथा कार्यक्रमभन्दा चालु खर्च शीर्षकमा १२ र पुँजीगत खर्च शीर्षकमा ५ समेत १७ शीर्षकमा रू.३ करोड ७० लाख ९० हजार खर्च गरी १७ देखि ४३८ प्रतिशतसम्म बढी खर्च लेखेकोमा खर्चको कार्यकारी परिषद्बाट संशोधन स्वीकृत गरेको छ। चालु र पुँजीगत बजेट शीर्षकभन्दा विनियोजन नभएको फरक शीर्षकबाट कुलपति कप, फर्निचर, फर्निसिङ्ग र पुँजीगत अनुसन्धानमा रू.३४ लाख ७९ हजार खर्च गरेको छ।आर्थिक अनुशासन र खर्चको | | चालु र पुँजीगत खर्च शिर्षकमा तोकिए बमोजिम खर्च शिर्षक फरक नपारी खर्च गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | मितव्ययितामा रही खर्च गर्नुपर्नेमा खर्च पश्चात संशोधन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | | |
| २८ | **अधुरो कार्यः-** पोखरा ३२ मा डीपबोरिङ्गको निर्माण गर्न रु.१९ लाख ३१ हजार र विद्युतीय यन्त्र तथा उपकरण खरिद गरी जडान गर्न रु.२९ लाख २१ हजारका थप दुइ ठेक्का सम्झौता २०८०।३।२४ मा गरी कार्य सम्पन्न गर्ने अवधि २०८०।५।२५ सम्म तोकिएकोमा निर्माण व्यवसायीले तोकिएको अवधि सकिदासमेत कार्य सम्पन्न नगरी अधुरो रहेको छ। अधुरो कार्य सम्झौता अनुसार सम्पन्न गराउनुपर्दछ। | पोखरा ३२ मा डीपबोरिङ्गको निर्माण कार्य सम्पन्न भई सुचारु भइरहेको। विद्युतिय यन्त्र तथा उपकरण खरिद गरी जडान गर्ने कार्य सम्पन्न भएको। उक्त खरिद IT को Lab सम्वन्धी उपकरणहरु रहेको। | स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमा तोकिए बमोजिमका अधुरा कार्यक्रम समयमा नै सम्पन्न गर्न निर्देशन दिने। |
| २९ | **म्याद थपः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा म्याद थप सम्बन्धी व्यवस्था छ। विश्वविद्यालय परिसरको स्यालटहरो मर्मत, फ्याब्रीकेटेड भवन निर्माण, ज्ञानकुञ्जमा पाईपलाईन निर्माण र ३२ वडा चोकदेखि विश्वविद्यालयसम्म नाला तथा ग्राभेलिङ गर्ने कार्यमा रू.८ करोड १६ लाख ४७ हजारको ४ खरिद सम्झौता गरेको छ। सुरु सम्झौताको अवधिलाई आधार मान्दा १७४ देखि ४ गुणासम्म पटक-पटक म्याद थप गरेको छ। आयोजना सम्पन्न गर्न ढिलाई | | तोकिएका कार्यक्रम समयमा नै सम्पन्न गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | हुँदा प्रतिफल प्राप्ति एवम् लागत वृद्धि हुने हुनाले सम्झौता अनुसार कार्यसम्पन्न गर्नुपर्दछ। | | |
| ३० | **विस्तृत परियोजना अध्ययनः-** पोखरा वडा नं. ३२ स्थित ज्ञानकुञ्ज र मालेपाटनमा विश्वविद्यालयमा भवन तथा संरचनाहरूको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न एक परामर्शदातासँग २ पटक म्याद थप समेत २०८०।९।२९ सम्ममा सम्पन्न गर्नेगरी रू.५५ लाख २० हजारमा खरिद सम्झौता गरेको छ। परामर्शदाताको निवेदन तथा म्याद थपको निर्णय तोकिएको समयमा गरेको छैन। सम्झौता अनुसारको आयोजना प्रतिवेदन प्राप्त गरी कार्यान्वयन गर्नुपर्दछ। | ज्ञानकुञ्ज र विश्वविद्यालयको भवन तथा संरचनाको विस्तृत आयोजना प्रतिवेदन (DPR) प्राप्त भईसकेकोले निर्माण प्रकृया अगाडी बढीरहेको। | बिस्तृत आयोजना प्रतिवेदन तयारीको लागि भएको सम्झौता बमोजिम समयमा नै म्याद थप गरी सम्पन्न गर्न निर्देशन दिने। |
| ३१ | **परामर्शदाताको छनौटः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ मा परामर्शदाताको छनौट प्रस्ताव सम्बन्धी कागजातमा परामर्शदाताको छनौट गर्न अङ्कभार उल्लेख गर्दा कामको प्रकृति र जटिलताअनुसार उपयुक्त अङ्गभार निर्धारण र उत्तिर्णाङ्कसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। पोखरा वडा नं. ३२ स्थित र ज्ञानकुन्ज र मालेपाटनमा विश्वविद्यालयको लागि आवश्यक पर्ने भवन तथा संरचनाहरूको डिपीआर तयार | | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | गर्न परामर्शदाता छनौट गर्दा प्राविधिक प्रस्तावको भार ७० देखि ८० सम्म र आर्थिक प्रस्तावको भार २० देखि ३० प्रतिशतसम्म कायम गर्नुपर्नेमा क्रमशः ९० र १० कायम गरी परामर्शदाता छनौट गरेको छ। यसबाट प्रथम घटी अङ्क रू.३२ लाख ४८ हजार कबोल गर्ने एक परामर्शदाता छनौट नभई दोश्रो घटी अङ्क रू.४८ लाख ८५ हजार कवोल गर्ने अर्को परामर्शदाता छनौट भई २०७९।४।६ मा रू.५५ लाख २० हजारको सम्झौता गरी कार्य सुरु गरी यो वर्ष पहिलो किस्ताको रु.११ लाख ४ हजार भुक्तानी गरेको छ। परामर्शदाता छनौट गरी सम्झौता गरेबाट विश्वविद्यालयलाई रु.१८ लाख ५० हजार थप व्ययभार परेको छ। नियमावलीको पालना गर्नुपर्दछ। | | |
| ३२ | **कार्य जिम्मेवारीः**-मन्त्रालयले १ ऐन, १ नियम र १ कार्यविधि निर्माण गरेको छ भने युवा तथा खेलकुदसम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा लगायतका कार्य गरेको छैन। नियमावलीमा तोकिएबमोजिम कार्यजिम्मेवारी पूरा गर्नुपर्दछ। | गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८ आइसकेको। गण्डकी प्रदेश युवा परिषद गठन आदेश २०८१ को मस्यौदा तयार भई प्रकृया अगाडी बढाइएको। खेलकुद पदक स्थापना तथा वितरण सम्बन्धी कार्यविधि स्वीकृत भैसकेको। अन्य नीति, कानून, मापदण्ड आवश्यकता | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | | अनुसार निर्माण गर्दै जाने। | |
| ३३ | **नीति तथा कार्यक्रमः-** कास्कीको भेडाबारीमा एन्फा टेक्निकल सेन्टर निर्माणको कामलाई नेपाल सरकारसँगको सहकार्यमा अगाडि बढाउने कार्यक्रममा बजेट व्यवस्था गरेको छैन। वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरूलाई बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ। | कास्कीको भेडाबारीमा एन्फा टेक्निकल सेन्टर निर्माणको कार्यक्रम संघीय सरकारको रहेको। उक्त निर्माणको कार्य जग्गा विवादका कारण अगाडी बढन नसकेको। संघीय सरकारले कास्कीको भेडाबारीको सट्टामा अन्य प्रदेशमा समेत जग्गाको खोजि गरिरहेको बुझिएको। | नीति तथा कार्यक्रमका बिषयहरु बजेटमा समावेस गरी कार्यान्वयन गर्न निर्देशन दिने। |
| ३४ | **बजेट कार्यान्वयनः-**खेलमैदान निर्माण तथा स्तरोन्नती कार्यक्रमअन्तर्गत १६५ खेल मैदानको लागि बजेट व्यवस्था भएकोमा २८ खेलमैदान निर्माण नभई रू.७५ लाख सङ्घीय सशर्त अनुदान रकम फ्रिज भएको छ। आवश्यक समन्वय, अनुगमन तथा मूल्याङ्कन गरी बजेट कार्यान्वयन गर्नुपर्दछ। | खेलमैदान निर्माण कार्य निम्न कारणले गर्दा अगाडि वढन नसकेकोः-<br>-जग्गा विवाद<br>-खोलानालाका किनार तथा बन क्षेत्र भित्र परेका कारण कार्यान्वयमा कठिनाइ आएको<br>-कतिपय आयोजनाहरुको सम्वन्धित सरोकारवालाहरु सम्पर्कमा नआएका | बजेट तथा कार्यक्रममा समाबेस भएका कार्यक्रमहरु समयमा नै सम्पन्न गर्न निर्देशन दिने। |
| ३५ | **प्रदेश गौरवका आयोजनाको कार्यान्वयनः-**यो वर्ष प्रदेश गौरवका योजना/ आयोजनाको लागि रू.४० लाख बजेट विनियोजन गरिएकोमा खर्च गरेको छैन। प्रदेश गौरबको योजनाको लागि आवश्यक बजेट व्यवस्थापन | | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | गरी कार्यान्वयन गर्नुपर्दछ। | | |
| ३६ | **कार्यसञ्चालनस्तरीय कार्यः-** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार युवा सम्बन्धी प्रदेश नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमनलगायतका कार्यजिम्मेवारी तोकेको छ। मन्त्रालयले रु.११ करोड २७ लाख ९६ खर्च गरी रू.५ लाख देखि १० लाखसम्मका १४३, रू.५ लाखदेखि रु.२० लाखसम्मका ४४ र रू.२० लाखभन्दा बढिका २ योजनासमेत १८९ योजनाहरू उपभोक्ता समितिमार्फत् सञ्चालन गरी कार्यसञ्चालनस्तरको कार्य गरेको छ। नीतिगत तथा नियमनकारी निकायले कार्यसञ्चालन स्तरको काम गर्दा नीति निर्माण तथा नियमन कार्य प्रभावित हुने भएकोले मातहत निकायहरूबाट काम गराउनुपर्दछ। | | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| ३८ | **नवौं राष्ट्रिय खेलकुदः-** खेलकुद प्रतियोगितामा तयारी, व्यवस्थापन तथा खेलाडी पुरस्कारमा रू.५ करोड ५४ लाख ४३ हजार खर्च गरेको छ। नवौं राष्ट्रिय खेलकुदमा गण्डकीले ३२ स्वर्ण, ३१ रजत र ५८ | राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत रहेका क्षेत्रीय तथा जिल्ला खेलकुद समितिका प्रशिक्षक र कर्मचारीहरू प्रदेशअन्तर्गत समायोजन गर्न माग गरिराखिएको ।राष्ट्रिय खेलकुद परिषद् र युवा तथा खेलकुद मन्त्रालय विच उक्त विषयको बारेमा निर्णय | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | कास्य पदकसहित ११ वटा टिममध्ये चौथो र ७ प्रदेशहरूमध्ये प्रथम स्थान हासिल गरेको छ। मन्त्रालयले प्रदेशवाट प्रतिनिधित्व गर्ने राष्ट्रिय क्रिकेट टिमका ४ खेलाडी तथा सुदुरपश्चिमाञ्चल प्रदेशमा सम्पन्न मुख्यमन्त्री कप प्रतियोगितामा सहभागी १७ खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई नगद रू.५० हजारको दरले पुरस्कृत गरेको छ। विभिन्न खेल संघ संस्थाहरूको खेल गतिविधिको प्रवर्द्धन र विकासमा रू.३६ लाख ११ हजार खर्च गरेको छ। खेलकुद संरचना सुधार तथा खेलकुद गतिविधिहरूको प्रवर्द्धन मार्फत समग्र खेलकुद क्षेत्रको विकास गर्नुपर्दछ। | हुन बाँकी रहेको। | |
| ३९ | **कर्मचारी समायोजनः**-प्रदेश स्तरमा खेलकुद प्रवर्द्धन गर्नको लागि २०७९ साउन २५ को प्रदेश विकास समस्या समाधान समितिको बैठकले पोखरा रङ्गशाला, राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत रहेका क्षेत्रीय तथा जिल्ला खेलकुद समितिका प्रशिक्षक र कर्मचारीहरू प्रदेशअन्तर्गत समायोजन गर्न नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरेकोमा सो सम्बन्धमा नेपाल सरकारबाट | | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | निर्णय भएको देखिएन। उपयुक्त निर्णय गरी कर्मचारी समायोजन तथा व्यवस्थापन गर्नुपर्दछ। | | |

## ३.९ प्रदेश नीति तथा योजना आयोग

### ३.९.१ महालेखा परीक्षकको छैटौं बार्षिक प्रतिवेदन (गण्डकी प्रदेश) २०८१

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| २ | **प्रतिवेदन कार्यान्वयनः-** आर्थिक वर्ष २०७९/८० को बजेटमा व्यवस्था भए बमोजिम रू.२४ लाख ७३ हजार खर्च गरी प्रदेशको निर्यातयोग्य वस्तुहरूको पहिचान, प्रदेशमा लगानीको अवस्थामा सुधार गर्न गर्नुपर्ने कार्यहरूको पहिचान लगायत ५ विषयमा अध्ययन, अनुसन्धान गरी प्रतिवेदन तयार गरेको छ। आयोगले उक्त प्रतिवेदनहरू प्रकाशन गरेको छैन भने प्रतिवेदन कार्यान्वयनको बारेमा आयोगसँग सूचना तथा तथ्याङ्क छैन। उपलब्धि प्राप्त नहुने कार्यमा गरिने खर्चमा नियन्त्रण र अध्ययन, अनुसन्धान, सर्वेक्षणबाट प्राप्त प्रतिवेदनको कार्यान्वयन गरिनुपर्दछ। | कार्यालयको खर्चबाट अध्ययन अनुसन्धान तथा सर्वेक्षण गरी तयार भएका प्रतिवेदन हरु क्रमशः विषयगत मन्त्रालय/निकाय बाट कार्यान्वयन हुदै गएको छ। त्यसै गरी उक्त प्रतिवेदनहरुमा भएका विभिन्न तथ्याङ्क तथा विषयहरुलाई आवधिक योजना तर्जुमामा आधार लिइएको र विभिन्न क्षेत्रगत नीतिहरु तर्जुमा गर्दा आधार लिइएको। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्ने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| ३ | **निर्णय कार्यान्वयनः-** प्रदेश तथा स्थानीय तहमा सशालित विकास कार्यक्रम र आयोजना कार्यान्वयन गर्दा देखा परेका समस्या समाधानका लागि मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विकास समस्या समाधान समिति गठन भएको छ। उक्त समितिको २ पटक बैठक बसी विभिन्न ४२ निर्णय गरेको छ। समितिको पहिलो बैठकले विभिन्न १६ निर्णय गरेकोमा ४ पूर्ण कार्यान्वयन भएको, ११ आंशिक कार्यान्वयन भएको र १ कार्यान्वयन नभएको उल्लेख छ। दोस्रो बैठकले २६ निर्णय गरेकोमा सोको कार्यान्वयन अवस्था बारे आयोगमा अभिलेख छैन। पहिलो बैठकबाट १७ र दोस्रो बैठकबाट १६ विषयका समस्याहरू समाधान गर्न राष्ट्रिय विकास समस्या समाधान समितिलाई पठाउने निर्णय भएकोमा कार्यान्वयन भएको छैन। आयोगको ४ पटक पूर्ण बैठक बसी प्रदेशका समष्टिगत आर्थिक सूचकहरू समीक्षा गरी सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिने, दोस्रो पञ्चवर्षीय योजनाको निर्माण प्रक्रिया अगाडी बढाउने, बजेट सीमा निर्धारण र परिमार्जन गर्ने, | प्रदेश विकास समस्या समाधान समितिको वैठकले प्रदेश तथा स्थानीय तहमा सञ्चालित विकास कार्यक्रम र आयोजना कार्यान्वयनमा देखा परेका समस्या समाधानको लागी गरिएका धेरै निर्णयहरु कार्यान्वयन भैरहेको छ। केही निर्णयहरु संघीय कानुन वनाई कार्यान्वयन गर्नुपर्नेमा संघीय कानुन नबनेकाले कार्यान्वयनमा समस्या हुन गएको। जस्तै संघीय निजामती सेवा ऐन नवन्दा प्रदेश निजामती सेवा ऐन/निमावली प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकिएको। साथै, प्रदेशस्तरका यसप्रकारका निर्णय कार्यान्वयन गर्न जिम्मेवार निकाय र सहयोगी निकाय समेत पहिचान गर्ने गरिएको। प्रदेश प्रत्येक आर्थिक वर्ष चौमासिक रुपमा समितिको वैठक वसी अघिल्ला निर्णयको कार्यान्वयनको अवस्थाको वारेमा समीक्षा गरी समस्या/चुनौतीहरुको पहिचान गरी प्रदेशको क्षमताबाट समाधान हुने विषयहरु कार्यान्वयन गरिएको तथा प्रदेशको क्षमताबाट समाधान गर्न नसकिएका विषयहरु राष्ट्रिय विकास समस्या समाधान समितिमा पठाउने गरिएको। | प्रदेश विकास समस्या समाधान समितिबाट बिभिन्न मितिमा भएका निर्णयहरु कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | मध्यमकालीन संचरना स्वीकृत गर्ने लगायतका ९ वटा निर्णयहरू गरेको छ। निर्णय कार्यान्वयनमा जिम्मेवार निकाय, स्रोतको व्यवस्था, अनुगमन संयन्त्रको व्यवस्था गरी निर्णय कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्दछ। | | |
| ४ | **मानव विकास सूचकाङ्कमा गण्डकी प्रदेशः-** राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको मानव विकास प्रतिवेदन, २०२० अनुसार नेपालको राष्ट्रिय सूचकाङ्क, गण्डकी प्रदेशको सूचकाङ्क र ७ प्रदेश मध्ये activate Windows गण्डकी प्रदेशको स्थान निम्नानुसार छ। | मानव विकास सुचकाङ्कमा थप सुधार गर्नको लागी आवधिक योजनामा कार्यक्रमहरु वनाइएको छ। प्रदेशको दोस्रो पञ्चवर्षीय योजनामा पहिचान गरिएका प्रादेशिक विकास तथा रुपान्तरणका क्षेत्रमा "शिक्षित, सुसंस्कृत एवं सीपयुक्त मानव पुँजी निर्माण" रहेको साथै क्षेत्रगत नीतिले पनि मानव विकासमा सुचकाङ्कमा सुधारमा प्रयास गरेको देखिन्छ। हाल गण्डकी प्रदेशको मानव विकास सूचकाङ्क ०.६१८ छ जुन राष्ट्रिय औसतभन्दा राम्रो छ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्ने। |
| ५ | **बजेटको सिमाः-** प्रदेश नीति तथा योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश अनुसार कार्यक्रम तथा वजेटको सिमा तयार गरि विषयगत मन्त्रालयलाई पठाइएको छैन। आयोगको पन्ध्रौ पुर्ण वैठकको निर्णयवाट २०८०।८१ मा विभिन्न १६ मन्त्रालय तथा निकायहरुको लागी ३३ अर्व ८५ करोड ६० लाखको | स्रोत अनुमान समितिको वैठक वसी आगामी आर्थिक वर्षको लागि आम्दानीको स्रोतको पहिचान गरी विषयगत मन्त्रालयलाई कार्यक्रम तथा वजेटको सिमा तयारी गरी पठाउने गर्ने गरिएको छ। यससम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिम वार्षिक बजेट तर्जुमा मार्गदर्शन तयार गरी विषयगत निकायलाई बजेट तयारीको चरणमै पठाउने र सोको | बस्तुनिष्ठ आधारमा बजेटको सिमा निर्धारण गरी सो को कार्यान्वयन गर्ने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | वजेटको सिमा निर्धारण गरेकोमा आधार खुलाएको छैन। लेखा उत्तरदायी अधिकृतले वजेट सिमा र मार्गदर्शनको अधिनमा रही आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी प्रदेश नीति तथा योजना आयोगमा पठाउनुपर्ने व्यवस्थाको कार्यान्वयन भएको छैन। बस्तुनिष्ठ आधारमा वजेटको सिमा निर्धारण गरी सोको कार्यान्वय गर्न आयोगले अग्रसरता लिनुपर्दछ । | अभिलेख व्यवस्थित गर्ने गरिएको छ। लेखा उत्तरदायी अधिकृतले बजेट सीमा र मार्गदर्शनको अधिनमा रही आगामी वर्षको नीति तथा कार्यक्रम सहित वजेट प्रस्ताव तयार गरी आयोगमा पठाउने व्यवस्थालाई अवलम्वन गरिएको। | |
| ६ | **आयोजना बैङ्कः-** आयोगको काम कर्तब्य र अधिकारमा आयोजना बैङ्क सम्वन्धी काम गर्ने उल्लेख छ। आयोगले रु २ लाख ५८ हजार खर्च गरी प्रदेश आयोजना बैङ्क दिग्दर्शन, २०७९ तर्जुमा गरेतापनि आयोजना बैङ्क तयार गरेको छैन। राष्ट्रिय योजना आयोगको सहयोगमा प्रदेश आयोजना बैङ्क व्यवस्थापन सुचना प्रणाली प्रयोगमा ल्याउन काम भई रहेको आयोगले जानकारी गराएको छ। आयोजना छनौट तथा कार्यान्वयनलाई प्रभावकारी बनाउदै प्रदेश पञ्चवर्षिय योजनाले राखेको समृद्ध प्रदेश र सुखी प्रदेशबासीको | यस आर्थिक वर्षमा आयोजना वैंकमा योजना प्रविष्ट गर्न विद्यमान आयोजना बैंक दिग्दर्शनका व्यवहारिक चुनौती सम्बोधन गर्ने गरी आयोजना बैंक कार्यविधि तर्जुमा गरी योजना प्रविष्टी गर्ने गरी आयोजना बैंक सूचना प्रणालीलाई व्यवस्थित गरिएको छ। यसको पूर्ण रुपमा सञ्चालनको लागि जनशक्ति तालिम, मोडयुलको विकास लगायतका नीतिगत/ संस्थागत तयारी कार्य अगाडि बढाई राखिएको। | प्रदेश आयोजना बैंक दिग्दर्शन २०७९ बमोजिम आयोजना बैंक तयार गरी कार्यान्वयन गर्ने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | लक्ष्य प्राप्त गर्न तथा उपलव्ध स्रोत र साधनको अधिकतम र दक्षतापुर्वक उपयोग गर्न आयोजना बैङ्क तयार गरी कार्यान्वयन गर्नुपर्दछ। | | |
| * | **अनुगमन तथा बेरुजुः-**गत विगतका प्रतिवेदनमा अध्ययन अनुसन्धानको प्रतिबेदन, प्रदेश गौरवका आयोजनाहरुको अनुगमन प्रतिवेदन तयार नगरेको, प्रदेश विकास समस्या समाधान समितिको निर्णय कार्यान्वयन नगरेको लगायतका व्यहोरा औंल्याइएकोमा यस सम्वन्धमा सुधार भएको देखिएन। | अध्ययन अनुसन्धानको प्रतिवेदन गौरवका आयोजनाहरुको अनुगमन प्रतिबेदन तयार कार्यलाई सुधार गर्दै अगाडि वढाइएको।<br>**बेरुजुः-** लगती बेरुजुको रु ५८ हजार रहेकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट फर्छ्यौंट नभई सो बेरुजु बाँकी रहेको। | |

### ३.१० प्रदेश लोक सेवा आयोग

### ३.१०.१ महालेखा परीक्षकको छैटौं बार्षिक प्रतिवेदन (गण्डकी प्रदेश) २०८१

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| २ | **संगठन र कर्मचारी व्यवस्थापन-** आयोगमा कुल कर्मचारी दरबन्दी ४९ रहेकोमा ४० मात्र पदपूर्ति भई ९ पद रिक्त रहेको छ। दरबन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर पर्ने हुँदा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गरिनुपर्दछ। | हाल कर्मचारीहरुको पदपूर्ति भैसकेको र कार्य निरन्तर भएकोछ। | दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गर्ने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| ३ | **पाठ्यक्रम निर्माण-** प्रदेश लोकसेवा आयोग (कार्य सञ्चालन निर्देशिका), २०७८ को दफा ५ मा पाठ्यक्रम निर्माण सम्बन्धी व्यवस्था छ । आयोगले हालसम्म विभिन्न सेवा समुहका प्राविधिक र अप्राविधिक तर्फका चौथो तहदेखि एघारौं तहसम्म ८३ प्रकारका पदहरूको पाठ्यक्रम निर्माण गरेको छ। प्रदेशमा सृजना भएका पदहरूको लागि आवश्यक पाठ्यक्रम निर्माण गर्नुपर्दछ। | पाठ्यक्रम निर्माणको कार्य हाल प्रारम्भ भएकोछ। | महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्ने। |
| * | **बेरुजु —** नरहेको । | | |

### ३.११.१ महालेखा परीक्षकको छैटौं बार्षिक प्रतिवेदन (गण्डकी प्रदेश) २०८१

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| २ | **संगठन र कर्मचारी व्यवस्थापनः-** कार्यालयको स्वीकृत दरवन्दी ११ रहेकोमा ९ पदपूर्ति भई २ पद रिक्त रहेको छ। पदपूर्तिमध्ये ४ जना करारमा रहेका छन्। रिक्त दरबन्दी समयमानै पदपूर्ति हुनुपर्दछ। | कार्यालयको दरवन्दी ११ रहेकोमा सबै पदपूर्ति भएको। | दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गर्ने। |
| ३ | **बहस पैरवीः-** कार्यालयले २०७९।८० को वार्षिक प्रतिवेदन अनुसार गण्डकी प्रदेश सरकार र यस | यस आ.व.का लागि जिम्मेवारी सरी आएका ९४ मुद्धाहरु र निरन्तर थपिने क्रम जारी रहेको र नियमित रुपमा प्रभावकारी | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | मन्त्रालय/आयोग/सचिवालयको जवाफ | समितिको निर्देशन |
|---|---|---|---|
| | अन्तर्गतका कार्यालयहरूलाई विपक्षी बनाई दर्ता गरिएका उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, निषेधाज्ञा अदालतको अवहेलना रिट निवेदन तथा अन्य १६२ मुद्दाको लगत रहेकोमा कार्यालयले यस वर्ष प्रदेश र मातहत निकायको तर्फबाट ४३ मुद्दाको बहस पैरवी गरेको छ। | प्रतिनिधित्व भैरहेको। | |
| | **बेरुजुः-** आ व २०७८/७९ को सञ्चार महशुल रु११७३२ भुक्तानी गर्दा बिल संलग्न नरहेको। | बिल म.ले.प.डोर समक्ष पेश गरी सम्परीक्षण भएको। | |

# निष्कर्ष र सुझाव

## ३.१. महालेखापरीक्षकको प्रतिवेदनका सम्बन्धमा समितिको निष्कर्ष र सुझाव

स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न प्रदेशले आवश्यक नीति तथा कानून तर्जुमा गरी सोअनुसार संगठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन तथा परिचालन लगायतका कार्यहरू गर्नुपर्दछ । प्रदेश सरकारको कार्य सञ्चालनमा आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

### नीतिगत तथा कानुनी व्यवस्था

**१. नीति निर्माण** - प्रदेश सरकारको कार्य जिम्मेवारी पूरा गर्न विभिन्न मन्त्रालय तथा निकायसँग सम्बन्धित दीर्घकालीन तथा अल्पकालीन नीति निर्माण र सोको कार्यान्वयनको लागि वित्तीय एवम् अन्य स्रोतसाधन व्यवस्थापन गरी अनुगमन समेत गर्नुपर्दछ ।

**२. कानून तर्जुमा** - प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका प्रदेशको एकल तथा साझा अधिकार सूची अनुसारका आवश्यक सबै कानून तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ ।

**३. कानून कार्यान्वयन** - प्रचलित कानूनको पालना मार्फत आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता एवम् कार्यान्वयन पारदर्शिता कायम गर्नुपर्दछ । कर्मचारी एवम् पदाधिकारीलाई कानून पालना गर्न सजग र जिम्मेवार बनाउनुपर्दछ ।

**४. सेवा/सुविधा** - प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन अनुसार तोकिएका सेवा/सुविधा मात्र प्रदान गर्ने विषयलाई कडाइका साथ पालना गर्नुपर्दछ। कानूनमा व्यवस्था नगरी पदाधिकारी तथा कर्मचारीलाई सुविधा प्रदान गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

### संगठन तथा मानव संसाधन व्यवस्थापन

**५. संरचना हेरफेर** - प्रदेश मन्त्रालयहरूको संख्या तथा संरचना पटक-पटक थपघट हुँदा कार्य जिम्मेवारीमा समेत हेरफेर भएको छ। जसका कारण प्रशासनिक खर्च बढ्नुका साथै जनशक्ति एवम् भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाई हुने तथा जिम्मेवारी र जवाफदेहिता कमजोर हुने लगायतका समस्या देखिएकोले यसमा सुधार हुनुपर्दछ।

**६. मानव संशाधन व्यवस्थापन** - प्रदेश तहमा यथा समयमा दरबन्दी बमोजिम जनशक्तिको पदपूर्ति हुन नसकेकोले विषयगत र विकास निर्माण लगायतका कार्यसम्पादन गर्न दक्ष प्राविधिक जनशक्ति कमी रहेको छ । तसर्थ दरबन्दीअनुसार पदपूर्ति गरी सेवा प्रवाह तथा कार्यसम्पादन प्रभावकारी बनाउनु पर्दछ ।

**७. संगठन संरचना** - संघीय तथा स्थानीय तहबाट सम्पादन हुने कार्यका लागिसमेत प्रदेश छुट्टै कार्यालय स्थापना गरेका कारण संगठन संरचनामा दोहोरोपना देखिएको छ । संघ, प्रदेश र स्थानीय तहबीच काममा दोहोरोपना नहुने गरी संगठन संरचना निर्माण गर्नुपर्दछ । संगठन संरचना चुस्त र छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।

**८. सेवा प्रवाह** - सार्वजनिक सेवा प्रवाह मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न टोकन प्रणाली, विद्युतीय व्यवस्थापन प्रणाली, एकद्वार सेवा तथा हेल्पडेस्क व्यवस्थापन लगायतका व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ । सार्वजनिक तथा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ ।

**संघीयता कार्यान्वयन**

**९. अन्तरतह समन्वय** - नेपालको संविधानको धारा २३५ मा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानून बनाउने व्यवस्था छ। विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसार संघ, प्रदेश तथा स्थानीय तहबीच आयोजना तथा कार्यक्रम विभाजन गरी कार्यान्वयन गर्नुपर्दछ। कार्यक्रम सञ्चालन गर्दा संघ, प्रदेश र स्थानीय तहबीच दोहोरो पर्ने समस्या देखिएकोले आवश्यक समन्वय गरी यस्ता समस्या निराकरण गर्नुपर्दछ ।

**१०. प्रदेश समन्वय परिषद्**- प्रदेश तथा स्थानीय तहले गर्ने काम, कारबाहीमा नीतिगत सामञ्जस्यता, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोतसाधनको बाँडफाँट सम्बन्धमा समन्वय गर्न प्रदेश समन्वय परिषद्ले प्रभावकारी भूमिका निभाउनुपर्दछ ।

**बजेट व्यवस्थापन**

**११. बजेट तर्जुमा** - क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, सरोकारवालाको अपेक्षा तथा जनसहभागिता लगायतका पक्षमा ध्यान दिई कार्यान्वयनयोग्य बजेट तर्जुमा गर्नुपर्दछ ।

**१२. बजेट अनुशासन** - पूर्व अनुमान गर्न सकिने प्रयोजनका लागिसमेत अर्थ विविध वा अवण्डामा बजेट राखे र वर्षान्तमा रकमान्तर गर्ने परिपाटीबाट वित्तीय अनुशासन कमजोर हुने र वर्षान्तमा

भएका विकास निर्माण कार्यको गुणस्तरमा समेत समस्या आउन सक्ने हुँदा यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ।

**१३. विनियोजन दक्षता** - बजेटअनुसार खर्च हुन नसकेका कारण मन्त्रालयहरूको विनियोजन दक्षता सन्तोषजनक देखिदैंन । क्षमता विश्लेषण गरी बजेट विनियोजन तथा कार्ययोजना अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

**१४. अनुदान** - उपयोग उद्यमशीलता तथा क्षमता विकास, व्यवसायीकरण, आधुनिकीकरण, रोजगारी प्रवर्द्धन लगायतका आधारमा अनुदान प्रदान गर्नुपर्दछ । उत्पादन र उत्पादकत्व वृद्धि हुनेगरी नतिजामूलक क्षेत्रमा अनुदान दिने व्यवस्था गर्नुपर्दछ । अनुदान वितरणको मापदण्ड बनाई वितरित अनुदानको परिपालन बारे अनुगमन गर्नुपर्दछ । अनुदानबाट आम नागरिकले प्राप्त गर्ने सुविधा सुनिश्चित गर्नुपर्दछ ।

**१५. चालु खर्च नियन्त्रण** - प्रदेश सरकारको चालु खर्च वर्षेनी बढ्दै गएको देखिन्छ । छरितो सङ्गठन संरचना र कार्य प्रणाली तर्जुमा गरी चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्नु पर्दछ ।

**१६. आन्तरिक नियन्त्रण** - प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, दक्षतापूर्वक र प्रभावकारी ढंगबाट सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

**१७. आयोजना व्यवस्थापन** - प्रदेशले निहित सूचक र मापदण्डको आधारमा आयोजनाको प्राथमिकीकरण तया छनौट गर्नुपर्दछ। दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बजेट बीच सम्बन्ध हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। आयोजना बैंक तयार गरी सो भन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था गर्नुपर्दछ ।

**१८. परामर्श सेवा तथा प्रतिवेदन कार्यान्वयन** - संगठनको जनशक्तिबाट गर्न सकिने कार्य बाहा परामर्शदाताबाट गराउने प्रवृत्तिमा सुधार हुनु पर्दछ । सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी वार्षिक कार्यक्रम र बजेटसँग आबद्ध गर्नुपर्दछ ।

**खरिद व्यवस्थापन**

**१९. नर्म्स निर्माण** - कार्य एवम् परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तन अनुसार अद्यावधिक गर्नुपर्दछ। साथै स्वीकृत नर्म्सको पालना गरी खर्च गर्नुपर्दछ।

**२०. खरिद सम्झौता कार्यान्वयन** - खरिद कार्यको प्रारम्भिक चरणमा गरि सक्नु पर्ने जग्गा प्राप्ति, बाताबरणीय प्रभाव अध्ययन, अन्तर-निकाय समन्वय लगायतका कार्यहरू सम्पन्न भएपछि माग खरिद गर्नु पर्दछ । सम्झौता अनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई

कार्यान्वयन गर्ने, समयमा कार्य सम्पन्न नगरेकोमा क्षतिपूर्ति लिने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानूनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्न अनुगमनलाई प्रभावकारी बनाउने लगायतका कार्य गरी खरिद कार्य व्यवस्थित गर्नुपर्दछ ।

**२१. प्रतिस्पर्धा** - सार्वजनिक खरिदमा प्रतिस्पर्धा सिमित हुने गरी कामलाई टुक्रा पारी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। खरिदलाई प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणाली अवलम्वन गर्नुपर्दछ ।

**२२. उपभोक्ता समिति परिचालन** - सार्वजनिक खरिद नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्रा पारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिले निर्माण व्यवसायीबाट काम गराउने बोलपत्र प्रतिस्पर्धा गर्नुपर्ने कार्यसमेत उपभोक्ता समितिबाट गरे, गराएको देखिंदा यस्तो परिपाटी नियन्त्रण गर्नुपर्दछ ।

**२३. गुणस्तर परीक्षण** - सार्वजनिक निर्माण कार्य दिगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजनाअनुसार निर्माणमा प्रयोग हुने सामग्री र सम्पन्न निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने व्यवस्था अनिवार्य गर्नुपर्दछ। सम्पन्न आयोजनाको प्रभाव समेत मूल्याङ्कन गर्नुपर्दछ ।

**भौतिक पूर्वाधार विकास**

**२४. पूर्वाधार विकास** - प्रदेश मातहतका सबै जिल्लामा सडक, सिँचाइ, खानेपानी, पर्यटन, दूरसञ्चार, विद्युत, विद्यालय, स्वास्थ्य लगायतका पूर्वाधारको विकास हुने गरी श्रोत व्यवस्थापन गर्नुपर्दछ। त्यसैगरी प्रदेश राजधानी रहने स्थानमा भवन सहितका पूर्वाधार संरचनाको विकास गर्नुपर्दछ ।

**२५. जोखिम न्यूनीकरण** - विपद् व्यवस्थापन अन्तर्गत जोखिमको आंकलन, पूर्व तयारीको व्यवस्था, राहत तथा पुनर्स्थापना एवम् पुनर्निर्माण र समन्यायीकरणको अवस्था निर्माण गर्न आवश्यक योजना र तयारीको कार्य गर्नुपर्दछ। सोका लागि आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

**सार्वजनिक स्रोत र सम्पत्ति संरक्षण**

**२६. सम्पत्ति व्यवस्थापन** - संघवाट प्रदेश तथा स्थानीय तहमा प्राप्त जिन्सी सामान, सवारी साधन, भवन लगायत हस्तान्तरण भएका सम्पत्ति तथा विद्यमान अन्य सम्पत्तिको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्नुपर्दछ। त्यसैगरी ऐतिहासिक, धार्मिक, सांस्कृतिक

तथा पुरातात्विक महत्वका सम्पदा लगायत अन्य सार्वजनिक जग्गा, भवन लगायतको सम्पत्तिको उचित अभिलेख राखी उपयोग र संरक्षण गर्नुपर्दछ ।

**राजस्व परिचालन**

**२७. आन्तरिक राजस्व** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क लगायतका क्षेत्रमा अध्ययन गरी राजस्वको दायरामा बढोत्तरी गर्नुपर्दछ। काममा व्यवस्था नगरी कर तथा शुल्कमा छुट दिने कार्य नियन्त्रण गर्नुपर्दछ ।

**२८. विभाज्य कोष** - संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत सङ्कलन भएको सबै राजस्व सम्वन्धित विभाज्य कोषमा जम्मा गरी समयमै बाँडफाँट गर्नुपर्दछ ।

**वित्तीय प्रशासन तथा आर्थिक अनुशासन**

**२९. आन्तरिक लेखापरीक्षण** - आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न पेशागत कार्यमा स्वतन्त्रता र समानता अभिवृद्धि गर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै सुधार गर्ने गरी निकायहरूले भूमिका खेल्नुपर्दछ ।

**३०. आचारसंहिता पालना** - सार्वजनिक जवाफदेहिताको पदमा बहाल पदाधिकारीका लागि प्रचलित कानूनमा उल्लेख भएका वातावरणीय व्यवस्था कडाइका साथ परिपालना एवम् सोको अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्दछ । सार्वजनिक पदाधिकारी वित्तीय पारिवारिक तथा व्यवसाय लगायतका स्वार्थ बाझिने क्रियाकलापमा संलग्न हुन नपाउने व्यवस्था गर्नुपर्दछ ।

**३१. प्रतिवेदन कार्यान्वयन** - आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदन र अन्य नियमनकारी निकायबाट पेश भएका प्रतिवेदनमा औंल्याइएका व्यहोराको सम्बन्धमा समयमा कारबाही टुङ्गो लगाई बार्षिक अनुशासन कायम गर्नु, गराउनु पर्दछ ।

**३२ अनुगमन र मूल्याङ्कन** - प्रदेशको वित्तीय प्रशासन वार्षिक अनुशासन सवल बनाउन अनुगमन, मूल्याङ्कन, जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।

उपर्युक्त अनुसारका नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रकियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट सार्वजनिक जवाफदेहिता, आर्थिक सुशासन तथा पारदर्शिता प्रवर्द्धन भई सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधारको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ।


# अनुसूची-१
## सार्वनजिक लेखा समितिमा रहनु भएका माननीय सदस्यहरु




**माननीय सुधिर कुमार पौडेल**
**सभापति**

## समिति सदस्यहरु


मा. कल्पना तिवारी


मा. खगराज अधिकारी
(मिति २०८०/६/२१ देखि २०८१/१२/२१)


मा. गोविन्द बहादुर नेपाली
(मिति २०८२/१/२ देखि हालसम्म)


मा. जित प्रकाश आले मगर
(मिति २०८१/८/४ देखि हालसम्म)


मा. जित बहादुर शेरचन


मा. टिकाकुमारी बस्याल


मा. दोर्ण कुमार कुँवर


मा.नन्दकला दमै नेपाली


मा. निर्मला थापा


मा. पञ्चराम गुरुङ


मा. बेद बहादुर गुरुङ
(मिति २०८१/८/४ देखि हालसम्म)


मा. भिमबहादुर कार्की


मा. रेशम बहादुर जुग्जाली
(मिति २०८१/८/४ देखि हालसम्म)


मा. सरस्वती गुरुङ


मा. सुशिला सिंखडा
(मिति २०८२/१/२ देखि हालसम्म)

## अनुसूची -२ सचिवालयका कर्मचारीहरु



**श्री हरिराज पोखरेल**
**प्रदेश सभा सचिव**



श्री प्रेम सुवेदी
समिति सचिव/उपसचिव
(मिति २०८०/६/२१ देखि २०८२/१/३ सम्म)



श्री हरि बहादुर खपाङ्गी मगर
समिति सचिव/उपसचिव
(मिति २०८२/१/७ देखि हालसम्म)



श्री पदमराज बराल
समिति कर्मचारी/लेखा अधिकृत आठौं



श्री चन्द्रकला बस्नेत
समिति कर्मचारी/अधिकृत छैठौं



श्री बिमल के.सी.
समिति कर्मचारी/नायब सुब्बा



श्री जागृती गिरी
समिति कर्मचारी/सहायक चौथों लेखा



श्री कल्पना त्रिपाठी
समिति कर्मचारी/माइक सञ्चालक



श्री धन बहादुर प्याकुरेल
कार्यालय सहयोगी

# अनुसूची -२ सार्वजनिक लेखा समितिको बैठकका केही झलकरहरु




समितिको बैठक (पदाधिकारी तथा कर्मचारीहरु)



समिति बैठक (नायब महालेखा परीक्षक र गण्डकी प्रदेश अन्तर्गत विभिन्न निकायहरुका लेखा उत्तरदायी अधिकृतहरु सहित)




संघीय संसद, प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिका माननीय सभापति श्री ऋषिकेश पोखरेल तथा समितिका माननीय सदस्यहरुसँग गण्डकी प्रदेश सभा, सार्वजनिक लेखा समितिका सभापति माननीय सुधिर कुमार पौडेल तथा समितिका माननीय सदस्यहरुबिच अन्तरक्रिया









लुम्बिनी प्रदेश र गण्डकी प्रदेश सार्वजनिक लेखा समितिबीच अन्तरक्रिया तथा अनुभव आदान प्रदान कार्यक्रम पश्चात् सामुहिक तस्विर



गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डे तथा प्रमुख सचिवको उपस्थितिमा सम्बन्धित कार्यालयको बेरुजुको विषयमा छलफल